सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ चैत २०८१, सोमबार (17 Mar 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३३० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

प्रहरीमा हस्तक्षेप बढाएर बिदा हुँदै आइजिपी कुँवर

सरुवा-बढुवामा मात्र नभई कुँवरले अनुसन्धानमा पनि राजनीतिक हस्तक्षेप भित्र्याएको पूर्वप्रहरी अधिकारीको टिप्पणी



मेरो कार्यकालमा धेरै 'क्राइसिस' आए, जति गर्न सकेँ सन्तुष्ट छु

● वसन्तबहादुर कुँवर, प्रहरी महानिरीक्षक

(विस्तृत पृष्ठ ३)

लय गुमाएको स्ववियु



अग्रलेख

● प्रकाश जैशी

(पृष्ठ ४)

■ उद्योगी-प्राधिकरण विद्युत् महसुल बक्यौता विवाद

ऊर्जामन्त्रीले बनाएको समितिबाट काम नगराउन सर्वोच्चको अन्तरिम आदेश



ऊर्जामन्त्री दीपक खड्काले गरे सञ्चालक समितिको बैठक स्थगित

(विस्तृत पृष्ठ ६)

संसद्मै सत्तारूढ काग्रेसका प्रमुख सचेतक श्याम घिमिरेको प्रस्ताव

यौन व्यवसायलाई व्यवसायीकरण गरेर पर्यटक बढाऔँ



मैले त बारम्बार भन्ने गरेको छु, यौन व्यवसायलाई व्यवसायीकरण गरौं । जसले यो मुलुकमा पर्यटकको संख्यालाई बढाउनेछ । खासगरी धार्मिक पर्यटकले खर्च कम गर्छन् । एडभेन्चरको पर्यटक थोरै मात्रामा हुन्छन् । संसारमै सबैभन्दा बढी पर्यटक हुने भनेको मनोरञ्जनकै हो । त्यसलाई हामीले आकर्षण गर्न सकियो भने यो मुलुकको आर्थिक विकास हुन्छ । यो कुरा विपक्षीले उठाइदिएको भए क्या काइदा हुने थियो ।

(समाचार पृष्ठ २)

भ्रष्टाचारबाट जोडेको खुमबहादुरको सम्पत्ति जोगाएर ६ जनाको मात्रै जफत गर्ने निर्णय

व्यवस्थामाथिको जनआक्रोश नाकैमुनि पुग्दा पनि शासकहरूलाई खुमबहादुरको भ्रष्टाचारको सम्पत्ति जोगाउने चिन्ता



● भरतमणि रिजाल
सहसचिव, गृह मन्त्रालय

खुमबहादुर खड्काको परिवारको सम्पत्ति जफतसम्बन्धी प्रस्ताव कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट नआएकाले निर्णय नभएको हो ।

नवराज मैनाली/नयाँ पत्रिका

गृहमन्त्री रमेश लेखकले सर्वोच्च अदालतबाट भएको भ्रष्टाचारसम्बन्धी मुद्दा फैसला कार्यान्वयनमा पक्षपातपूर्ण निर्णय लिएका छन् । कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काले भ्रष्टाचार बाट जोडेको घरजग्गा जोगाएर उनले अन्य पाँच पूर्वकर्मचारीसहित ६ जनाको सम्पत्ति मात्र जफतको निर्णय लिएका हुन् । फैसला कार्यान्वयनमा दबाब र चलखेलसमेतले नेपाल हालै सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट'मा परेको छ ।

शुक्रबार गृहमन्त्री लेखकले भ्रष्टाचार मुद्दामा दोषी ठहर पाँच पूर्वकर्मचारी तथा सम्पत्ति शुद्धीकरण मुद्दामा दोषी ठहर एक व्यक्तिको घरजग्गा जफत गर्ने निर्णय गरेका छन् । खड्काको फैसला कार्यान्वयनको फाइल तयार भए पनि लेखकले राजनीतिक आस्थाका आधारमा सम्पत्ति जफतको निर्णय लिएनन् । यो मुद्दाको १२ वर्षदेखि फैसला कार्यान्वयन हुन सकेको छैन ।

३० साउन ०६९ मा सर्वोच्चले खड्काको परिवारको नाममा रहेको सानेपाको डेढ रोपनी जग्गासहितको घर र सँगै रहेको अर्को जग्गाबाट थप २० लाख ९२ हजार रुपैयाँबराबरको सम्पत्ति जफत हुने फैसला गरेको थियो । तर, उनको फैसला कार्यान्वयनमा लगातार राजनीतिक प्रभाव परेको छ ।

गृह मन्त्रालयका सहसचिव भरतमणि रिजालले खुमबहादुर खड्काको परिवारको सम्पत्ति

» पृष्ठ २ मा क्रमशः

■ कांग्रेस पूर्वउपसभापति खड्काले भ्रष्टाचारबाट जोडेको सानेपास्थित डेढ रोपनी जग्गा र घर जफत गर्न ०६९ मै सर्वोच्चको आदेश





०४६ पछि खुमबहादुर खड्का कांग्रेसका शक्तिशाली नेता थिए । गिरिजाप्रसाद कोइराला महामन्त्रीदेखि सभापति हुँदा पनि खड्का विश्वासपात्र थिए । त्यतिबेला खड्का, चिरञ्जीवी वाग्ले, गोविन्दराज जोशी र विजय गच्छदारको शक्तिशाली गठजोड थियो । संयोगले चारैजनामाथि भ्रष्टाचारको आरोप लाग्यो । गच्छदारबाहेकका तीनजना त अदालतबाटै दोषी ठहर भए । ०५६ मा शेरबहादुर देउवाले पार्टी विभाजन गर्दै नेपाली कांग्रेस (प्रजातान्त्रिक) गठन गर्दा खड्कालाई महामन्त्री बनाए । अदालतबाट भ्रष्टाचारी ठहर नहुनजेलसम्म निरन्तर मन्त्री बन्ने नेतामध्ये एक थिए खड्का । यसबिचमा उनले भ्रष्टाचारबाट अथाह सम्पत्ति जोडे । सानेपामा जोडेको डेढ रोपनीभन्दा धेरै जग्गा र घर जफत गर्न सर्वोच्चको १२ वर्षअघि नै फैसला गरेको थियो ।

■ **क-कसको जफत भयो ?** गृह मन्त्रालयले नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष दिवंगत रामाज्ञाप्रसाद चतुर्वेदीको काठमाडौं महानगर- ३३, पेप्सिकोलाको दुई रोपनी ११ आना जग्गामध्ये आधा । जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक आमोदानन्द मिश्रको लाजिम्पाटस्थित आठ आना दुई पैसा जग्गा र त्यसमा बनेको घर, आन्तरिक राजस्व विभागका पूर्वनिर्देशक मुरारीबहादुर कार्कीको काठमाडौंको सिनामंगलस्थित १० आना तीन पैसा क्षेत्रफलको जग्गा र त्यसमा बनेको घर । मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्काको काठमाडौं कोटेश्वरमा रहेको दुई रोपनी तीन आना दुई पैसा दुई दाम जग्गा र भन्सारका पूर्वनायब सुब्बा दिवंगत केदारनाथ ढुंगानाको ललितपुर महानगर- ५, थसिखेलस्थित दुई रोपनी सात आना तीन पैसा जग्गा ।

■ गृहमन्त्री लेखकको दबाबमा रोकियो फाइल

● कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका एक कर्मचारी भन्छन्-

'गृहमन्त्रीले चाहे एकैदिनमा जफतको निर्णय हुन सक्छ । फाइल तयार छ, उहाँकै कारण रोकिएको हो ।'

कांग्रेस पूर्वउपसभापति खुमबहादुर खड्काले भ्रष्टाचार गरेर जोडेको ललितपुरको सानेपास्थित घरजग्गा जफत गर्न सर्वोच्च अदालतले १२ वर्षअघि ०६९ साउनमै फैसला दिएको थियो । तर, राजनीतिक प्रभावले अहिलेसम्म फैसला कार्यान्वयन हुन सकेको छैन । कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले खड्काको सम्पत्ति जफत नगर्नका लागि विगतदेखि नै राजनीतिक दबाब झेल्दै आएको छ । दुई वर्षअघि पनि विभागले प्रक्रिया अघि बढाउँदा राजनीतिक दबाबकै कारण रोकिएको थियो । यसपटक त कांग्रेसकै नेता रमेश लेखक गृहमन्त्री छन्, नेतृत्वको निर्देशनअनुसार उनले जफत प्रक्रियामा आलटाल गरेको स्रोतको दाबी छ ।



'गृहमन्त्रीले चाहने हो भने एकैदिनमा जफतको निर्णय हुन सक्छ,' कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका एक कर्मचारीले भने, 'सबै फाइल तयार छ, उहाँकै कारण रोकिएको हो ।' सर्वोच्चबाट जफत गर्नुपर्ने भनेर फैसला भएको सानेपाको सो घरजग्गा हाल खुमबहादुरकी पत्नी शिला तथा छोरा अनुरागले प्रयोग गर्दै आएका छन् । अनुराग कांग्रेसका तर्फबाट लुम्बिनी प्रदेश सभा सदस्य छन् ।

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थीले भने सर्वोच्चको फैसलाअनुसार खुमबहादुरको परिवारको नाममा रहेको सम्पत्ति पनि जफतको गृहकार्य भइरहेको दाबी गरे । 'सो फैसला कार्यान्वयनका लागि पनि गृहकार्य भइरहेको छ,' उनले भने, 'एक-दुई हप्तामै यससम्बन्धी प्रस्ताव गृह मन्त्रालय लैजान्छौं ।'

■ बिमा सुधार सुझाव कार्यदल प्रतिवेदन

स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना गर्दै आकार र प्रिमियम दर बढाउन सुझाव

शिवहरि घिमिरे/नयाँ पत्रिका

बिमा सुधार सुझाव कार्यदलले स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचना गर्दै हुनेबाट लिएर नहुनेलाई उपचारको लाभ दिने रणनीति अवलम्बन गर्न सरकारलाई सुझाएको छ । प्रतिवेदनअनुसार यसो गर्दा वार्षिक ६६ अर्ब स्रोत सुनिश्चितता हुन्छ र यसले बिमा प्रभावकारी बनाउन सहयोग पुग्छ । कार्यदलले झन्डै डेढ महिनाअघि बुझाएको प्रतिवेदन आइतबार स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले सार्वजनिक गरेका छन् ।

स्वास्थ्य बिमाका स्रोत र यसको औचित्यतता औंल्याउँदै कार्यदलले बुझाएको १०९ पेजको प्रतिवेदनले बिमाको आकार र प्रिमियम दर पनि बढाउन सुझाव दिएको छ । बिमा प्रभावकारी बनाउन सबै प्रकारका सरकारी सेवामा रहेका कर्मचारी तथा निजी संगठित क्षेत्रमा कार्यरत रहेका कर्मचारीको वार्षिक तलबको १ प्रतिशत कर्मचारी स्वयंले र सोहीबराबरको रकम रोजगारदाताले स्वास्थ्य बिमा कोषमा बुझाउने व्यवस्था गर्न पनि कार्यदलको सुझाव छ ।

हाल स्वास्थ्य बिमाबापत नागरिकले एक लाखसम्म उपचार सुविधा पाउँछन् । नागरिकले तीन हजार पाँच सय रुपैयाँ तिरेपछि स्वास्थ्य बिमा गर्न सक्छन् । तर, अब उक्त उपचार सुविधा बढाउन कार्यदलको सुझाव छ । बिमाको थैली पाँच लाख बनाउनुपर्ने


» पृष्ठ २ मा क्रमशः



हाल रहेका ६६ लाख ६६ हजार ९३७ विपन्न घरपरिवारको प्रिमियम नेपाल सरकारले तिर्नुपर्ने पनि प्रतिवेदनले औंल्याएको छ । कार्यदलले यी परिवारको प्रिमियम तिर्न सक्ने आधारसमेत सरकारलाई सुझाएको छ । विपन्न घरपरिवारको प्रिमियम तिर्न सरकारले अब बिमा गर्दा प्रिमियमको स्ल्याब सातदेखि पन्ध्र हजारसम्म कायम गर्नुपर्ने सुझाव कार्यदलको छ । यसले वार्षिक ६६ अर्ब जुटाउन सम्भव हुने कार्यदल प्रतिवेदनमा छ ।

नवराज सुवेदी नेतृत्वका लागि अघि सारिएपछि राजावादीमा खैलाबैला

● १९ माघ ०६१ मा जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै तत्कालीन राजा ज्ञानेन्द्र शाहले सत्ता हत्याउँदा श्रीलंकामा बसिरहेका तुलसी गिरीलाई नेपाल झिकाएर आफू नेतृत्वको मन्त्रिमण्डलमा उपाध्यक्ष बनाएका थिए । अहिले फेरि राष्ट्रपति फालेर गद्दीमा फर्किन रहर गरिरहँदा पनि आन्दोलनको नेतृत्व गर्न राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष ८६ वर्षीय नवराज सुवेदीलाई अघि सारेका छन् । यो कुरा राजालाई काँध थाप्न सडकमा उत्रिएका सबै राजावादीलाई मन परेको छैन ।



नेतृत्व गर्ने विषयमा कसको के चाहना ?

राप्रपाले पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दको नेतृत्वमा मोर्चाबन्दी चाहेको छ । राप्रपा नेपाल संस्कृतिविद् डा. जगमान गुरुङको नेतृत्वमा सबै राजावादी अटाउने मोर्चाबन्दीको पक्षमा छ । २५ फागुनमा पूर्वराजा ज्ञानेन्द्रलाई स्वागत गर्न पुगेको समूहको जस राप्रपाले लिएकोमा दुर्गा प्रसाईंले भोलिपल्ट असन्तुष्टि पोखेका थिए । राजावादी समूह सञ्चालन गरेका पूर्वमन्त्री केशरबहादुर विष्ट पनि राप्रपालाई मान्न तयार भएनन् । राप्रपा नेपाल राप्रपाको नेतृत्व स्विकार्न तयार छैन । यही मेसोमा पूर्वराजा ज्ञानेन्द्रका निकट मानिएका ८६ वर्षीय नवराज सुवेदीले सबैलाई संयोजन गर्ने जिम्मा पाएको स्रोतको भनाइ छ । तर, उनको नेतृत्व मान्न धेरै राजवादी तयार देखिँदैनन् ।

शुरोजंग पाण्डे/नयाँ पत्रिका

राजतन्त्र पुनर्स्थापनाका लागि पूर्वराजावादीलाई एउटै छातामुनि संगठित गर्दै आन्दोलन अगाडि बढाउने प्रयास औपचारिकता नपाउँदै विवादित बनेको छ । मोर्चाको नेतृत्व कसले गर्ने र पूर्वराजा ज्ञानेन्द्र शाहको विश्वासपात्र को बन्ने भन्ने विषयमा राजावादीहरूबिच नै तीव्र मतभेद देखिएको छ ।


पूर्वराजा शाहले राष्ट्रिय पञ्चायतका पूर्वअध्यक्ष नवराज सुवेदीको नेतृत्वमा राजतन्त्र पुनर्स्थापनाका लागि मोर्चाबन्दी गर्दै आन्दोलन अगाडि बढाउने प्रयास गरेपछि संसद्को पाँचौं ठुलो शक्ति राप्रपाको नेतृत्वले अस्वीकार गर्ने संकेत दिएको छ । अध्यक्ष राजेन्द्र लिङ्देनले आह्वान गरेको आइतबारको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा पूर्वराजाले अघि सारेका ८६ वर्षीय सुवेदीको विपक्षमा राप्रपाका बहुसंख्यक वरिष्ठ नेता उभिएका छन् ।

राजतन्त्र पुनर्स्थापनाका लागि अहिले राप्रपा, राप्रपा नेपाल, विवादास्पद व्यवसायी दुर्गा प्रसाईं र पूर्वमन्त्री केशरबहादुर विष्टको समूह

» पृष्ठ २ मा क्रमशः

■ राप्रपा बैठकमै पक्ष-विपक्षमा बाझाबाझ

अध्यक्ष राजेन्द्र लिङ्देनले आह्वान गरेको आइतबारको केन्द्रीय कार्यसम्पादन समिति बैठकमा पूर्वराजाले अघि सारेका ८६ वर्षीय नवराज सुवेदीको विपक्षमा राप्रपाका बहुसंख्यक वरिष्ठ नेता उभिएका छन् । बैठकमा आठ सदस्यले धारणा राखेकामा लिङ्देनसहित पशुपतिशमशेर राणा, ज्ञानेन्द्रबहादुर शाही, ध्रुवबहादुर प्रधान, हरिबहादुर बस्नेत, ठाकुर शर्मा, भरत गिरी र उद्धव पौडेलले राप्रपाकै नेतृत्वमा आन्दोलन हुनुपर्ने पक्षमा मत राखेका थिए । नेताहरू डा. प्रकाशचन्द्र लोहनी, विक्रमबहादुर पाण्डे र धवलशमशेर राणाले भने पूर्वराजाको इच्छाअनुसार सुवेदीकै नेतृत्वमा अगाडि बढ्नुबाहेकको विकल्प नरहेको मत राखेका थिए ।



● **राजेन्द्र लिङ्देन**
अध्यक्ष, राप्रपा

राजसंस्था हाम्रो आस्थाको विषय हो । २५ फागुनमा हामीले लोप्रोफाइलमा बसेर राजालाई स्वागत गर्‍यौं । दुर्गा प्रसाईं राजाको पछि लागेर हात हल्लाउँदै हिँड्दा पनि हामी चुपचाप रह्यौं । तर, अरू दललाई हाम्रोविरुद्ध मोर्चाबन्दी गर्ने अवसर दिनुहुँदैन । गणतन्त्र पक्षधरहरू हाम्रो विरोधमा मोर्चाबन्दी गर्ने अवस्थामा पुगे भने राम्रो हुँदैन । नवराज सुवेदी नेतृत्वमा आन्दोलनको मोर्चा बनाउने चर्चा छ । उहाँहरू पार्टी अध्यक्षलाई बाइपास गरेर छलफल गरिरहेको सुनेको छु । उहाँले नै यसबारे स्पष्ट भन्नुपर्छ ।

● **डा. प्रकाशचन्द्र लोहनी**
नेता, राप्रपा

अहिलेका लागि सबैलाई उपयुक्त हुने गरी जुन नेतृत्व अगाडि सारिएको छ, त्यो ठिक छ । उहाँ (नवराज सुवेदी)कै नेतृत्वमा अगाडि बढ्नुपर्छ । पार्टीका पूर्वघोषित कार्यक्रमहरू अघि बढाऔं ।



राप्रपा नेपालका अध्यक्ष कमल थापाले सुवेदीका विषयमा मुख नखोले पनि सकारात्मक छन् । महामन्त्री राजाराम बर्तौला भन्छन्, 'जसले नेतृत्व लिए पनि हामीलाई फरक पर्दैन ।'

उपभोक्ता अदालतमा पहिलो दिन नै तीन उजुरी

अजित अधिकारी/नयाँ पत्रिका

शनिबार मात्रै उद्घाटन गरिएको उपभोक्ता अदालतमा पहिलो दिन आइतबार नै तीन उजुरी दर्ता भएका छन् । चाँदीको मूर्ति खरिदमा ठगी भएको, अस्पतालको लापरबाहीका कारण बिरामीको मृत्यु भएको र सवारीसाधनको मर्मतमा लापरबाही भएको भन्दै क्षतिपूर्ति मागदाबी गरेर परेका उजुरी दर्ता भएका हुन् ।

तीनै उजुरी दर्ताका लागि उपभोक्ता हित संरक्षण मञ्चका पदाधिकारीले समन्वय गरेका छन् । मञ्चका महासचिव विष्णु तिमिल्सिनाका अनुसार चाँदीको मूर्ति खरिद गर्दा ठगिएको महसुस गरेपछि उपभोक्ता साताभित्रै फिर्ता गर्न जाँदा विक्रेताले आधा मात्रै रकम दिएको घटनामा उजुरी दर्ता भएको छ । उनका अनुसार ललितपुरको गोदावरी नगरपालिका- १३ बस्ने सावित्री खत्री थापाले विशालबजारको स्वस्तिक सिल्भर प्यालेसबाट २५ फागुनमा १.१

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ तीन महिनाभित्र मुद्दा छिनोफानो गर्नुपर्ने प्रावधानका कारण छिटो न्यायसम्पादन हुने अपेक्षा



त्रिपुरेश्वरस्थित उद्योग विभागपरिसरमा कार्यालय रहेको अदालतको अध्यक्षमा जिल्ला अदालत काठमाडौंका न्यायाधीश रामप्रसाद शर्मा छन्

चाँदी किन्दा ठगिएको, अस्पतालको लापरबाहीले मृत्यु भएको र मर्मत गर्न दिएको गाडी फिर्ता नपाएको भन्दै क्षतिपूर्ति माग

उजुरी १ ललितपुरको गोदावरी नगरपालिका- १३ बस्ने सावित्री खत्री थापाले विशालबजारको स्वस्तिक सिल्भर प्यालेसविरुद्ध उजुरी दर्ता गरेकी छिन् । गत २५ फागुनमा १.१ तोला चाँदीको मूर्ति चार हजार ६ सय रुपैयाँमा खरिद गरेकोमा प्रचलित बजार मूल्यभन्दा बढी लिएर ठगिएको महसुस गरेपछि एक साताभित्रै १ चैतमा फिर्ता गर्न गएको, तर ज्याला, जर्तीलगायत कट्टा गरी दुई हजार दुई सय २५ मात्रै फिर्ता दिएको भन्दै ३५ हजार सात सय क्षतिपूर्ति मागेर उजुरी दिएकी हुन् ।

उजुरी २ गत ५ माघमा बाथरुममा लडेर घाइते भएका काठमाडौं महानगरपालिका- ३ का ९८ वर्षीय हरिहरप्रसाद गौतमको उपचारमा चाबहिलस्थित ओम अस्पताललले चिकित्सकीय लापरबाही गर्दा मृत्यु भएको भन्दै छोरा वसन्तले अस्पतालसँग पाँच करोड क्षतिपूर्ति मागेर उजुरी दर्ता गरेका छन् । एक्स-रे गर्दा फ्याक्चर देखिए पनि चिकित्सकले नदुख्ने औषधि दिएर पठाएको, तर चार दिनसम्म दुखाइ कम नभएपछि १० माघमा ह्याम्स अस्पताल लैजाँदा फ्याक्चरको उपचार गर्न ढिलाइ भएको जानकारी त्यहाँका चिकित्सकले दिएको र त्यसपछि घरमै उपचार गर्ने क्रममा मृत्यु भएको भन्दै वसन्तले आर्थिक, मानसिक र शारीरिक हानिबापत क्षतिपूर्ति मागदाबी गरेका छन् ।

उजुरी ३ ललितपुर- १८ सिद्धिविनायक टोल बस्ने रामसागर यादवले ७ माघ ०८० मा खरिद गरेको सुजुकी ग्रान्ड भिटारा कार गत असोजको बाढी घरमै पस्दा डुबाएको, मर्मतका लागि विक्रेता कम्पनी सिजी मोटो कर्पको सर्भिस सेन्टरमा दिए पनि अहिलेसम्म फिर्ता नपाएको र विकल्पमा नयाँ कार पनि नपाएको भन्दै खरिद मूल्य ६२ लाख ६९ हजार मागदाबीसहित उजुरी दर्ता गरेका छन् ।

गिरीबन्धुसम्बन्धी परमादेश कार्यान्वयन नगरी ल्याएको भूमि अध्यादेश मुद्दामा प्रधानमन्त्रीको जवाफ-

अध्यादेशको परीक्षण अदालतमा नभएर संसद्मा हुन्छ

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले अध्यादेशको परीक्षण अदालतमा नभएर संसद्मा हुने दलिल पेस गरेका छन् । ओलीले संसद्बाट परीक्षण भइनसकेको विषय उठाई 'अवहेलनामा कारबाही गरिपाऊँ, पदमुक्त गरिपाऊँ, न्यायिक टिप्पणी गरिपाऊँ' भनी परेको निवेदन खारेजभागी रहेको पनि दाबी गरेका छन् ।

प्रधानमन्त्री ओली (प्रधानमन्त्री कार्यालय)का तर्फबाट सचिव फणीन्द्र गौतमले २३ फागुनमा सर्वोच्चमा लिखित जवाफ पेस गर्दै भनेका छन्, 'अध्यादेश जारी गर्ने भनेको कानुनको निर्माण र संशोधनसँग सम्बन्धित हुन्छ । अध्यादेशको अन्तिम परीक्षण संसद्बाट हुन्छ । संसद्बाट परीक्षण भइनसकेको विषय उठाई अवहेलनामा कारबाही गरिपाऊँ, पदमुक्त गरिपाऊँ, न्यायिक टिप्पणी गरिपाऊँ भनी पर्न आएको निवेदन खारेजभागी छ ।'

संवैधानिक इजलासले २४ माघ ०८० मा हदबन्दीभन्दा बढी जग्गा सरकारको नाममा ल्याउन तीनबुँदे परमादेश जारी गरे पनि प्रधानमन्त्री ओली र भूमिसुधारमन्त्री बलराम अधिकारीले परमादेश कार्यान्वयनमा अनवरत रूपमा अवरोध गर्दै आएको' भन्दै अधिवक्ता ओमप्रकाश अर्याल दुवैलाई विपक्षी बनाएर अवहेलना मुद्दा लिएर सर्वोच्च पुगेका थिए । तर, ओली र अधिकारीलाई विपक्षी बनाउँदा सर्वोच्च अदालतका सहरजिस्ट्रारले अवहेलना मुद्दा दरपीठ (दर्ता अस्वीकार) गरिदिएका थिए । विपक्षीबाट नाम हटाइएपछि मात्र २८ माघमा अवहेलना दर्ता भएको थियो ।

अधिवक्ता अर्यालले फैसलाको पूर्णपाठ आएको एक वर्ष पुग्न लाग्दा पनि सरकारले परमादेश कार्यान्वयन नगरी पुनः सरकारी जग्गा बाँड्ने अध्यादेश (भूमिसम्बन्धी अध्यादेश) ल्याएको अवहेलना मुद्दामा उल्लेख गरेका थिए । जसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र भूमिसुधार मन्त्रालयलाई विपक्षी बनाइएको छ । तर, प्रधानमन्त्री ओलीले भने अदालतको आदेश पालन गर्नु भन्नुको अर्थ एकपटक अदालतले व्याख्या गरेको कानुनको कुनै दफा वा भाग संशोधन वा खारेज हुँदैन भन्ने अर्थमा लिन नमिल्ने जिकिर गरेका छन् ।

'अदालतले विद्यमान कानुनको व्याख्या गर्ने हो । तर, विधायिकालाई विधेयक पारित गर्ने क्रममा अदालतबाट व्याख्या भएको विषयमा बोल्ने वा परिवर्तन गर्ने अधिकार स्वतः समाप्त हुने भन्ने हुँदैन । त्यसरी नै ऐनसरह लागू हुने अध्यादेश जारी हुन सक्दैन भन्ने पनि होइन । जारी भएको अध्यादेश वा पारित भएको कानुन संविधानसँग बाझिएमा धारा १३३(१) बमोजिम आदेश गर्ने अधिकार अदालतमा रहन्छ । त्यसैले नेपालको संविधानमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको सिद्धान्त राखिएको हो । एउटा संवैधानिक अंगलाई अर्को अंगविरुद्ध काम गर्न उक्साउने र राज्यका निकायबिच द्वन्द्व सिर्जना गरी अन्य कसैको हितमा काम गर्ने-गराउने उद्देश्यबाट दायर निवेदन औचित्यहीन छ,' जवाफमा भनिएको छ ।

सरकारले कानुन नै बनाएर गिरीबन्धु टी-इस्टेटको हदबन्दी छुटको ३४४ बिघा जग्गा सट्टापट्टा गर्न पाउने निर्णय गरिदिएको थियो । संवैधानिक इजलासले सरकारको निर्णय बदर गरेर जग्गा तुरुन्त सरकारको नाममा ल्याउन भनेको हो । यद्यपि, यो जग्गा गिरीबन्धुकै स्वामित्वमा छ ।

२ माघमा लगानी सहज गर्न अध्यादेश जारी गरिएको जिकिर गरिएको छ भने 'यसमा पनि अध्यादेशको दफा १२ (छ) को व्यवस्था घरजग्गा व्यवसायको हदबन्दी छुट दिनेसँग सम्बन्धित' रहेको उल्लेख छ । 'सरकारको स्वीकृति लिई खरिद गरेको हदबन्दीभन्दा बढी जग्गा विशेष गरी घरजग्गा व्यवसाय गर्ने ठुलो निजी परियोजना सञ्चालनका लागि आफैँले लगानी गरी खरिद गरेको जग्गा बिक्री गर्न नपाउने अवस्थालाई अन्त्य गर्न यी प्रावधान राखिएको हो,' जवाफमा भनिएको छ, 'अध्यादेशको यस व्यवस्था र विपक्षीले उल्लेख गरेको मुद्दासँग कुनै सम्बन्ध छैन ।' विपक्षी खण्डमा नाम उल्लेख नभएको व्यक्ति (प्रधानमन्त्री ओली)लाई पेटबोलीमा कारबाहीको माग गरी गलत नियत राखी निवेदन दायर गरेको जिकिर गरिएको छ । अदालतको अवहेलनाजस्तो कसुर कुनै निकाय वा संस्थाले नभई प्राकृतिक व्यक्तिले गर्न सक्ने कसुर रहेको जवाफमा भनिएको छ ।

अधिवक्ता अर्यालले अदालत प्रशासनको कामकारबाहीप्रति असन्तुष्टि पोखे । 'प्रधानमन्त्री ओली र भूमिमन्त्री अधिकारीलाई विपक्षी बनाएर अवहेलना दायर गर्न खोज्दा सर्वोच्च प्रशासनले दरपीठ गर्‍यो । उहाँहरूको नामको ठाउँमा प्रधानमन्त्री कार्यालय र भूमिसुधार मन्त्रालय लेखेपछि मुद्दा दर्ता गरिएको थियो,' अर्यालले भने, 'अहिले विपक्षीले लिखित जवाफमा अदालतको अवहेलना संस्था वा निकायले नभई व्यक्तिले गर्ने कसुर हो भनेर जवाफ दिनुभएको छ ।'

सर्वोच्चको संवैधानिक इजलासले हदबन्दीभन्दा बढी देखिएको र चिया उद्योगको काममा उपयोग नरहेको प्रत्यर्थी गिरीबन्धु टी-इस्टेटका नाममा रहेको जग्गा नेपाल सरकारको नाममा प्राप्त गर्नू भने पनि कार्यान्वयन गराउनुको साटो बदनियतपूर्वक अवज्ञा गरेको, फैसला कार्यान्वयन हुन नदिएको तथा अवरोध खडा गरेको निवेदनमा छ । प्रधानमन्त्री ओली र भूमिमन्त्री अधिकारीले गरेको कार्य सर्वथा अनुचित, गैरकानुनी तथा गैरसंवैधानिक मात्र नभई प्रथम दृष्टिबाटै अदालतको अवहेलनायुक्त कसुर भएको दाबी अधिवक्ता अर्यालको छ । त्यस्तै, भूमि मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले म्याद गुजारेर जवाफ बुझाएका छन् । उनले पनि गलत नियतले दायर निवेदन खारेजीको माग गरेका छन् । गौतमले झैँ उनले पनि जवाफमा निवेदनको व्यहोरा 'मन्त्री बलराम अधिकारी र प्रधानमन्त्री केपी ओलीप्रति आक्रामक र पूर्वाग्रहपूर्ण' रहेको उल्लेख गरेका छन् ।

■ संसद्मै सत्तारूढ कांग्रेसका प्रमुख सचेतकको प्रस्ताव

यौन व्यवसायलाई व्यवसायीकरण गरेर पर्यटक बढाऔँ

काठमाडौं / कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले यौन व्यवसायलाई व्यवसायीकरण गरेर पर्यटक बढाउनुपर्ने प्रस्ताव गरेका छन् । आइतबार प्रतिनिधिसभाको बैठकमा विशेष समयमा बोल्दै घिमिरेले यौन व्यवसायलाई व्यवसायीकरण गरे पर्यटकको संख्यासमेत बढ्ने दाबी गरेका हुन् ।

धार्मिक पर्यटकले कम खर्च गर्ने तर्क गर्दै घिमिरेले भने, 'मैले त बारम्बार भन्ने गरेको छु, यौन व्यवसायलाई व्यवसायीकरण गरौँ । जसले यो मुलुकमा पर्यटकको संख्यालाई बढाउनेछ । खासगरी धार्मिक पर्यटकले खर्च कम गर्छन् । एडभेन्चरको पर्यटक थोरै मात्रामा हुन्छन् । संसारमै सबैभन्दा बढी पर्यटक हुने भनेको मनोरञ्जनकै हो । त्यसलाई हामीले आकर्षण गर्न सकियो भने यो मुलुकको आर्थिक विकास हुन्छ । यो कुरा विपक्षीले उठाइदिएको भए क्या काइदा हुने थियो ।' सरकारले ल्याएका प्रतिस्थापन विधेयकमा यौन व्यवसाय व्यवसायीकरणको विषय समेट्नुपर्नेमा छुटेको भन्दै उनले असन्तुष्टिसमेत जनाए ।

घिमिरेले धार्मिक क्षेत्रहरू पशुपतिनाथ, मुक्तिनाथजस्ता धार्मिक क्षेत्रमा मदिरा र मासुजन्य पदार्थलाई प्रतिबन्ध लगाए पनि मनोरञ्जनका लागि छुट्टै ठाउँ तोकेर यसको व्यावसायिक विकास गर्नुपर्ने प्रस्ताव पनि गरे । 'धार्मिक क्षेत्रमा पूर्ण रूपले मदिरा, मासुजन्य पदार्थ प्रतिबन्ध गर्नुपर्छ । तर, हामीले व्यावसायिक रूपमा यसको विकास पनि गर्नुपर्छ । त्यसका लागि निश्चित ठाउँ तोकेर जानुपर्छ । मदिराका लागि छुट्टै, मनोरञ्जनका लागि पनि छुट्टै ठाउँको व्यवस्था गर्नुपर्छ ।'

उपभोक्ता...

पृष्ठ १ बाट क्रमशः

तोलाको चाँदीको मूर्ति चार हजार ६ सय रुपैयाँमा खरिद गरेकी थिइन् । प्रचलित बजार मूल्यभन्दा बढी दर लिएको आशंकामा उनले १ चैतमा फिर्ता गर्न लैजाँदा सिल्भर प्यालेसले आधा रकम काटेर दुई हजार दुई सय २५ रुपैयाँ मात्रै दिएको उजुरीमा उल्लेख छ । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १४ उपदफा १ मा साताभित्रै वस्तु फिर्ता गर्न खोजे विक्रेताले लिनुपर्ने, अन्यथा उपभोक्ताले क्षतिपूर्ति दाबी गर्न पाउने व्यवस्था छ । सोही व्यवस्थाअनुसार कुल ३५ हजार सात सय क्षतिपूर्ति दाबी गर्दै थापाले उजुरी दिएकी हुन् ।

त्यस्तै, काठमाडौं- १३ का वसन्त गौतमले चाबहिलस्थित ओम हस्पिटल एन्ड रिसर्च सेन्टरको चिकित्सकीय लापरबाहीले पिता हरिहरप्रसादको मृत्यु भएको भन्दै पाँच करोड क्षतिपूर्ति दाबी गर्दै उजुरी दर्ता गरेका छन् । गत ५ माघमा घरकै बाथरुममा लडेका हरिहरलाई उपचारका लागि ओम अस्पताल लगिएकोमा एक्स-रे गरेर हेर्दा सामान्य फ्याक्चर भन्दै नदुख्ने औषधि दिएर पठाएको उजुरीमा उल्लेख छ । तर, चार दिनसम्म दुखाइ कम नभएपछि ह्याम्स अस्पतालमा लगिएको र त्यहाँका डाक्टरले ओम अस्पतालको एक्स-रे रिपोर्टमा फ्याक्चर भएको प्रस्ट देखिए पनि उपचार गर्नुको सट्टा सामान्य औषधि मात्रै दिएर पठाउनु गल्ती भएको बताएका थिए । उपचार गर्न ढिलाइ भए पनि ह्याम्सका चिकित्सकसँगको सल्लाहमा हरिहरको घरमै उपचार गर्दा निधन भएको थियो । ओम अस्पतालले समयमै उपचार नगर्दा आफ्नो पिताको मृत्यु भएको भन्दै वसन्तले उपभोक्ता अदालतमा ओम अस्पतालविरुद्ध उजुरी दर्ता गरेका हुन् ।

त्यस्तै, ललितपुर- १८ सिद्धिविनायक कोलनी बस्ने रामसागर यादवले ७ माघ ०८० मा खरिद गरेको सुजुकी ग्रान्ड भिटारा कार असोजको बाढीले डुबान पारी बिगारेको र मर्मत गर्न दिएको पाँच महिनासम्म पनि सिजी मोटो कर्पबाट कार पाउन नसकेको उजुरी दर्ता गरेका छन् । विभिन्न बहाना बनाएर कार मर्मत नगरेको र नयाँ कारसमेत नदिएकाले खरिद मूल्य ६२ लाख ६९ हजार रुपैयाँ फिर्ता मागदाबी गर्दै उजुरी दिएका छन् ।

अधिवक्तासमेत रहेका मञ्चका महासचिव तिमिल्सिनाका अनुसार उजुरी दर्ता भएपछि विपक्षीलाई लिखित कारण पेस गर्न अदालतले आदेश दिनेछ । लिखित आदेशपछि दुवै पक्षका वकिलहरूले बहस गर्नेछन् ।

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
धनगढी, कैलाली

सीप परिक्षणका लागि आवेदन आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८१/१२/०४

यस निर्देशनालयको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय सीप परीक्षण समिति, सानोठिमी, भक्तपुर मार्फत सीप परीक्षण गर्ने कार्यक्रम रहेकोले विगतमा विभिन्न निकायबाट विभिन्न पेशाहरूमा सीपमूलक तालिम लिएका र सीप परिक्षण हुन नसकेका ईच्छुक नेपाली नागरिकहरूले देहायका कागजातहरू संलग्न राखी यस निर्देशनालयमा वा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरूमा वा निर्देशनालयको ईमेल ठेगाना (udyognirdeshanalaya.kailali@gmail.com) मा १५ दिनभित्र (**मिति २०८१/१२/१८ गतेसम्म**) आवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदनको ढाँचा यस निर्देशनालयको वेबसाइट diccw.sudurpashchim.gov.np बाट डाउनलोड गर्नहुन वा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयबाट प्राप्त गर्नहुन अनुरोध छ ।

आवेदकले पेश गर्नुपर्ने कागजातहरू :

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी (स्पष्ट देखिने),
२. तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी,
३. दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति (इमेल मार्फत आवेदन दिनेको हकमा आवेदनसँगै कअबल गरी पठाउन सकिनेछ) ।

आवदेकको न्यूनतम योग्यता :

१. तालिमको हकमा :

तह १ को लागि कम्तिमा ३९० घण्टाको आधिकारिक निकायबाट तालिम प्राप्त ।

तह २ को लागि सम्बन्धित विषयमा १ वर्षको (कम्तिमा ६०० घण्टाको प्रत्यक्ष र ८०० घण्टाको कार्यगत) आधिकारिक निकायबाट तालिम प्राप्त ।

२. अनुभवको हकमा :

तह १ को लागि सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा १ वर्षको कार्यानुभव भएको ।

तह २ को लागि सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तिमा ३ बर्षको कार्य अनुभव भएको वा सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उतीर्ण भई सम्बन्धित व्यवसायमा कम्तिमा १ बर्षको कार्य अनुभव भएको,

नोट : अनुभवको हकमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी संस्था वा अर्धसरकारी संस्था वा नेपाल सरकारमा दर्ता प्यान वा भ्याट नं. प्राप्त निजी रोजगारदाता संस्था/उद्योग व्यवसायीले सम्बन्धित पेशा/व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाएको अवधि सहितको पत्रको स्व - प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ । १६ वर्ष उमेर पुगेपछिको अनुभवको प्रमाणपत्र मात्र मान्ने हुनेछ ।

थप जानकारीको लागि सम्पर्क: ०९१-५२०५१३,९८५८४८८९९७, ९८४८५६६०८७

भ्रष्टाचारबाट...

पृष्ठ १ बाट क्रमशः

जफतसम्बन्धी प्रस्ताव कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट नआएकाले निर्णय नभएको दाबी गरे । राजनीतिक दबाबकै आधारमा खड्काको सम्पत्ति जफत प्रक्रिया अघि नबढेको गृह मन्त्रालयसम्बद्ध उच्च स्रोत बताउँछ । कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका महानिर्देशक सुरेश पन्थीले सर्वोच्चको फैसलाअनुसार खुमबहादुरको परिवारको नाममा रहेको सम्पत्ति पनि जफतको गृहकार्य भइरहेको बताए । 'सो फैसला कार्यान्वयनका लागि पनि गृहकार्य भइरहेको छ,' उनले भने, '१/२ हप्तामै यससम्बन्धी प्रस्ताव गृह मन्त्रालय लैजान्छौँ ।'

विगतदेखि नै विभागले खड्काको सम्पत्ति जफतका लागि राजनीतिक दबाब झेल्दै आएको छ । दुई वर्षअघि पनि विभागले प्रक्रिया अघि बढाउँदा राजनीतिक दबाबकै आधारमा रोकिएको थियो । यसपटक पनि कांग्रेसकै गृहमन्त्री भएकाले जफत प्रक्रियामा आलटाल गरिएको छ ।

'गृहमन्त्रीले चाहने हो भने एकैदिनमा जफतको निर्णय हुन सक्छ,' कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागका एक कर्मचारी भन्छन्, 'सबै फाइल तयार छ, अनिच्छाकै कारण रोकिएको हो ।' सर्वोच्चबाट जफत गर्नुपर्ने भनेर फैसला भएको सानेपाको सो घरजग्गा हाल खुमबहादुरकी श्रीमती शिला तथा छोरा अनुरागले प्रयोग गर्दै आएका छन् । अनुराग कांग्रेसका तर्फबाट लुम्बिनी प्रदेश सभा सदस्य छन् । फैसलाअनुसार २० लाख ९२ हजार रुपैयाँबराबरको सम्पत्ति कसरी जफत गर्ने भन्नेमा विगतमा अन्योलता थियो । त्यो विषय पनि सर्वोच्च अदालतबाट प्रस्ट भइसकेको छ । बाँकी डेढ रोपनी जफतका विषयमा कुनै समस्या नभएपछि राजनीतिक दबाबकै आधारमा रोकिँदै आएको छ ।

क-कसको जफत भयो ?

गृह मन्त्रालयले नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष दिवंगत रामाज्ञाप्रसाद चतुर्वेदी, जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक दिवंगत आमोदानन्द मिश्र, आन्तरिक राजस्व विभागका पूर्वनिर्देशक मुरारीबहादुर कार्की, मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्का र भन्सारका पूर्वनायब सुब्बा दिवंगत केदारनाथ ढुंगानाको काठमाडौं उपत्यकामा रहेको घरजग्गा जफत गर्ने निर्णय गरेको छ । उनीहरूले गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेकोमा सर्वोच्च अदालतबाट जफत हुने भनेर अन्तिम फैसला भइसकेको छ । तर, लामो समयसम्म फैसला कार्यान्वयन हुन सकेको थिएन । कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागबाट प्रस्ताव अघि बढाइएको तीन महिनापछि बल्ल निर्णय भएको हो ।

चतुर्वेदीको काठमाडौं महानगरपालिका- ३३, पेप्सिकोलामा रहेको दुई रोपनी ११ आना जग्गामध्ये आधा जफत हुने निर्णय भएको छ । त्यहाँ हाल 'इजी फुटसल' सञ्चालनमा छ । सर्वोच्चले २१ भदौ ०६८ मै उनको मुद्दामा फैसला गरेको थियो । चतुर्वेदीविरुद्ध अख्तियारले २९ माघ ०५९ मा ६ करोड ९१ लाख ८२ हजार ५३५ रुपैयाँ गैरकानुनी सम्पत्ति आर्जन गरेको अभियोगमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उनको सम्पत्तिमध्ये पेप्सिकोलाको जग्गा र पर्सा जिल्लाको साबिक रामगढवा- ४ (हाल वीरगन्ज महानगरपालिका- २४) मा रहेको पाँच कट्ठा जग्गा पनि जफत हुने फैसला अदालतबाट भएको छ । उनको परिवारको नाममा रहेको पर्सा जिल्लाको जग्गा भने जफत भएको छैन ।

यस्तै, आन्तरिक राजस्व विभागका पूर्वनिर्देशक मुरारीबहादुर कार्कीको काठमाडौंको सिनामंगलस्थित १० आना तीन पैसा क्षेत्रफलको जग्गा र त्यसमा बनेको घर पनि जफतको निर्णय भएको छ । कार्कीले हाल सो घरजग्गा शिक्षान्तर मन्टेसरी प्रि-स्कुललाई भाडामा लगाएर आम्दानी गर्दै आएका छन् ।

अकुत सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले उनलाई दोषी ठहर गरी २ असार ०६९ मै सो घरजग्गा जफत हुने ठहर गरेको थियो । तर, सरकारी निकायलाई प्रभावमा पारी उनले जफतको प्रक्रिया लम्ब्याउँदै आएका थिए । विभागको निर्देशक रहेकै वेला ०६३ असोजमा अख्तियारले उनलाई पक्राउ गरी विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । जफत हुने उनको सो घरजग्गा श्रीमती शकुन्तला कार्कीको नाममा छ ।

जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक आमोदानन्द मिश्रको लाजिम्पाटस्थित आठ आना दुई पैसा जग्गा र त्यसमा बनेको घरसम्बन्धी फैसला पनि बल्ल कार्यान्वयनमा गएको छ । सर्वोच्चले २ फागुन ०७३ मै मिश्रको मुद्दामा फैसला गर्दै सो घरजग्गा जफत हुने ठहर गरेको थियो । मिश्रका छोरा अजितकुमारको नाममा रहेको यो घरजग्गा उनको परिवारले भाडामा लगाएर आम्दानी गर्दै आएको थियो ।

मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्काको काठमाडौं कोटेश्वरमा रहेको दुई रोपनी तीन आना दुई पैसा दुई दाम जग्गा पनि जफतको निर्णय भएको छ । खड्काले भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्तिबाट सो जग्गा खरिद गरेको ठहर सर्वोच्चबाट १३ असार ०६९ मा भएको थियो । ललितपुरको जग्गा जफतको निर्णय भएपनि उनको महोत्तरीको बहादुरगन्जस्थित दुई कट्ठा १० धुर जग्गा जफतको फैसला भने कार्यान्वयन हुन सकेको छैन ।

भन्सारका पूर्वनायब सुब्बा दिवंगत केदारनाथ ढुंगानाको ललितपुर महानगरपालिका- ५, थसिखेलस्थित कित्ता नम्बर २०४ र १२१ को दुई रोपनी सात आना तीन पैसा जग्गा पनि जफत भएको छ । २ जेठ ०७४ मा सर्वोच्चले ढुंगानाको अकुत सम्पत्ति आर्जनसम्बन्धी मुद्दामा फैसला सुनाउँदै दोषी ठहर गरेको थियो । ललितपुरको सो जग्गामा हाल महालक्ष्मी पार्टी प्यालेसको पार्किङ र ट्याम्पो चार्जिङ स्टेसनको व्यापार चलिरहेको छ । उनको चितवनको भरतपुरस्थित एक कट्ठा जग्गा तथा त्यसमा बनेको घर पनि जफत हुने फैसला भएकोमा त्यसको पनि कार्यान्वयन प्रक्रिया अघि बढ्न सकेको छैन ।

त्यस्तै, आतंकवादी गतिविधिबाट नेपालमा सम्पत्ति आर्जन गरेका भारतीय नागरिक निरञ्जन होजाईले काठमाडौंको जोरपाटीमा किनेको १२ आना जग्गा र त्यसमा बनेको घर जफतको प्रक्रिया पनि रोकिएको छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दामा सो घरजग्गा जफत हुने फैसला १० वर्षअघि नै भएको थियो । होजाईसँग विवाह गरेकी नेपाली नागरिक सरिता गिरीको नाममा सो घरजग्गा छ । होजाई भने हाल भारतीय जनता पार्टीका नेता बनेका छन् । फैसलाको वर्षौँसम्म पनि यी घरजग्गा कसुरदारले नै प्रयोग गर्दै आएको विषय नयाँ पत्रिकाले उजागर गरेपछि जफतको प्रक्रिया अघि बढेको थियो । जफतको निर्णय भएका सबै घरजग्गा सरकारको नाममा ल्याइने र सरकारी प्रयोजनमा प्रयोग गरिने गृह मन्त्रालयका सहसचिव भरतमणि रिजालले बताए ।

नवराज...

पृष्ठ १ बाट क्रमशः

सतहमा आए पनि एजेन्डा र आन्दोलनको नेतृत्वलाई लिएर उनीहरूबिच ठुलो विवाद छ । उनीहरू सबैले आफ्नो दल वा समूहको नेतृत्वमा राजतन्त्र पुनर्स्थापनाको आन्दोलनमा जोड दिँदै एकले अर्काका नेतृत्व स्वीकार गर्न नसकिने अभिव्यक्ति दिएका छन् ।

केन्द्रीय कार्यसम्पादन समिति बैठकमा अधिकांश नेताले राप्रपाकै नेतृत्वमा मोर्चाबन्दी र आन्दोलन अगाडि बढाउनुपर्ने मत राखेका छन् । बैठकमा अध्यक्ष राजेन्द्र लिङ्देन र समितिमा रहेका सिनियर नेताहरूसहित पूर्वराजा ज्ञानेन्द्रले अगाडि सारेका नेता सुवेदी पनि सहभागी थिए, जहाँ नेताहरूबिच आन्दोलन र नेतृत्वको विषयमा फरक-फरक धारणा आएका छन् ।

बैठकमा अधिकांश नेताले लामो समयदेखि संवैधानिक राजतन्त्रसहितको लोकतन्त्र र हिन्दु राष्ट्रको मुद्दा उठाएर जनमतबाट संसद्मा समेत प्रतिनिधित्व गरिरहेको दल राप्रपाकै नेतृत्वदायी भूमिका कमजोर हुने गरी मोर्चाबन्दी र आन्दोलन सम्भव नहुने धारणा राखेका थिए । यस्तै, धेरैजसो नेताले व्यक्तिको सट्टा पार्टीलाई सर्वोपरि मानेर योजना र कार्यक्रम तय भए मात्र संवैधानिक राजतन्त्र पुनर्स्थापनाको आन्दोलन निष्कर्षमा पुर्‍याउन सम्भव हुने मत राखेका छन् ।

'राप्रपा जनताबाट निर्वाचित भएर अहिले संसद्मा प्रतिनिधित्व गर्ने पार्टी हो । संवैधानिक राजतन्त्रसहितको लोकतन्त्र र हिन्दु राष्ट्रको विचार बोक्दै आएको सबैभन्दा ठुलो पार्टी राप्रपा नै हो,' बैठकमा अधिकांश नेताले राखेको साझा मत उद्धृत गर्दै ती सदस्यले भने, 'लामो समयदेखि विभिन्न आरोह र अवरोहका बाबजुद अविचलित रूपमा जीवन्त ढंगले मुद्दा बोकेको पार्टी भएको नाताले व्यक्ति होइन, राप्रपाको नेतृत्वमा आन्दोलन हुनुपर्छ । व्यक्ति होइन, पार्टी नै सर्वोपरि हो भन्ने मत आएको छ ।'

बैठक आरम्भ गर्दै अध्यक्ष लिङ्देनले एउटा निचोडमा पुग्ने गरी मोर्चाबन्दी र आन्दोलनबारे खुलस्त धारणा राख्न आग्रह गरेका थिए । उनले लामो समयदेखि विभिन्न प्रहार खेपेर भए पनि एजेन्डाको नेतृत्व गरेर संसद्मा प्रतिनिधित्व गरिरहेको दल राप्रपामाथि प्रहार हुने ठाउँ दिएर अरू दललाई मोर्चाबन्दी गर्न दिन नहुने बताएका थिए ।

'राजसंस्था हाम्रो आस्थाको विषय हो । २५ फागुनमा हामीले लोप्रोफाइलमा बसेर राजालाई स्वागत गर्‍यौँ । दुर्गा प्रसाईं राजाको पछि लागेर हात हल्लाउँदै हिँड्दा पनि हामी चुपचाप रह्यौँ । तर, अरू दललाई हाम्रोविरुद्ध मोर्चाबन्दी गर्ने अवसर दिनुहुँदैन । गणतन्त्र पक्षधरहरू हाम्रो विरोधमा मोर्चाबन्दी गर्ने अवस्थामा पुगे भने राम्रो हुँदैन,' लिङ्देनले भने, 'नवराज सुवेदी नेतृत्वमा आन्दोलनको मोर्चा बनाउने चर्चा छ । उहाँहरू पार्टी अध्यक्षलाई बाइपास गरेर छलफल गरिरहेको सुनेको छु । उहाँले नै यसबारे स्पष्ट भन्नुपर्छ ।'

बैठकलाई औपचारिक रूप दिएलगत्तै लिङ्देनले पूर्वराजाबाट प्रस्तावित संयोजक सुवेदीलाई बोल्ने समय दिएका थिए । त्यसलगत्तै सुवेदीले पूर्वराजाको इच्छाअनुसार आफूले सबैलाई एक ठाउँमा ल्याएर आन्दोलन अगाडि बढाउनका लागि संयोजनको जिम्मेवारी पाएको भन्दै सहयोगका लागि आग्रह गरेका थिए ।

'मलाई डेढ वर्षदेखि यो जिम्मेवारी लिन भनिएको थियो । तर, म बुढो मान्छे, लौरो टेकेर हिँड्नुपर्छ, सक्दिनँ । लोकेन्द्रबहादुर चन्दलाई जिम्मा दिन खोजियो, तर उहाँले पनि स्वास्थ्यका कारण अस्वीकार गर्नुभयो । पशुपतिशमशेरजीलाई प्रस्ताव गरेँ, उहाँले पनि मान्नुभएन,' सुवेदीले बैठकमा सुनाएका थिए, 'अन्ततः फेरि मलाई नै नेतृत्व लिन भनियो । मैले राजेन्द्र लिङ्देन, कमल थापा, दुर्गा प्रसाईंलगायतका सबैसँग छलफल गरेँ । सोमबार दिउँसो बैठक बोलाएको छु । तर, यदि पार्टीकै नेताहरू उपस्थित भएनन् भने राम्रो संकेत हुँदैन । पार्टी अध्यक्ष बैठकमा सहभागी हुनुपर्छ ।'

तर, सुवेदीको प्रस्ताव अध्यक्ष लिङ्देनले घुमाउरो तरिकाले अस्वीकार गर्दै सोचौँला भन्दै प्रतिनिधि पठाउन सकिने जवाफ फर्काएका थिए ।

बैठकमा आठ सदस्यले धारणा राखेकोमा लिङ्देनसहित पशुपतिशमशेर राणा, ज्ञानेन्द्रबहादुर शाही, ध्रुवबहादुर प्रधान, हरिबहादुर बस्नेत, ठाकुर शर्मा, भरत गिरी र उद्धव पौडेलले राप्रपाकै नेतृत्वमा आन्दोलन हुनुपर्ने पक्षमा मत राखेका थिए । नेताहरू डा. प्रकाशचन्द्र लोहनी, विक्रमबहादुर पाण्डे र धवलशमशेर राणाले भने पूर्वराजाको इच्छाअनुसार सुवेदीकै नेतृत्वमा अगाडि बढ्नुबाहेकको विकल्प नरहेको मत राखेका थिए ।

कार्यसम्पादन समिति सदस्यसमेत रहेका नेता पाण्डेले सुवेदीकै नेतृत्वमा आन्दोलन अघि बढाउने विषयमा छलफल केन्द्रित भएको बताए । 'बैठक मंगलबार पुनः बस्नेछ । उहाँ (नवराज सुवेदी)लाई कसैले जबर्जस्ती नेतृत्वका लागि अघि सारेको होइन, बरु सबैले मान्ने वरिष्ठ नेता भएकाले नेतृत्व स्विकारेर जान सहज हुन्छ भन्ने धारणा बनेको छ,' पाण्डेले नयाँ पत्रिकासँग भने, 'उहाँको नेतृत्व सबैका लागि स्वीकार्य हुन सक्छ । अबदेखि आन्दोलनसम्बन्धी बैठक उहाँले बोलाएमा उपस्थित हुनुपर्ने दिशामा छलफल भइरहेको छ ।'

ज्ञानेन्द्र शाही सुवेदीको नेतृत्वका विपक्षमा कडा रूपमा प्रस्तुत भएका थिए । उनले सुवेदीलाई पूर्वराजा ज्ञानेन्द्रले नयाँ तुलसी गिरीका रूपमा नेतृत्वका लागि सार्न खोजेको दाबी गर्दै राप्रपाले नेतृत्व नगरे ०५९ र ०६१ मा जस्तै असफल बन्ने चेतावनी नै दिएका थिए । 'उहाँले जनतामा भिजेको मान्छेलाई टिपर (बोकेर) हिँड्नुपर्छ । ०५९ र ०६१ मा जनतामा भिजेको मान्छे र पार्टीलाई नचिनेर रणनीतिक त्रुटि भइसक्यो । त्यसबाट शिक्षा लिनुपर्ने आवश्यकता छ,' शाहीको भनाइ थियो, 'एउटा रणनीतिक त्रुटि भइसकेको अवस्थामा पार्टीलाई बाइपास गरेर अब हामीले अर्को रणनीतिक त्रुटि गर्नुहुँदैन । जनताले नयाँ तुलसी गिरीलाई स्विकार्दैनन् । उनको भर परेर आन्दोलन अघि बढाउने हो भने धोका हुन्छ । युवा पुस्तालाई मिनिमाइज्ड गरेर आन्दोलन सम्भव छैन । त्यसैले राप्रपाकै नेतृत्वमा आन्दोलनमा जानुपर्छ ।'

बैठकमा पूर्वअध्यक्ष राणाले पार्टीलाई विश्वासमा लिएर अगाडि बढ्दा मात्र आन्दोलन सफल हुने भन्दै संयोजनकारी धारणा राखेका थिए । 'सुवेदीजीलाई शुभकामना छ । तर, पार्टीमै खुला छलफल गरेर निष्कर्षमा पुगौँ । पार्टीलाई विश्वासमा लिएर मात्र अगाडि बढौँ । नेतृत्वका सवालमा बैठकले जे निर्णय गर्छ, त्यस आधारमा अगाडि बढौँ,' उनले भने, 'आन्दोलनका योजना र कार्यक्रम राप्रपाको बैठकले बनाउनुपर्छ । पार्टी निर्णयकै आधारमा अघि बढ्नुपर्छ ।'

अर्का नेता डा. लोहनीले भने सुवेदीकै नेतृत्वमा अगाडि बढ्नुपर्ने जिकिर गरेका थिए । 'अहिलेका लागि सबैलाई उपयुक्त हुने गरी जुन नेतृत्व अगाडि सारिएको छ, त्यो ठिक छ । उहाँ (नवराज सुवेदी)कै नेतृत्वमा अगाडि बढ्नुपर्छ,' लोहनीले भनेका थिए, 'पार्टीका पूर्वघोषित कार्यक्रमहरू अघि बढाऔँ ।'

डा. धवलशमशेर राणाले नवराज सुवेदीको नेतृत्वमा आन्दोलन हुनु पार्टीका लागि खुसीको विषय भएको बताए । 'हामी दुई-चार सिटका लागि मात्र पार्टी चलाउने ? हामीले के खोजेका हौँ ? अवसरहरू आउँदा जोखिम लिन किन हिचकिचाउने ? आन्दोलनको परिणाम के हुन्छ भन्न सक्दिनँ, तर यसले पार्टीलाई ठुलो बनाउने निश्चित छ,' उनले भने ।

अर्का नेता ठाकुरप्रसाद शर्माले आन्दोलन असफल भए त्यसको जिम्मेवारी कसको हुन्छ भन्दै प्रश्न गरे । 'आन्दोलनमा सहभागी हुने पात्रबारे मेरो आपत्ति छैन । तर, प्रक्रिया ठिक भएन । के राजाको नेतृत्वमा आन्दोलन गर्ने हो ? राजसंस्था पुनर्स्थापना भए पनि राजनीतिक दल आवश्यक पर्छ । सक्रिय राजतन्त्र फर्काउने योजना त छैन होला ?' उनले भने, 'राप्रपालाई अहिले नबिगारौँ । आन्दोलन सफल भए ठिकै छ, तर असफल भए यसको दोष कसले लिने ?'

नेता उद्धव पौडेलले कठिन अवस्थामा राजसंस्थाको मुद्दा स्थापित गर्न राप्रपाले खेलेको भूमिका अवमूल्यन गर्न नहुने बताए । यस्तै, हरिबहादुर बस्नेतले भने, 'राजालाई स्वागत गर्नेहरू पार्टीको झन्डा होइन । राष्ट्रिय झन्डा बोकेर आएका थिए । त्यसैले अहिले बनिरहेको वातावरण धमिल्याउने काम नगरौँ । नवराज सुवेदी नेतृत्वको आन्दोलनलाई सर्तविना स्वीकार गरौँ ।'

नेता ध्रुवबहादुर प्रधानले पार्टी र नेतृत्व कमजोर बनाएर आन्दोलन सम्भव नहुने बताए । 'हामी अहिले राजसंस्था पुनर्स्थापना गर्ने प्रयास गर्दै छौँ कि अन्त्य गर्ने ? पार्टी र नेतृत्वलाई कमजोर बनाएर आन्दोलन सम्भव छ ?' उनले भने, 'हाम्रो आन्दोलनलाई अन्तर्राष्ट्रिय समुदायले विश्वास गर्छ ?'

निरञ्जन थापाले पार्टी अध्यक्षलाई जानकारी नै नदिई आन्दोलन समिति कसरी बन्न सक्छ भनेर प्रश्न गरे । 'यसरी आन्दोलन सम्भव छैन,' उनले भने ।

स्वास्थ्य बिमा...

पृष्ठ १ बाट क्रमशः

कार्यदलको प्रतिवेदनमा छ । कार्यदलले विद्यमान स्वास्थ्य बिमा कार्यक्रम पुनर्संरचनाको आवश्यकतामा जोड दिएको छ । 'देशमा स्वास्थ्य सेवा सरल सहज सुलभ र सर्वव्यापी बनाई आमनागरिकको स्वास्थ्य उपचारमा हुँदै आएको खर्चलाई कम गर्दै लैजान तथा सरकारले स्वास्थ्य क्षेत्रमा गर्ने खर्चको उपयोग थप प्रभावकारी ढंगबाट गर्नका लागि विद्यमान स्वास्थ्य बिमा कार्यक्रमलाई पुनर्संरचना गर्नु आवश्यक छ, देशमा छरिएर रहेका स्वास्थ्य उपचार सहयोगका कार्यक्रमलाई एकीकृत गरी स्वास्थ्य बिमा बोर्डअन्तर्गत ल्याउनका लागि विभिन्न कानुनलाई एक साथ संशोधन गर्नु आवश्यक छ,' कार्यदलको प्रतिवेदनको निष्कर्ष खण्डमा भनिएको छ ।

आवश्यक कानुन संशोधन गरे बिमामार्फत स्वास्थ्य सेवा प्रभावकारी बनाउन सकिने र क्रमशः स्वास्थ्य बिमा बोर्ड आत्मनिर्भर हुन सक्ने प्रतिवेदनको निष्कर्ष छ । 'राज्यका विभिन्न निकायमार्फत उपलब्ध हुँदै आएका स्वास्थ्य सेवा सहयोग कार्यक्रमलाई एकीकृत गर्दा दोहोरोपनाको अन्त्य हुने, स्वास्थ्य बिमा बोर्डबाट प्रदान गरिने सेवाको दायरा तथा गुणस्तर वृद्धि हुने, बिमा सेवालाई सर्वव्यापी बनाउन सकिने, नागरिकको खल्तीबाट स्वास्थ्य उपचारका क्रममा हुने ठुलो खर्चको अन्त्य हुने, सक्नेले बढी तिर्ने न्यायिक प्रणाली स्थापित हुने र सरकारले प्रत्येक वर्ष स्वास्थ्य बिमा बोर्डलाई उपलब्ध गराउनुपर्ने बढ्दो खर्चमा उल्लेख्य कटौती भई निश्चित अवधिपश्चात् बोर्ड आत्मनिर्भर हुने अवस्था सिर्जना हुनेछ,' प्रतिवेदनको निष्कर्ष छ ।

कार्यदलले बिमा व्यवस्थित गर्नको तीन तहको सरकारको समन्वय जरुरी रहेको औँल्याएको छ । हाल तीन तहका सरकारले विभिन्न शीर्षकमा आ-आफ्नो ढंगबाट नागरिकलाई स्वास्थ्य उपचारमा अनुदान सहयोग प्रदान गर्दै आएका छन् । तर, त्यसो गर्दा बिमा झन् छरिएको र अव्यवस्थित भएको कार्यदलको ठहर छ । तीन तहका सबै कार्यक्रमलाई एकीकृत गरी स्वास्थ्य बिमा बोर्डअन्तर्गत ल्याउन कार्यदलले सुझाव छ ।

त्यस्तै, स्वास्थ्य बिमा बोर्डका पूर्वअध्यक्ष डा. गुणराज लोहनीले अहिलेकै तरिकाले स्वास्थ्य बिमा चलाउन नसकिने बताउँदै प्रिमियम बढाउनुपर्नेमा जोड दिए । कार्यदलका सदस्य तथा वरिष्ठ मुटुरोग विशेषज्ञ डा. भगवान कोइरालाले प्रिमियमको ७० प्रतिशत भारी सरकारकै काँधमा परेकाले यो निकै चुनौतीको विषय बनेको बताए । 'स्वास्थ्य बिमामा सोचेभन्दा बढी समस्या आइरहेका छन्,' उनले भने, 'प्रतिवेदनमा प्रशस्त मार्गनिर्देश गरेका छौँ । लागू भयो भने राम्रो हुन्छ ।'

स्वास्थ्यमन्त्री पौडेलले कार्यदल प्रतिवेदनअनुसार मन्त्रालयले गृहकार्य गर्ने बताए । 'एकद्वार प्रणालीमार्फत रकम खर्च हुने हो भने अहिले देखिएको आर्थिक अभाव हट्न सक्छ । यसतर्फ पनि हामी सचेत छौँ, तर सबैको प्रतिबद्धता चाहिन्छ,' उनले भने । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. विकास देवकोटाले बिमा कार्यक्रम निकै टड्कारोको विषय बनेको बताउँदै यसका समस्या र चुनौती थुप्रै रहेको बताए । 'स्वास्थ्य बिमामा कैयौँ समस्या छन्, अब प्रतिवेदन अघि बढाउँदै लैजान्छौँ,' उनले भने, 'तर, यो निकै चुनौतीको विषय हो । अब ३५ सय, पाँच हजार र १० हजार प्याकेजको दिएर ओपिडी र सर्जिकललगायतका सेवा दिनुपर्छ ।'

कार्यदलले गत पुस १५ गते प्रतिवेदन मन्त्री पौडेललाई बुझाएको थियो । १५ माघ ०८१ मा स्वास्थ्यमन्त्री प्रदीप पौडेलको उपस्थितिमा बिमा कार्यदलको प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई बुझाइएको थियो । तर, त्यसको डेढ महिनापछि मात्रै प्रतिवेदन सार्वजनिक भएको हो ।

प्रहरीमा हस्तक्षेप बढाएर बिदा हुँदै आइजिपी कुँवर

सरुवा-बढुवामा मात्र नभई कुँवरले अनुसन्धानमा पनि राजनीतिक हस्तक्षेप भित्र्याएको पूर्वप्रहरी अधिकारीकै टिप्पणी

नवराज मैनाली/नयाँ पत्रिका

पछिल्लो दुई वर्षमा नेपाल प्रहरीले धेरै 'हाई प्रोफाइल' अपराधको अनुसन्धान गऱ्यो। उच्चपदस्थ र प्रभावशाली व्यक्ति जोडिएका घटनाको अनुसन्धानले प्रहरीको साख उच्च हुनुपर्ने हो। तर, नेपाल प्रहरी यतिवेला इतिहासमै कमजोर बन्न पुगेको टिप्पणी पूर्वप्रहरी अधिकारीहरूले गरिरहेका छन्।

प्रभावशाली व्यक्ति जोडिएका घटनाको अनुसन्धानमा प्रहरीले आँट गरे पनि राजनीतिक हस्तक्षेपका कारण विवादमुक्त हुन नसक्दा प्रहरीको साख खस्किएको टिप्पणी हुने गरेको छ। गृह मन्त्रालयको ठाडो हस्तक्षेपमा सबैजसो ती 'हाई प्रोफाइल' घटनाको अनुसन्धानमाथि सार्वजनिक रूपमा प्रश्न उठेका छन्। सत्तापक्षले आफ्ना निकटस्थलाई जोगाउने तथा अन्यको हकमा अतिअपराधीकरण गरेको गम्भीर आरोप प्रहरीले झेल्नुपरेको छ।

यो अवधिमा हाई प्रोफाइल घटनाको अनुसन्धान प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरको नेतृत्वमा भयो। जुन दिन उनी प्रहरी महानिरीक्षक नियुक्त भएका थिए, त्यही दिन नक्कली भुटानी शरणार्थी प्रकरणका दुई बिचौलिया पक्राउ गरेर अनुसन्धान सुरु भएको थियो। सो घटनामा पूर्वमन्त्रीदेखि बहालवाला सचिवसम्म पक्राउ परे, तर त्यसको जस आइजिपी कुँवरले पाएनन्। उनलाई 'बाइपास' गरेर अनुसन्धान अघि बढाएको आरोप लाग्यो। पछि सरकारकै दबाबमा दोस्रो र तेस्रो चरणको अनुसन्धान फितलो बन्न पुग्यो। कतिसम्म भने सो प्रकरणका मुख्य बिचौलिया बेचन झा पक्राउ परेकै कारण अघिल्लो सरकार ढलेको आरोपसमेत लाग्यो।

कुँवरको कार्यकालमा धेरैवटा ठुला घटनाको अनुसन्धान भए। तर, त्यसमा उनले राजनीतिक दबाब झेल्न सकेनन्। सबैजसो अनुसन्धान सरकारको हस्तक्षेपबाट प्रभावित बने। सोमबारदेखि अवकाशमा जान लागेका कुँवरमाथि अनुसन्धानमा हस्तक्षेप भित्र्याएको आरोप लागेको छ।

कुँवरको कार्यकालमा नेपाल प्रहरीले नक्कली भुटानी शरणार्थीसहित बालुवाटार जग्गा हिनामिना, ब्रेक सुमा सुन तस्करी, बाँसबारी जग्गा हिनामिना, नेपाल बालमन्दिरको ठगी, प्रदेश मन्त्रीकै मिलेमतोमा भएको मानव तस्करी, उच्चपदस्थ जोडिएको सहकारी ठगीको अनुसन्धान गरेको थियो। सबैजसोमा प्रहरीले स्वतन्त्रापूर्वक अनुसन्धान गर्न पाएन। सरकार फेरिएसँगै प्रहरीको अनुसन्धान पनि ३०६ डिग्रीमा फेरिए।

बालुवाटारको जग्गा हिनामिनामा पूर्वप्रधानमन्त्रीलाई जोगाएको भन्दै आलोचना भयो। प्रहरीले पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईको घरमै पुगेर बयान कागज गरेको थियो। सो मुद्दामा प्रहरीले बहालवाला सचिव कृष्ण राउतलाई पक्राउ गरेकामा केही दिनमै छाडियो। जग्गा किन्नेलाई समेत पक्राउ गरेर थुनिएकोमा मुख्य व्यक्तिहरू भने पक्राउ नगरेपछि प्रश्न उठेको थियो। सुन तस्करी घटनाको अनुसन्धान पनि विवादमुक्त रहेन। विद्युतीय चुरोट (भेप)मा लुकाएर सुन तस्करी गर्ने समूहसँग माओवादी नेता कृष्णबहादुर महरा र उनका छोरा राहुलको सम्पर्क देखिएकोमा प्रहरीले सुरुमा उनीहरूसँग सोधपुछ नगरेकोमा पछि सो विषय उठेपछि मात्र अनुसन्धान गरेको थियो।

त्यस्तै, ब्रेक सुभित्र लुकाएर सुन तस्करी गरेको घटनामा पनि प्रहरीको अनुसन्धान निष्पक्ष नभएको भन्दै प्रश्न उठेपछि जाँचबुझ आयोग नै गठन गरियो। अनुसन्धानमा चलखेल गरेको भन्दै आयोगले सिआइबीका प्रमुखसहितलाई अधिकारीलाई कारबाही सिफारिस गऱ्यो।

सिआइबीले नै अनुसन्धान अघि बढाएका बाँसबारी छाला जुत्ता कम्पनी, बालमन्दिर तथा तत्कालीन सेञ्चुरी बैंकको ठगीजस्ता अनुसन्धानमा पनि प्रस्ट रूपमा गृह मन्त्रालयको छाया देखियो। बाँसबारी र सेञ्चुरी बैंकको ठगीमा दबाबकै आधारमा मुद्दा नचलाउने निर्णय भइसकेको छ। बालमन्दिरको मुद्दा पनि मुद्दा नचलाउने गरी प्रक्रिया अघि बढाइएको छ। मानव तस्करीमा जोडिएका पूर्वमन्त्री लीलाबल्लभ अधिकारी तथा बालश्रम शोषणमा मुछिएकी प्रदेश सांसद रेखा शर्माको मुद्दाको अनुसन्धान पनि प्रहरीले स्वतन्त्रतापूर्वक गर्न पाएन।

सहकारी ठगीसम्बन्धी मुद्दामा सत्तानिकटलाई जोगाउने र प्रतिपक्षलाई अधिक अपराधीकरणको आरोप प्रहरीमाथि लाग्दै आएको छ। जिबी राईले सञ्चालन गरेका सहकारीको रकम गोर्खा मिडियामार्फत खर्च गरेको आधारमा रास्वपा सभापति रवि लामिछानेलाई केन्द्रमा राखेर चार जिल्लामा मुद्दा दायर गरिएको छ। जबकि यो सरकार गठन भएको आठ महिना बित्दा पनि सहकारीका मुख्य आरोपी जिबी राईलाई प्रहरीले पक्राउ गरेको छैन। लामिछाने सहकारी ठगीमा प्रत्यक्ष संलग्नता नदेखिएपछि राजनीतिक प्रतिशोधका आधारमा संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा राजनीतिक प्रतिशोधका आधारमा लगाइएको समेत आरोप लागेको छ।

ललितपुरको मितेरी सहकारीको ठगीमा मुछिएका कांग्रेसकै उपसभापति धनराज गुरुङसँग प्रहरीले सामान्य सोधपुछ मात्र गरेर उन्मुक्ति दिने तयारी गरेको छ। रवि लाछिनेलाई प्रतिवादी बनाइएको काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको मुद्दामा सहकारी सञ्चालक रहेकी कांग्रेस सांसद माया राईलाई भने जोगाइएको थियो। त्यस्तै, सार्वजनिक लेखा समितिको सभापति रहेका एमाले नेता ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला मुछिएको मोरङको उमागौरी कृषि सहकारीको अनुसन्धान पनि विवादमा पऱ्यो। प्रहरीले अञ्जलालाई सामान्य सोधपुछसमेत नगरी मुद्दा दायर गरेको थियो। पछि उनी अदालतमा उपस्थित भएर छुटेकी थिइन्। यो अनुसन्धानमा पनि प्रहरी प्रस्ट रूपमा राजनीतिक दबाबमा परेको थियो। महानिरीक्षक कुँवरले तीनजना गृहमन्त्रीसँग काम गरे। उनी महानिरीक्षक नियुक्त हुँदा गृह मन्त्रालयको कार्यभार तत्कालीन प्रधानमन्त्री प्रचण्डले नै सम्हालेका थिए। पछि नारायणकाजी श्रेष्ठ, रवि लामिछाने र हालका गृहमन्त्री रमेश लेखकसँग उनले काम गरे। तीनै गृहमन्त्रीले आइजिपीलाई दबाबमा राखेर कतिपय घटनाको अनुसन्धानमा प्रभाव पारेको प्रहरी अधिकारीहरू बताउँछन्। लामिछाने गृहमन्त्री हुँदा कुँवरले राज्य व्यवस्था समितिमै गएर सहकारी ठगीमा उनको संलग्नता नदेखिएको बताएका थिए। पछि सरकार फेरिएलगत्तै पाँच जिल्ला घुमाएर उनलाई मुद्दा दायर गरेपछि कुँवर विवादमा परे।

एक उच्च प्रहरी अधिकारी भन्छन्, 'सरुवा-बढुवामा राजनीतिक हस्तक्षेप पहिलेदेखि नै हो, तर अनुसन्धानमा पनि यो तहको हस्तक्षेप पहिला देखिएको थिएन, नेतृत्वले अडान लिन नसक्दा अनुसन्धानको कमान्ड पनि गृहमा पुग्ने जोखिम बढेको छ।' प्रहरी महानिरीक्षक कुँवर भने प्रहरीले व्यावसायिकताकै साथ अनुसन्धान गर्दै आएको बताउँछन्।

■ धेरै विवाद, थोरै सुधार

महानिरीक्षक कुँवरको दुईवर्षे कार्यकालमा थोरै सुधारका काम भएका छन्। उनकै कार्यकालमा प्रहरी लिडरसिप एन्ड स्टाफ कलेज (एमपिएस) लागू गर्ने प्रक्रिया सुरु भएको छ। यसले प्रहरीको नेतृत्व विकासमा दूरगामी रूपमा सकारात्मक प्रभाव पार्ने प्रहरी अधिकारीहरू बताउँछन्। उनको कार्यकालमा अवकाशप्राप्त प्रहरीलाई पनि प्रहरी अस्पतालमा निःशुल्क उपचार गर्ने व्यवस्था गरियो।

सरुवासम्बन्धी मापदण्डमा केही सुधार गरी कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइयो। यद्यपि, सरुवा-बढुवामा पूर्ण रूपमा हाबी देखियो। प्रहरीका हरेकजसो बढुवा विवादमा परे। दुई महिनाअघिको एसपी बढुवामा दुई लट छुटाएर जुनियरलाई बढुवा गरिएको थियो। एक पूर्वप्रहरी अधिकारी दुईवर्षे कार्यकाल आइजिपी कुँवर हराएजस्तो भान भएको बताउँछन्। 'हरेक विषयमा सम्झौताको पराकाष्ठा देखियो,' ती अधिकारीले भने, 'आइजिपीले आफ्नो पदको अधिकार बुझ्न नसक्दा प्रहरी निरीह भएको छ, संगठनका राम्रा अधिकृतलाई जोगाउने काम हुन सकेन, सवर्त्र गृह मन्त्रालय हाबी भयो।'

कुँवरकै कार्यकालमा प्रहरीको नयाँ विधेयक संसद्मा पुगेको छ। तर, यसमा केही राम्रा प्रावधान भए पनि प्रहरी परिचालन गृह मन्त्रालयबाट गरिने प्रावधानले प्रहरीलाई झनै कमजोर बनाउने जोखिम छ। यसमा पनि प्रहरी नेतृत्वको भूमिका सशक्त हुन नसकेको पूर्वप्रहरी अधिकारीको टिप्पणी छ। आइजिपीमा नियुक्त भएलगत्तै उनले काजको विकृतिलाई रोक्ने अभियान चलाए। तराईका महत्त्वपूर्ण कार्यालयमा वर्षौंदेखि कार्यरत घुमुवालाई हटाएर संगठनमा शुद्धीकरण अभियान चलाउन सफल भए। तर, त्यो लामो समय टिक्न सकेन। तराईका जिल्लामा तस्करी नियन्त्रणमा पनि आइजिपी निरीह बनेको प्रहरी अधिकारीकै टिप्पणी छ।

कुँवर आर्थिक विवादमा भने मुछिएनन्। एक उच्च प्रहरी अधिकारी भन्छन्, 'उहाँका अनेक कमजोरी होलान्, तर व्यक्तिगत रूपमा उहाँले कुनै लोभ गरेको देखिएन।' यद्यपि, प्रहरीका खरिदमा ठेकेदारहरूको प्रभाव भने घटेन। कतिसम्म भने प्रहरीका ल्यावमा स्रोत-साधन नहुँदा एउटा रिपोर्ट आउन वर्ष दिन लाग्ने अवस्था हुँदा पनि प्रहरीको प्राथमिकता भने 'एआई बिजनेस टुल्स' खरिदमा देखियो।

तल्लो तहका प्रहरीको मनोबल बढाउन कुँवर असफल रहे। दर्जा बढ्दा पनि तलब घटेका प्रहरीका वरिष्ठ सइको तलब तीन वर्षसम्म समायोजन हुन सकेको छैन। दण्ड र पुरस्कारमार्फत संगठनलाई चलायमान बनाउनेतर्फ पनि आइजिपीको सक्रियता देखिएन।

मेरो कार्यकालमा धेरै 'क्राइसिस' आए, जति गर्न सकूँ सन्तुष्ट छु

● **वसन्तबहादुर कुँवर**, प्रहरी महानिरीक्षक



आफ्नो दुईवर्षे कार्यकाललाई कसरी मूल्यांकन गर्नुहुन्छ ?

दुई वर्षमा गर्नुपर्ने काम धेरै थिए, विविध कारणले गर्न सकिनँ होला। मेरो कार्यकालमा आएका धेरै 'क्राइसिस'लाई सफलतापूर्वक व्यवस्थापन गर्ने। आन्तरिक व्यवस्थापनमा सुधार भएका छन्। सरुवा मापदण्ड लागू गरियो। प्रहरी ऐन संसद्मा टेबुल भएको छ। एमपिएस पनि सुरु गर्न सफल भएका छौं। पूर्वप्रहरी कर्मचारीलाई पनि निःशुल्क उपचारको व्यवस्था गरिएको छ। कठिन अवस्थामा जे-जति गर्न सकें त्यसमा सन्तुष्ट छु।

ठुला मुद्दाको अनुसन्धानमा गृह मन्त्रालय हाबी हुँदै गयो भन्ने छ नि ?

नेपाल प्रहरीले व्यावसायिक आचरणअनुसार नै अनुसन्धान गरेको छ। अनुसन्धानका आन्तरिक विषयमा मैले धेरै बोल्न मिल्दैन। सरुवा-बढुवामा अत्यधिक राजनीतिक दबाब झेल्नुपरेकोमा अलिकति पीडा छ।

आफूले चाहेर पनि पूरा गर्न नसकेका केही योजना छन् ?

प्रहरी ऐनमा कतिपय विषय चाहेअनुसार भए, कति भएका छैनन्। आर्थिक अपराध अनुसन्धानका लागि छुट्टै ब्युरो स्थापना गर्ने योजना थियो। यो कसैको प्राथमिकतामा परेन। मुलुक अहिले आर्थिक अपराध र अनौपचारिक आर्थिक कारोबारको वरिपरि घुमिरहेको छ। देश ग्रे लिस्टमा पर्नुको कारण यो पनि हो। मैले धेरैपटक यस्तो ब्युरो बनाउँछु भनेर पनि बताएँ, तर राज्यको प्राथमिकतामा नपरेपछि सफल हुन सकिनँ। प्रहरी कल्याणका लागि मैले सेनामा जस्तै प्रहरी कल्याणकारी बोर्ड बनाएर पूर्वप्रहरीलाई समेत जिम्मेवार बनाएर यसलाई स्वतन्त्रपूर्वक सञ्चालन गर्ने प्रयास गरेको थिएँ, त्यो अधुरै रह्यो।

■ नयाँ आइजिपी नियुक्ति आज

सरकारले यसपटक पनि अन्तिम दिन मात्रै नयाँ प्रहरी महानिरीक्षकको टुंगो लगाउने भएको छ। सोमबारदेखि आइजिपी वसन्तबहादुर कुँवरले अवकाश पाउने भए पनि आइतबारसम्म नयाँ आइजिपीबारे कुनै निर्णय गरिएको छैन। सरकारले सोमबारै बस्ने मन्त्रिपरिषद् बैठकबाट नियुक्त गर्ने तयारी गरेको हो। ३१औं आइजिपीका लागि एआइजीहरू दीपक थापा, सुदीप गिरी र टेकबहादुर तामाङबिच प्रतिस्पर्धा छ। यो ब्याचबाट हुने आइजिपी १८ भदौ ०८२ सम्म करिब ६ महिना प्रहरी नेतृत्वमा रहनेछन्। नयाँ आइजिपीबारे समयमै निर्णय नहुँदा अस्वस्थ चलखेल हुने गरेको छ। सोमबार बेलुकादेखि आइजिपी कुँवरसहित नौ उच्च अधिकारीले एकैपटक अवकाश पाउनेछन्। एआइजीहरू टेकप्रसाद राई, बुद्धिराज गुरुङ, दुर्गा सिंह, कुबेर कडायत, जनक भट्टराई तथा डिआइजीहरू भोला रावल, अर्जुन चन्द र ध्रुवराज राउतले ३० वर्षे सेवाहदका कारण अवकाश पाउन लागेका हुन्।

'बिआरआई सामाजिक/आर्थिक क्षेत्रमा वैकल्पिक स्रोत'

काठमाडौं/ नेपाल र चीनका विषयविज्ञ सम्मिलित दुईदिने 'काठमाडौं डायलग'ले बेल्ट एन्ड रोड इनिसियटिभ (बिआरआई) नेपालका लागि वैकल्पिक स्रोत रहेको निष्कर्ष निकालेको छ। आइतबार सम्पन्न डायलगले नेपालको सामाजिक/आर्थिक क्षेत्रमा महत्त्वपूर्ण सहयोग गर्न सक्ने बिआरआई वैकल्पिक स्रोतका रूपमा उपयोग गरेर जान सकिने निष्कर्ष निकालेको हो। विश्वव्यापी परियोजनाका रूपमा हालको सबैभन्दा ठुलो परियोजना बिआरआई नेपालका लागि लाभकारी रहेको र नेपालले उपयोग गरेर जानुपर्नेमा जोड दिइएको छ। नेपाल र चीनबिच कनेक्टिभिटीलाई बहुआयामिक ढंगले विकास गर्नुपर्ने निष्कर्षसमेत निकालिएको छ। 'नेपाल र चीनबिच रेलवे, रोड, एयर, टेलिफोन, ट्रान्समिसनलगायत कनेक्टिभिटीको विकास गर्नुपर्छ,' डाइलगको समापन सत्रमा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले भने।

हावाहुरीले विद्यालय भवनको छानो उडायो

रुकुमपूर्व/ रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका-८ मा रहेको जनसहयोग माध्यमिक विद्यालय, रिवाङ चौरको भवनको छानो शनिबार रातिको हावाहुरीले उडाएको छ। हावाहुरीले भवनको छानाका दार भाँचिएसँगै जस्तापाता उडाउँदा करिब ६ लाखबराबरको क्षति भएको विद्यालयका प्रधानध्यापक गोकेन्द्रजंग मल्लले जानकारी दिए।

हावाहुरीका कारण विद्यालयमा सञ्चालन भइरहेको परीक्षा अवरुद्ध भएको थियो। तर, वैकल्पिक व्यवस्था गर्दै अर्को भवनमा परीक्षा सञ्चालन गरिएको उनले बताए। प्रधानाध्यापक मल्लका अनुसार विद्यालय भवन क्षतिग्रस्त भएकाले कक्षाकोठा अभाव भएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष काले मल्लले विद्यालयको क्षतिको विवरण संकलन गरेर चाँडै बैठक बस्ने र पुनर्निर्माण प्रक्रिया अघि बढाउने बताए।



संक्षेप

सगरमाथा संवादका लागि साढे चार सय विदेशीलाई निम्तो

काठमाडौं/ आगामी जेठमा हुने 'सगरमाथा संवाद'का लागि साढे चार सय विदेशी पाहुनालाई निम्तो दिइएको छ। 'जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य' थिममा २-४ जेठमा काठमाडौंमा हुने संवादका लागि सरकारले राष्ट्र प्रमुख, सरकार प्रमुख, परराष्ट्रमन्त्री, वनमन्त्री र विज्ञहरूसहितलाई निमन्त्रणा गरिएको आइतबार आयोजित पत्रकार सम्मेलनमा वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले बताए। तर, संवादमा सहभागी हुने राष्ट्र प्रमुख र सरकार प्रमुखबारे भने जानकारी दिइएको छैन। ढकालले संवादमा सहभागी हुनेको सूचीबारे परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गर्ने बताए।

एमालेले बोलायो बैठक

काठमाडौं/ एमालेले सोमबार केन्द्रीय सचिवालय बैठक बोलाएको छ। दिउँसो १ बजे केन्द्रीय कार्यालय, च्यासलमा बैठक बोलाइएको केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले जानकारी दिए। बैठकमा माघबाट सुरु भएको तीनमहिने वडा-टोलकेन्द्रित जरा (जनतासँग राय-संवाद) अभियानको समीक्षालगायत मुख्य एजेन्डामा छलफल हुने उनको भनाइ छ। 'तीनमहिने जरा अभियानको समीक्षा, मुलुकको समसामयिक राजनीतिक परिस्थिति र सरकार सञ्चालनलगायत विषयमा सचिवालयमा छलफल हुन्छ,' उनले भने। राप्रपालगायत पूर्वराजावादी समूहहरूले राजतन्त्र फर्काउन काठमाडौंलगायत सहरमा गरेको प्रदर्शनपछि एमालेको बैठक बस्न लागेको हो।

१५ आंगिक क्याम्पसमा चुनाव गराउन त्रिविको निर्देशन

काठमाडौं/ विद्यार्थीको अवरोधका कारण ठूला क्याम्पसहरूमा स्ववियु चुनाव अन्योल बनेको भन्दै त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)लाई चुनाव गराउन निर्देशन दिएको छ। आइतबार त्रिवि स्ववियु निर्वाचन केन्द्रीय अनुगमन तथा समन्वय समितिले उपत्यकाका विश्वविद्यालय केन्द्रीय क्याम्पस, सरस्वती, शंकरदेव, पब्लिक युथ, नेपाल ल, विश्वभाषा तथा बाहिरका बुटवल बहुमुखी सिद्धनाथ विज्ञान क्याम्पस महेन्द्रनगर, सुर्खेत बहुमुखी, भैरहवा बहुमुखी, रामस्वरूप रामसागर बहुमुखी, वीरेन्द्र बहुमुखी, पक्लीहवा बहुमुखी, तेह्रथुम बहुमुखी र कृषि क्याम्पसलाई चुनाव गर्न निर्देशन दिएको हो।

महिलाको मृत्युपछि तीनजना पक्राउ

कञ्चनपुर/ भीमदत्त नगरपालिका- ११ की कसी सुनारको मृत्यु प्रकरणमा प्रहरीले तीनजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कसीका श्रीमान् गोपाल सुनार, उनकी कान्छी श्रीमती मिरादेवी सुनार र अर्जुन सुनार छन्। श्रीमान्ले कान्छी श्रीमती भित्र्याएपछि कसी सुनारले गुजारा चलाउन महाकालीमा बालुवा चाल्दै आएकी थिइन्। शनिबार उनको शंकास्पद मृत्यु भएको माइती पक्षले आरोप लगाएको छ। मृतक कसीका भाइ सुनील सुनारले पहिल्यैदेखि श्रीमान् गोपाल र उनकी कान्छी श्रीमतीले दुःख दिँदै आएको भन्दै दिदीको हत्या गरेको दाबी गरे।

राजतन्त्रबारे एमाले र राप्रपाबिच घोचपेच

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभामा राजतन्त्रबारे एमाले र राप्रपा सांसदबिच सवालजवाफ चलेको छ। आइतबार बसेको बैठकमा एमाले सांसद रघुजी पन्तले राजतन्त्र षड्यन्त्रको शासन भन्दै विगतमा राजाहरूले गरेका गतिविधि र इतिहास उल्लेख गर्दा राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले झुटो कुरा भनेर प्रतिवाद गरेका थिए। दुवै सांसदबिच केहीबेर सदनमै भनाभनसमेत चलेको थियो। सभामुख देवराज घिमिरेले माहोललाई साम्य पारेका थिए।

प्रतिनिधिसभाको विशेष समयमा एमाले सांसद पन्तले गणतन्त्र प्राप्तिपछि केही भएन भनेर देशमा भ्रम र निराशाको खेती चलिरहेको बताएका थिए। तर, विभिन्न अनुसन्धानको तथ्यांकले बहुसंख्यक जनताको जीवनस्तर, आर्थिकस्तरमा सुधार आएको देखाएको उनको भनाइ थियो। पन्तले आर्थिक विकासका साथै लोकतन्त्र पनि महत्त्वपूर्ण कुरा भएको र अर्थतन्त्र राम्रो भए पनि बंगलादेशमा लोकतन्त्र नहुँदा शासक नै देश छाडेर भाग्नुपरेको उदाहरण दिए। राजाको ३० वर्षे पञ्चायती शासनकालभन्दा अहिले धेरै विकास भएको र पूर्वाधार निर्माणमा देश निकै अघि बढेको तथ्यबाटै देखिने उनको भनाइ थियो। सांसद पन्तले गणतन्त्रमा जनताका छोराछोरी राष्ट्रपति भएको पनि स्मरण गराए।

पन्तले राजतन्त्रको इतिहास पनि प्रस्तुत गरे। पृथ्वीनारायण शाहपछिका राजाहरू आन्तरिक कलह, षड्यन्त्र, कोतपर्वबाट मारिएको र १०४ वर्षे राणा शासनको जन्म भएको इतिहास स्मरण गराउँदै राजा किन चाहियो भनेर प्रश्न गरे। जनताभन्दा पनि आफ्नै भाइभारदारको षड्यन्त्र, स्त्रीहरूसँगको मोजमस्तीले राजतन्त्र बदनाम भएको र पटक-पटक लोकतन्त्र खोस्ने काम गरेको उनको भनाइ थियो।

सांसद पन्तले राजतन्त्रको इतिहासबारे उल्लेख गर्दै विभिन्न महिलासँग रसरंग मच्चाएको भनेपछि राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाहीले उठेर आपत्ति जनाएका थिए। पन्त र शाहीबिच सदनमै भनाभन परेको थियो। राजतन्त्रबारे गलत कुरा प्रस्तुत गरिएको भन्दै शाहीले विरोध जनाउँदा पन्तले तथ्यले खण्डन गर्न चुनौती दिएका थिए। 'म इतिहासबाट साबित गरेर देखाइदिन्छु। इतिहासका पुस्तक पढेर आउनुस्। मसँग बहस गर्ने हो भने इतिहास पढेर आउने। जुम्लामा हाहु गरेर आएजस्तो होइन। इतिहास पढेर आऊ। तथ्यले गर्दै। मैले बोलेको गलत हो भने इतिहासका पुस्तक पढाएर साबित गर,' पन्तले भने। शाहीले जथाभावी भन्न पाइन्छ भनेर प्रतिवाद गरेका थिए।

पन्तले नेपालको संविधानले राजतन्त्र नचिन्ने भएकाले संसद्मा छलफल गर्न नपाइने बताए। 'संविधानले गणतन्त्र मात्रै चिन्छ। राजतन्त्र इतिहासको विषय भइसक्यो। संसारमा धेरै राजतन्त्र इतिहासका विषय हुन्छन्। किनभने राजतन्त्र भनेको आफैंमा विशेषाधिकार हो। त्यसैले संसारको राजनीतिको प्रभाव गणतन्त्र हो,' उनले भने। पन्तले अहिले युग गणतन्त्रको भएको पनि बताए।

संसारभर नै राजतन्त्र भनेको षड्यन्त्रको शासन भएकाले कसैले पनि राजा राम्रा छन् भनेर नमानेको उल्लेख गर्दै पन्तले लोकतन्त्र र जनताको भावनालाई विश्वास गरेर अगाडि बढेको बताए। पन्तले बिदाइ गरिसकेको राजतन्त्र व्यवस्था फर्किएर नआउने भन्दै संविधानअनुसार अगाडि बढ्न राप्रपालाई आग्रह गरे। 'आमाको पेटबाट जन्मिसकेको बच्चालाई फेरि अब आमाको पेटमा पठाउन सकिँदैन। लोकतन्त्र ल्याउने संघर्षका लागि हामीले एकपटक फेरि सडकमा उत्रिन नपरोस्। यसलाई एउटा बौद्धिक विमर्श गरौं, ठिक छ, तर त्रास खडा गरेर वातावरण बिगार्न खोजिन्छ भने प्रतिपक्ष त गइसक्यो, सत्तापक्ष पनि सडकमा आउने दिन आउन सक्छ,' उनले चेतावनी दिए।

राप्रपा प्रमुख सचेतक शाहीले मिलेर खाइरहेकाहरू व्यवस्था जोगाउन उफ्रिरहेको बताए। 'चुनाव हार्ने हरूवा-चरुवाहरू मन्त्री र प्रधानमन्त्री बन्ने, चुनावै नजितेर पनि सांसद बन्न पाउने व्यवस्था हो। यो १६ वर्षको अवधिमा १४ पटक सरकार परिवर्तन भए। झन्डै एक हजार मन्त्री भए। ३१ वटा मुख्यमन्त्री, ३० वटा प्रदेश प्रमुख, तीनजना राष्ट्रपति र उपराष्ट्रपति, झन्डै तीन हजार सांसद भए। सबै मिलेर खान पाएपछि उहाँहरूले यो व्यवस्था उत्तम हो भन्नु स्वाभाविक हो,' उनले भने। शाहीले यहाँ बोल्ने नेता र उच्च कर्मचारीका छोराछोरी युरोप, अमेरिका पढ्ने, गरिब जनताका छोराछोरी दुबई खाडीमा गएर बेल्चा हान्नुपर्ने, यो १६ वर्षमा १४ हजार युवा बाकसमा शव भएर फिर्ता हुने बनाउन यो व्यवस्था चाहिएको भनेर प्रश्न गरे। '२६ खर्ब ऋण बढाउन यो व्यवस्था चाहिएको हो। सांसद, मन्त्री, कर्मचारी, नेता पाल्दापाल्दा यो देशमा एक वर्षमा १५ खर्ब खर्च हुन्छ। त्यो खर्च गरिराख्न यिनीहरूलाई यो व्यवस्था चाहिएको छ। जनतालाई यो व्यवस्था चाहिएको होइन,' उनले भने।

अहिलेको प्रधानमन्त्री र राष्ट्रपति जनताले नभई संसद्भित्रको केही व्यक्तिले चुनको भन्दै शाहीले थपे, 'यदि जनतामा जाने दम, हिम्मत, क्षमता छ भने जनताबाट निर्वाचित प्रत्यक्ष कार्यकारी प्रधानमन्त्री स्विकार्नुस्। होइन भने यहाँ आएर जे मन लाग्यो त्यही बोल्ने, व्यवस्थाको बचाउ गर्नुको तुक छैन।' शाहीले एमाले अध्यक्ष प्रधानमन्त्री भएका बेला मदन भण्डारीको हत्यारा किन पत्ता लागेन भनेर सोधे। शाहीले निर्मला पन्तको हत्यारा गणतन्त्रवादीले किन पत्ता लगाएनन् भनेर पनि सोधे। राजतन्त्रकालमा आफू थुनिएको भनेका पन्तलाई शाहीले गणतन्त्रकालमा ललितपुरमा चामल बाँड्दा नौ दिन थुनिएको जवाफ दिए।

व्यवस्था जनताको हितका लागि हुने भन्दै शाहीले आज तीन सय प्रतिशत कर लगाइएको, पैतृक सम्पत्तिमा समेत लाभकर लिइएको उल्लेख गरे। यो व्यवस्था जनतालाई नचाहिएको भन्दै शाहीले थपे, 'हामीले स्पष्ट भनेका छौं, न प्रजातन्त्र, न लोकतन्त्र मासिन्छ। सबै अटाउने गरी मात्रै राष्ट्रपतिको ठाउँमा राजा राखिन्छ। लोकतन्त्र र गणतन्त्रको उत्तम व्यवस्थाभित्र हामी छिर्न चाहन्छौं। राजासहितको प्रजातन्त्र चाहिन्छ। खुलमखुला बहस गर्न तयार छौं।'



राजतन्त्रबारे संसद्मा छलफल गर्न पाइँदैन : रघुजी पन्त, सांसद, एमाले



राजासहितको प्रजातन्त्र चाहिन्छ : ज्ञानबहादुर शाही, प्रमुख सचेतक, राप्रपा

45 YEARS OF SCIENTIFIC RESEARCH & KNOW-HOW
Jiten®
Pyramid Vaastu
3-DAYS CERTIFICATE WORKSHOP IN NEPAL
Date: 20-21-22 March 2025 चैत्र 7,8 और 9 बिक्रमसंबत 2081
At: Hotel Anand, Tilganga-08, Kathmandu
By: 'Jiten' Master Natekar Shree (in Hindi language)
Vaastu is essential for betterment of the Country!
Explore mystic powers of Pyramid & Vaastu to enhance health, peace & prosperity. Learn Personal Vaastu and change your luck & fortune with your Birth date! Also get techniques to correct Vaastu defects with Pyramid-Yantra, without physical shifting or breaking from 'Jiten' certified Master. Get a Certificate with books and pyramids kit.
For more details call: 9851151618, 9844280087

लय गुमाएको स्ववियु

आमविद्यार्थी र जनमानसमा आशा जगाउने काम गर्नुपर्ने विद्यार्थी संगठन र स्ववियु दर्शकको भूमिकामा सीमित देखिनु चिन्ताको विषय हो



● प्रकाश जैशी

अग्रलेख

नेपालमा स्ववियुको इतिहास ०१९/२० तिर सुरु भएको पाइन्छ। त्रिविमा स्ववियु निर्वाचन ०२० मा भएपछि विद्यार्थी संगठनले आफ्नो अधिकार अभ्यास गरेको पाइन्छ। विद्यार्थीहरू राजाको कडा प्रतिरोधमा उत्रिएपछि विद्यार्थी संगठनलाई बाध्यतावश स्विकारियो। ०२९/३० तिर विद्यार्थी आन्दोलनले जन्माएको स्ववियुलाई बन्द गाराउन शासक वर्ग सफल भए पनि ०३५/३६ तिरको सशक्त विद्यार्थी आन्दोलनले सम्पूर्ण क्याम्पस र माध्यमिक तहमा समेत स्ववियुलाई स्थापित गऱ्यो। स्ववियुले निरन्तरता पाए पनि ०४० तिर पुनः स्ववियु र विद्यार्थी आन्दोलनलाई कमजोर बनाउन माध्यमिक तहको स्ववियु अधिकार खोसेर यसलाई केही हदसम्म कमजोर तुल्याउने काम भयो। स्ववियुको जन्म कति कठिनाइसाथ भएको थियो भनेर ०३६ सालको विद्यार्थी आन्दोलनलाई पढ्दा थाहा हुन्छ।

०३६ मा हेटौँडाको भुटनदेवी माविमा प्रभाकर पौडेललगायत करिब ३० जना विद्यार्थी र मजदुरले ज्यान गुमाउनुपऱ्यो। स्ववियु जन्माउन विद्यार्थी संगठनले गरेको आन्दोलनमा कति विद्यार्थी घाइते भए, कतिले ज्यान गुमाए, त्यसबारे कमैलाई थाहा होला। विद्यार्थी आन्दोलनकै दबाबमा राजा बहुदलीय प्रजातन्त्र कि सुधारिएको पञ्चायत भनेर जनमतसंग्रह घोषणा गर्न बाध्य भए। ०४६ मा विद्यार्थी संगठनहरू पुनः दलहरूको आह्वानमा आन्दोलनमा होमिए। आन्दोलन पञ्चायतको अन्त्य गरी २०४७ सालको संविधान जारी गराउन सफल भयो।

०४७ को संविधानले पनि जनताका प्रतिनिधिलाई राम्रोसँग काम गर्न दिएन। किनकि, आफ्नो अधिकारलाई आफ्नो हातमा लिन राजा फेरि संविधान मिच्न उद्यत देखिए। दशवर्षे द्वन्द्वसँगै राजा र दलहरूको दूरी बढ्दै गएपछि बिस्तारै नयाँ आन्दोलनको आधार तयार हुँदै गयो। परिणामतः ०६२/६३ को आन्दोलन सुरु भयो र यहाँ पनि विद्यार्थी संगठनहरूले आफ्नो भूमिका खरो रूपमा निभाए। त्यसैको परिणामस्वरूप आन्दोलन सफल भयो। अन्तरिम संविधान हुँदै संविधानसभाको निर्वाचन भयो। नयाँ संविधान बन्यो। र, देश संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गऱ्यो।

स्ववियुको वर्तमान अवस्था : विद्यार्थी संगठन र स्ववियुलाई हेर्दा हामीले गर्व गर्नलायक धेरै काम भएका छन्। हिजोका दिनमा स्ववियुले गरेका कार्यले समाजमा पारेको प्रभाव र गणतन्त्रसम्मको यात्रामा यसको भूमिकालाई कसैले पनि कम आँक्न मिल्दैन। तर, दलहरूको भ्रातृ संगठनका रूपमा रूपान्तरण भएका स्ववियुले के नामअनुसार स्वतन्त्र भएर आफ्नो अस्तित्व जोगाउन सकेका छन् त ? पहिलेजसरी नै स्ववियु या विद्यार्थी संगठनले आफ्नो स्वायत्ततालाई आफैँसँग राख्न सकेका छन् त ? स्ववियु र विद्यार्थी संगठनमाथि उठ्ने सबैभन्दा यक्ष प्रश्न यही हो। विद्यार्थी संगठनप्रति हिजो जुन किसिमको विश्वास थियो, विद्यार्थी र आमजनमानसमा त्यो बाँकी रहेको देखिँदैन। हिजोका विद्यार्थी संगठनका नेतृत्व आज प्रमुख दलहरूको या सरकारको नेतृत्वमा पटक-पटक पुग्दा पनि देश र जनतालाई केही 'डेलिभरी' दिन नसक्नुले पनि विद्यार्थी संगठनप्रति आमविद्यार्थी र जनमानसको विश्वासमा कमी आएको हो। देशको राजनीतिक अस्थिरतालेे विद्यार्थी संगठन र स्ववियुप्रति विद्यार्थीको वितृष्णा बढ्दै गएको छ। परिवर्तित राजनीतिप्रति विद्यार्थीदेखि आमजनता समेतमा वितृष्णा र राजनीतिक नेतृत्वप्रति आक्रोश पैदा भइरहेको देखिन्छ। यस्तो अव्यवस्थामा आमविद्यार्थी र जनमानसमा आशा जगाउने काम गर्नुपर्ने विद्यार्थी संगठन र स्ववियु दर्शकको भूमिकामा सीमित देखिनु चिन्ताको विषय हो।

स्ववियु हुँदै देशको नेतृत्वसम्म पुगेकाहरूबाटै स्ववियु इतिहासलाई धमिल्याउने कार्य भइरहेको देखिन्छ। किनकि, स्ववियु निर्वाचनलाई नियमित गराउनसमेत नसक्नु या नचाहनु तिनै नेतृत्वको दोष हो। हामीले विश्वविद्यालयलाई स्वविधुसँग जोड्न त सक्यौँ, तर स्वविधुले गर्नुपर्ने कार्यबाट उसलाई फरक रूपमा प्रस्तुत गर्दै स्वविधुलाई आफ्नो जीवन निर्वाहको स्रोतका रूपमा अगाडि बढायौँ। परिणामतः स्वविधु आमजनमानसदेखि त टाढियो नै, साथमा विद्यार्थीदेखि पनि टाढियो। हामीले परिवर्तित सन्दर्भमा स्वविधुलाई विद्यार्थी र आमजनमानससँग जोड्ने कोसिस नै गरेनौँ। राजाको निरंकुशतासँग लडाइँ लडेर ल्याएको स्वविधु गणतन्त्रपछि पार्टीका भ्रातृ संगठनका कार्यकर्ता 'व्यवस्थापन' गर्ने थलोका रूपमा अगाडि बढेको स्पष्टै देखिन्छ। स्वविधुले समाजभित्रको समाजलाई बुझेर समाजभित्रको शिक्षालाई विश्वविद्यालयका पाठ्यसामग्री समावेश गराएर यथार्थ नेपालको अवस्थालाई झल्काउने खालका कार्य गर्नुपर्ने थियो। तर, यसतर्फ विद्यार्थी नेतादेखि राजनीतिक दलका



नेतासम्म कसैले पनि सोचेकासम्म छैनन्। हाम्रा नेताले भनेजस्तो स्वविधु राजनीतिक अभ्यासको थलो नभई यो त असल राजनीतिज्ञ जन्माउने थलो हुनुपर्ने हो। तर, स्वविधुबाट आजसम्म जन्मेका राजनीतिक व्यक्ति देख्दा ठिक विपरीत अभ्यास भइरहेको आभास हुन्छ।

विद्यार्थीको दृष्टिकोणमा स्वविधुको औचित्य : दलका नेताहरू स्वविधुलाई 'मिनी पार्लियामेन्ट' भन्ने गर्छन्। दलहरूले यसो भनिरहँदा विद्यार्थीको मुख बिग्रेको या तिनले मुख बिगारेको देख्न सकिन्छ। ०३६ सालदेखिका स्वविधु निर्वाचनका सम्पूर्ण विषय र स्वविधु सभापतिले के-के गरे भनेर इतिहासका पाना पल्टाउने हो भने स्वविधुको पद बहालीबाहेकका अन्य उल्लेख्य काम केही गरेको देखिँदैन। आजका विद्यार्थीले आफ्ना बुवाआमाको पुस्तादेखि नै सुन्दै आएका क्याम्पसमा आज आफू पढ्दैगर्दा पनि अवस्थामा परिवर्तन नदेखेर होला, उनीहरूले विद्यार्थी संगठन र स्वविधुमाथि प्रश्न गरिरहेका छन्। क्याम्पसभित्रको कक्षाकोठादेखि शौचालयसम्मको अवस्था आफैँ मूल्यांकन गर्न सक्ने भइसकेका छन् आजका विद्यार्थी। विद्यार्थी संगठन र स्वविधुलाई आफ्नो जीविका चलाउने माध्यम बनाउने नेताहरूका कारण आज क्याम्पस र विश्वविद्यालयको शैक्षिक वातावरण धमिलिँदै गएको छ। विद्यार्थी संगठनको दादागिरी र दम्भले विद्यार्थीको पढाइ डामाडोल भइरहेको छ। विद्यार्थी संगठनहरूबिचको लडाइँले क्याम्पस हाताभित्र खुकुरी र तरबार देखिन थालेका छन्। क्याम्पस हाताभित्र विद्यार्थीका झोलामा किताबकापीभन्दा खुकुरी देखिँदा पनि निरीह भई हेरिरहने विद्यार्थी संगठन र स्वविधु हामीलाई किन चाहियो ? विद्यार्थीले खोजेको शिक्षा क्याम्पस या विश्वविद्यालयभित्र नपाएपछि नेपाली विद्यार्थीको पलायन दिनदिनै बढिरहेको छ। तैपनि, यसबारे न विद्यार्थी संगठनलाई कुनै चिन्ता छ, न त कुनै स्वविधुलाई नै।

> आमजनताका सपना बोकेर सडकदेखि राजाको श्रीपेच फुकाल्नेसम्मका आन्दोलनको अगुवाइ गर्ने विद्यार्थी आन्दोलन र स्वविधु नेतृत्व गणतन्त्र प्राप्तियता पार्टीका 'एस म्यान' बन्न पुगेपछि विद्यार्थी आन्दोलन र स्वविधुले आफ्नो लय गुमाउँदै गएको छ

बाटो बिराएको स्वविधु : कुनै वेला स्वविधु निर्वाचन भनेपछि विद्यार्थीमाझ छुट्टै रौनक देखिन्थ्यो। त्यति वेला स्वविधुले प्रजातान्त्रिक लडाइँ र निरंकुश पञ्चायतविरुद्ध लड्दै नेपालको शिक्षा प्रणालीलाई अगाडि बढाएको थियो। देशका ठुला नेताहरू जेलमै हुँदा पनि आमजनताका सपना बोकेर सडकदेखि राजाको श्रीपेच फुकाल्नेसम्मका आन्दोलनको अगुवाइ गर्ने विद्यार्थी आन्दोलन र स्वविधु नेतृत्व गणतन्त्र प्राप्तियता पार्टीका 'एस म्यान' बन्न पुगेपछि विद्यार्थी आन्दोलन र स्वविधुले आफ्नो लय गुमाउँदै गएको छ। पार्टीको निर्देशनबाट मात्र चल्ने र आफ्नो स्वविवेक प्रयोग नगर्ने विद्यार्थी नेता किन चाहियो हामीलाई ? समयसापेक्ष मुद्दा बोक्न नसक्नु आजका विद्यार्थी संगठनको सबैभन्दा ठुलो कमजोरी हो। पार्टीले भनेपछि मात्र सडकमा आन्दोलन गर्ने र अन्य समयमा कुम्भकर्ण निद्रामा रहने स्वविधु र विद्यार्थी संगठनको के काम ?

यतिखेर स्वविधु निर्वाचनमा सम्पूर्ण विद्यार्थी र विद्यार्थी संगठन नै होमिएका छन्। यतिखेर हामीले कुनै पनि शैक्षिक संस्थामा खुकुरी र तरबार काण्ड देख्न र सुन्न नपरोस्। स्वविधु कार्यालयमा हतियार राखेर विद्यार्थी हकहितका कुरा नउठाइयोस्। शैक्षिक संस्थालाई विद्यार्थी संगठन र दलका नेताहरूले दलीयकरण गरेको देख्न र सुन्न नपरोस्। राजनीतिक परिवर्तनको संवाहक स्वविधुलाई राजनीतिक नेताले आफ्नो राजनीतिक 'ब्याक फोर्स'का रूपमा विकास गरिरहेको देख्दा सच्चा विद्यार्थीलाई स्वविधुको औचित्यमाथि बारम्बार सन्देह हुने गरेको छ। आजको विद्यार्थीमा स्वविधुप्रति विश्वास जाग्न नसक्नुको कारण पनि यही हो। अब बन्ने स्वविधुले यसलाई चिर्न सक्नुपर्छ। स्वविधुलाई स्वविधुकै रूपमा अगाडि बढाउँदा अबका दिनमा पनि यसलाई 'आहा ! हाम्रो स्वविधु' भनेर विद्यार्थीले गर्व गर्न सक्ने दिन आउन सक्छ। यसका लागि विद्यार्थी संगठन र राजनीतिक दलहरू टाढा बसेर स्वविधुलाई स्वतन्त्र नै रहन दिनुपर्छ।

स्वविधुले गर्नुपर्ने कार्य : स्वविधुले विद्यार्थीका मुद्दा उठाउने र तिनको समाधान खोज्ने काम गर्नुपर्छ। विश्वविद्यालयका पाठ्यक्रमलाई समयानुकूल परिमार्जन गर्दै लैजान स्वविधुले दबाब सिर्जना गर्न सक्नुपर्छ। अहिले स्वविधु निर्वाचनको माहोल चलिरहेको छ, तर निर्वाचन हुनुपर्ने क्याम्पसहरूमा कहीँ लडाइँ झगडा त कहीँ तालाबन्दी चलिरहेको छ। स्वविधुलाई कस्तो बनाउने, त्यो स्वविधुका उम्मेदवारको घोषणपत्रले देखाउने हो, तर विद्यार्थी संगठनका घोषणापत्र पनि पार्टीको चुनावी घोषणापत्रजस्तै आधारविहीन देखिन्छन्। त्यसैले, तिनले विद्यार्थीलाई आकर्षित गर्न सकेका छैनन्। पार्टीगत भ्रातृ संगठनका रूपमा निर्वाचनमा जाँदा स्वविधुको ओज र गरिमा स्वाट्टै घटेको देखिन्छ।

स्वविधुले विद्यार्थीलाई कस्तो किसिमको शिक्षा प्रणाली चाहिने हो, कस्तो शिक्षाले देशमा रोजगारी सिर्जना गर्न सक्छ, कस्तो शिक्षा अपनाउँदा विद्यार्थी पलायन रोक्न सकिन्छ भन्ने विषयमा गम्भीर बहस उठाउन सक्नुपर्ने हो। साथै, यसले विश्वविद्यालयको शैक्षिक क्यालेन्डर कार्यान्वयनमा तीव्र दबाब र सहयोग दुवै दिन सक्नुपर्ने हो। तर, यस्तो रचनात्मक काममा भन्दा स्वविधु विद्यार्थी संगठन गुन्डागर्दीको थलोको रूपमा अगाडि बढेको देखिनु चिन्ताको विषय हो। समग्रमा भन्नुपर्दा हिजोको गौरवशाली स्वविधुले आज कार्यबाट बाटो बिराएको छ। स्वविधुले आफ्नो लय गुमाएको छ। स्वविधुको साख बचाइराख्ने हो भने स्वविधु निर्वाचन तोकेकै समयमा सम्पन्न गरी यसलाई स्वतन्त्रतापूर्वक काम गर्न दिनुपर्छ।

(जैशी विद्यार्थी नेता हुन्)

---

३ प्रश्न

उपभोक्ता हित संरक्षण मञ्चका महासचिव **विष्णुप्रसाद तिमल्सिना**लाई



उपभोक्ता अदालतको महत्त्व कति छ ?

यसको अत्यन्त ठुलो महत्त्व छ। त्यसैले हामीले वर्षौंदेखि यसको गठनका लागि दबाब सिर्जना गर्दै आएका थियौं। यसले वस्तु र सेवासित सम्बन्धित जुनसुकै मुद्दामा न्याय निरूपण गर्छ। सामान्यतः नुनदेखि सुनसम्मका वस्तु खरिद गर्ने व्यक्ति उपभोक्ता हुन्। साथै, दूरसञ्चारदेखि इन्टरनेट, हवाई सेवा, स्वास्थ्य सेवालगायत अनेकौं सेवा उपभोग गर्ने पनि उपभोक्ता नै हुन्। त्यसैले, सामान्य किसानदेखि राष्ट्रपतिसम्म सबै उपभोक्ता हुन् र जोकोही वस्तु र सेवा उपभोगमा ठगिएका हुन सक्छन्। त्यसैले, त्यस्ता ठगीको उजुरी अब उपभोक्ता अदालतमा गर्न सकिन्छ। र, त्यसैले न्याय निरूपण गर्छ।

उपभोक्ताले के-कस्ता मुद्दा लिएर अदालत जान सक्छन् ?

उपभोक्ताले आफू ठगिएको महसुस गरेको अवस्थामा जुनसुकै मुद्दा लिएर अदालत जान सक्छन्। यसका लागि उपभोक्ता जानकार र सचेत हुन जरुरी छ। हाम्रा उपभोक्ता सचेत भइदिएको भए या नियमनकारी निकाय प्रभावकारी भइदिएको भए छुट्टै अदालत गठन गरिरहनु जरुरी नै हुन्थ्यो। ढिलै भए पनि अदालत गठन भएको छ। अब वस्तु तथा सेवामा अनुचित व्यापारिक क्रियाकलाप तथा एकाधिकारलगायत अनेकौं मुद्दा यस अदालतको क्षेत्राधिकारभित्र पर्छन्। दण्डसजायसम्बन्धी मुद्दा सरकारवादी हुने भएकाले सरकारले लड्छ भने क्षतिपूर्तिसम्बन्धी मुद्दाचाहिँ व्यक्तिगत रूपमा लड्नुपर्छ।

उपभोक्ताले अदालतसम्म जाने बाटो कस्तो छ ?

आफू ठगिएको महसुस गर्ने उपभोक्ता सजिलै अदालतसम्म पुग्ने बाटो राज्यले बनाइदिनुपर्छ। आइतबार पहिलो दिन तीनवटा मुद्दा दर्ता भएका छन्। अब अदालतले फास्ट ट्र्याकबाट तिनको छिनोफानो गरिदिनुपर्छ। वर्षौंसम्म अल्झाएर जागिर खुवाउनकै लागि यो अदालत गठन गरिएको होइन। अन्यायमा पर्नेलाई उपभोक्ता अधिकारवादी संघ, संस्थाले पनि सघाउनुपर्छ। यस्तो सञ्जाल जिल्लाजिल्लासम्म फैलिनुपर्छ।

प्रेरक प्रसंग

मोबाइल बन्ने रहर

उनी एक प्राथमिक विद्यालयकी शिक्षिका थिइन्। उनले दिउँसो बालबालिकाको परीक्षा लिएर परीक्षणका लागि उत्तरपुस्तिका घरमा ल्याएकी थिइन्। साँझ घरमा बसेर उत्तरपुस्तिका परीक्षण गर्दै गर्दा उनका आँखाबाट आँसु बग्न थाल्यो। उनका पति नजिकै सोफामा पल्टिएर मोबाइल चलाइरहेका थिए। उनले पत्नीसित रुनुको कारण सोधे।



पत्नीले आँसु पुछ्दै भनिन्- आज मैले विद्यार्थीलाई 'मेरो सबैभन्दा ठुलो इच्छा' शीर्षकमा केही लेख्न लगाएकी थिएँ। एक बालकले लेखेको रहेछ- 'भगवान्, मलाई मोबाइल बनाइदिनुहोस्।' पत्नीको कुरा सुनेर पति हाँस्न थाले। पत्नीले भनिन्- अगाडि उसले के लेखेको छ, त्यो त सुन्नुहोस्। उसले लेखेको छ- यदि म मोबाइल बनें भने घरमा म सबैको साथमा हुनेछु। सबैजना मलाई ध्यानपूर्वक सुन्नेछन्, हेर्नेछन् र रमाउनेछन्। मलाई कसैले रोकटोक गर्नेछैन र मसँग कसैले सवालजवाफ पनि गर्नेछैन। जब म मोबाइल बन्नेछु, तब अफिसबाट आएपछि थाकेको भए पनि मेरा बाबा मसँगै हुनुहुनेछ। आमालाई जब तनाव हुनेछ, तब उहाँले मलाई गाली गर्नुहुनेछैन। उल्टो मेरै साथ रहनुहुनेछ। मेरा दाजु र दिदीबिच मलाई हेर्न र चलाउन झगडा पर्नेछ। जब मोबाइल बन्द गरिनेछ, तब पनि मेरो निकै राम्रो हेरचाह हुनेछ। अँ साँच्ची, मोबाइलका रूपमा म सबैलाई खुसी दिन पनि सक्नेछु।

यो सुनेपछि पति पनि थोरै गम्भीर भए र भने- हे भगवान्! बिचरो बच्चा! उसका बाबुआमाले त उसलाई कत्ति पनि ध्यान दिँदा रहेनछन्, हगि ? पत्नीले आँसुले टिलपिल भरिएका आँखाले पतितिर हेरिन् र प्रश्न गरिन्- थाहा छ, यो बालक को हो ? यो अरू कोही नभएर हाम्रो आफ्नै छोरो हो, हाम्रै कान्छो ! कतै यो 'कान्छो' तपाईंको आफ्नै बच्चा त होइन ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

उपभोक्ता अदालत स्वागतयोग्य

सरकारले उपभोक्ता अदालत गठन गरेको छ। यो स्वागतयोग्य काम हो। यस अदालतले अनलाइन मार्केटिङबाट ठगिएका उपभोक्ताले न्याय पाउँछन् या पाउँदैनन्, स्पष्ट हुन सकेन। यदि यस्ता उजुरी यसको क्षेत्राधिकारभित्र पर्दैनन् भने कहाँ उजुरी गर्ने होला ? दराजजस्ता अनलाइन मार्केटले विज्ञापनमा एउटा सामान देखाउने अनि अर्कै सामान पठाउने र त्यस्ता सामान ठिकै छ भनी फिर्ता लिन नमानेका कारण आफूले चाहेजस्तो सामान नहुँदानहुँदै पनि लिन बाध्य हुनुपर्ने अवस्थाबाट ग्राहकले कहिले र कसरी उन्मुक्ति पाउने होला ? यसको जानकारी पाए हुन्थ्यो।

● **योगेश निरौला**, मिलनचोक, ललितपुर
yogeshnl61@gmail.com

इन्जिनियर के हेर्दै थिए ?

'कालोमाटोले सडकको भार थेग्न नसक्ने देखिएपछि भत्काएर पुनर्निर्माण गरिँदै ४० मिटर च्याम्प' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। वर्षौं लगाएर सर्वसाधारणलाई सास्ती दिएर बनाइएको संरचना पुनः भत्काएर निर्माण गर्नुपर्ने अवस्था आउँदा पनि त्यहाँ खटिएका इन्जिनियर के हेर्दै थिए ? के तिनले कालोमाटो हाल्दा सडक भासिन्छ भन्ने जानेका थिएनन् ? कि तिनले कालोमाटो हालेको पत्तै पाएनन् ? यसबारे गम्भीर छानबिन गरी कमजोरी गर्नेमाथि कारबाही गरियोस्।

● **भूमिका कठायत**
ग्वार्को, ललितपुर

मोर्चाको सही निष्कर्ष

समाजवादी मोर्चाले जनतामा असन्तुष्टि बढ्दै जानुमा सरकारको कुशासन जिम्मेवार रहेको निष्कर्ष निकालेको समाचार पढियो। मोर्चाले गरेको विश्लेषण यो बिल्कुलै सही छ। तर, जनतामा यस्तो वितृष्णा बढ्नुमा अहिले सत्तामा रहेका दलसँगै मोर्चामा आबद्ध सम्पूर्ण दलको पनि उत्तिकै भूमिका छ। यहाँ कुनै पनि दलले अर्कोमाथि दोष थोपरेर आफू उम्किन नखोजे हुन्छ। जनतामा निराशा ल्याउने यिनै दल हुन्। यिनले आफू सच्चिएर त्यो निराशा मेट्न सक्नुपर्छ।

● **कृष्ण थकाली**
सामाखुसी, काठमाडौं

नेपालका लागि गौरवको विषय

मानवनिर्मित हेर्नलायक वस्तुमा यो वर्ष उत्कृष्ट १० भित्र नेपालको एउटा मन्दिर परेको सुन्दा कुन नेपाली गौरवान्वित नहोला ? नेपालीलाई गौरवको महसुस गराउने मन्दिर हो, लुम्बिनीमा निर्मित 'हजार बुद्धको मन्दिर'। थाई सरकारले लुम्बिनीको जग्गा लिजमा लिएर निर्माण गरेको यो मन्दिर यस वर्ष विश्वकै हेर्नलायक वस्तुको नवौं नम्बरमा अंकित भएको छ। नेपाललाई चिनाउने यस्ता स्थलको संरक्षण र संवर्द्धन आज हरेक नेपालीको चासोको विषय हुनुपर्छ।

गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको महत्त्व र महिमा नेपालमा मात्र होइन, पूरै विश्वमै फैलिएको छ। भगवान् बुद्धको पवित्र जन्मभूमिमा टेक्न र बुद्धको दर्शन गर्न लाखौं भक्तजन बर्सेनि लुम्बिनी आउने गर्छन्। युनेस्कोको विश्व सम्पदा सूचीमा समेत दरिएको यस भूमिलाई समृद्ध र सार्थक पार्न सन् १९७५ मै एउटा गुरुयोजना बनाइएको थियो। जुन लगभग पूरा हुने क्रममा छ। गुरुयोजनाअन्तर्गत बुद्धसँग जोडिएको पुरातात्त्विक महत्त्वले भरिएको क्षेत्रलाई संरक्षण गरी बाँकी भूभागलाई खुला पार्क, ध्यान-योग केन्द्र, बुद्धको महत्त्व दर्शाउने गरी निर्माण गरिने गुम्बा या मन्दिर र अतिथिगृह तथा धर्मशाला निर्माणका लागि विदेशी मित्रराष्ट्रलाई जग्गा दिने योजना थियो। करिब ११ सय बिघामा फैलिएको यो गुरुयोजनाअन्तर्गत थुप्रै मित्रराष्ट्रले मन्दिर गुम्बा र धर्मशाला निर्माण गरी पनि सके। तथापि, यो बुद्धभूमिको जग्गामा केही विवाद देखिएका छन्। जसको पारदर्शी ढंगले समाधान हुनु जरुरी छ। अन्यथा यही भूमि कैयौं राजनीतिज्ञका लागि कमाइखाने भाँडो बन्नेछ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

ट्रम्पको 'भय' राजनीतिको प्रतिकार

ट्रम्पले 'अवैध' भनेर चित्रण गर्ने अनधिकृत आप्रवासीसमेत अमेरिकी अर्थतन्त्रका लागि अपरिहार्य छन्



देश / विदेश

● कोइची हमादा

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प कुनै कुरामा निपुण छन् भने त्यो हो लोक रिझ्याउने कला। मतदाताको भय र पूर्वाग्रहलाई भड्काएर उनले आफैं, आफ्ना परिवार र उनका धनाढ्य सहयोगीको फाइदाका लागि चरम नीति अघि सार्ने वा तिनबाट ध्यान मोड्ने काम गर्छन्। उनको सफलताको प्रमुख रहस्य भनेकै कुन 'बटन' अर्थात् भाष्य प्रचार गर्दा जनताको भावना उद्वेलित हुन्छ भन्ने बुझ्नु हो।

ट्रम्पले भन्सार शुल्क वृद्धि गर्ने नीति अपनाउनु यसकै एउटा उदाहरण हो। 'फ्याक्टर-प्राइस इक्वलाइजेसन' सिद्धान्तअनुसार लामो समयसम्म स्वतन्त्र व्यापार हुँदा समान उत्पादन कारक (श्रम) को मूल्य विश्वभर बराबर हुने प्रवृत्ति देखिन्छ। तथापि, चीन वा भियतनामका मजदुरको पारिश्रमिक तत्कालै अमेरिकीस्तरमा पुग्ने सम्भावना कम छ।

धेरै अमेरिकी श्रमिक आय स्थिर भएकामा निराश छन् र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) ले रोजगारी खोस्छ कि भनेर त्रस्त छन्। तसर्थ, जब यी श्रमिकलाई कसैले खुला व्यापारले उनीहरूको पारिश्रमिक घटिरहेको छ वा रोजगारी विदेश सर्दै छ भनिन्छ तब श्रमिक त्यो कुरा ध्यानपूर्वक सुन्छन्।

'टेरिफ म्यान' अर्थात् भन्सार असुली गर्ने व्यक्ति भनेर चिनिने ट्रम्पले अमेरिकाका व्यापार साझेदारलाई कर लगाउँदै तिनले अमेरिकामाथि 'दुर्व्यवहार' गर्न नपाउने दाबी गर्छन्। उनका अनुसार भन्सार शुल्क वृद्धिले अमेरिकी श्रमिकको रक्षा गर्नेछ, तर समस्या के छ भने भन्सार शुल्कले यसरी काम गर्दैन। शुल्क विदेशी निर्यातकर्ताले नभई अमेरिकी आयातकर्ताले तिर्छन्, नतिजा कुल लागत उपभोक्ताको थाप्लोमा पर्छ वा आयातकर्ता आफ्नै नाफा कटौती गर्न बाध्य हुन्छन्। यसरी अमेरिकी सरकारले अलि धेरै कर आम्दानी त गर्न सक्छ, तर त्यसका लागि अमेरिकी व्यापार-व्यवसाय र उपभोक्ताले मूल्यवृद्धिको मार बेहोर्नुपर्छ, जुन ट्रम्पले आफ्नो चुनावी अभियानमा घटाउने वाचा गरेका थिए।

गत महिना ट्रम्पले चिनियाँ सामानमा १० प्रतिशत शुल्क लगाएपछि चीनले प्रतिक्रियास्वरूप नयाँ भन्सार शुल्कको घोषणा गरेको छ। र, अहिले ट्रम्पले थप १० प्रतिशत शुल्क बढाएका छन्। त्यसैगरी, क्यानडा र मेक्सिकोबाट आउने सामानमा २५ प्रतिशत शुल्क लगाएका छन्, जसले अझ बढी प्रतिकारात्मक शुल्क निम्त्याउनेछ। जब भन्सार शुल्क युद्ध गहिरिन्छ तब लागत अत्यधिक बढ्नेछ। युरोपियन युनियन (इयू) ले पनि स्टिल र एल्युमिनियममा हाले लगाइएको २५ प्रतिशत शुल्कजस्ता 'अन्यायपूर्ण' व्यापार अवरोधको कडा प्रतिरोध गर्ने बताइसकेको छ। उसो त ट्रम्पले इयूलाई 'अमेरिकालाई ठग्न बनाइएको' संस्थाको संज्ञा दिएका छन्। ट्रम्पलाई शुल्कवृद्धिको खेलमा अमेरिकी व्यापार साझेदार नै झुक्नेछन् भन्ने लागेको छ। अर्थात्, तिनले अमेरिकी माग स्विकार्न बाध्य हुनुपर्छ, चाहे त्यो व्यापार घाटा कम गर्ने कुरा होस् वा अमेरिका हुँदै आउने फेन्टानिलको तस्करी रोक्ने कुरामै किन नहोस्। उनले केही आफूअनुकूल सम्झौता हासिल गर्न सक्लान्, तर इतिहासले स्पष्ट कोही पनि व्यापार युद्धमा विजयी नहुने देखाएको छ।

ट्रम्पको आप्रवासन नीति उनको भयको राजनीतिको अर्को उदाहरण हो। यहाँ फ्याक्टर-प्राइस इक्वेलाइजेसन अवधारणा थप सान्दर्भिक हुन्छ किनभने आप्रवासनले देशबिच ज्यालालाई समान बनाउन मद्दत गर्छ। पूर्ण समानता प्राप्त गर्न सीमाविहीन श्रम आवागमन आवश्यक पर्छ, जुन असम्भव छ। तर, ट्रम्पले धेरै अमेरिकी मतदातालाई आप्रवासीले उनीहरूको आर्थिक र शारीरिक सुरक्षामा गम्भीर खतरा पुऱ्याउँछन् भनेर विश्वास दिलाउन सफल भएका छन्।



तस्बिर : द वासिंटन पोस्ट

यसैकारण, धेरैले उनको सामूहिक निर्वासन अभियानलाई समर्थन गरेका छन्, जसमा अपराध रेकर्ड नभएका व्यक्ति पक्राउ पर्ने, एसियाली आप्रवासीलाई मध्यअमेरिकी देशमा पठाइने र अभिभावकविहीन बाल आप्रवासीलाई तारो बनाउनेजस्ता गतिविधि समावेश छन्। विरोधाभास के छ भने अमेरिका स्वयं 'आप्रवासीको देश' हो। ट्रम्पले 'साँचो अमेरिकी' भन्नेहरू सबै आप्रवासीका सन्तान हुन्, जब कि मूल अमेरिकी अध्यागमन अधिकारीबाट सोधपुछ र नियन्त्रणमा परिरहेका हुन्छन्।

अमेरिकाको समृद्धि र पहिचानमा आप्रवासी सधैं महत्त्वपूर्ण छन्। सन् २०२२ मा यिनले १६ खर्ब डलरको आर्थिक गतिविधि सिर्जना गरे र पाँच सय ७९ अर्ब डलरभन्दा बढी कर तिरेका छन्। सन् २०२३ मा तिनको कर योगदान ६ अर्ब ५१ करोड ९० लाख डलर पुगेको थियो। ट्रम्पले 'अवैध' भनेर चित्रण गर्ने अनधिकृत आप्रवासीसमेत अमेरिकी अर्थतन्त्रका लागि अपरिहार्य छन्। कृषि र अन्य न्यून-तलबका काम स्थानीयले गर्न नचाहने हुँदा आप्रवासीले भरथेग गर्छन्। एक अध्ययनअनुसार, १३ लाख अनधिकृत आप्रवासी निष्कासन गरिए, सन् २०२८ सम्म अमेरिकी कुल गार्हस्थ्य उत्पादन १.२ प्रतिशतले घट्नेछ र रोजगारी दर १.१ प्रतिशत खस्कनेछ।

सन् २०२२ मा मात्र अनधिकृत आप्रवासीले लगभग ७६ अर्ब डलर कर तिरेका थिए। यस परिस्थितिमा भयको राजनीतिले अमेरिकालाई अँध्यारो दिशातर्फ लैजाँदै छ। त्यसैले ट्रम्पविरोधी विशेषतः डेमोक्र्याट नेताले कडा प्रतिक्रिया जनाउनुपर्छ, अर्थात् केवल भावना प्रदर्शन मात्र नभई गम्भीर एवं सुझबुझपूर्ण रणनीति अपनाउनुपर्छ। यसका लागि श्रमिक वर्गका मतदातासँग संवाद गर्दै वास्तविक तथ्य बुझाउनु आवश्यक छ। त्यसैगरी, श्रमिकका जायज चिन्तालाई बेवास्ता नगरी समाधान खोज्ने नयाँ नीति विकास गर्नुपर्छ। नत्र ट्रम्प र उनका समर्थकले जनताको निराशा, पूर्वाग्रह र भयलाई भड्काएर लोकतन्त्र नष्ट गर्ने, एकतन्त्रात्मक शासन लाद्ने र दोस्रो विश्वयुद्धपछि कायम रहेको विश्वव्यवस्थालाई ध्वस्त पार्ने प्रयास जारी राख्नेछन्।

(जापानी पूर्वप्रधानमन्त्री सिन्जो आबेका विशेष सल्लाहकार हमादा येल विश्वविद्यालयका एमरेट्स प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

दक्षिण अफ्रिकाको कुपोषण संकट र यसले निम्त्याउने जोखिम

खाद्य असुरक्षाबाट देशका ६३.५ प्रतिशत घरपरिवार प्रभावित छन् भने सामाजिक अनुदानमा भरपर्ने मानिसको संख्या अझै उच्च छ



● जुलियन मे
मे युनिभर्सिटी अफ द वेस्टर्न केपका डिएसटी-एनआरएफ सेन्टर अफ एक्सिलेन्स इन फुड सेक्युरिटीका निर्देशक हुन्



● थोकोजानी सिमलेन
थोकोजानी युनिभर्सिटी अफ जोहानसबर्गका प्राध्यापक हुन् ।

फेब्रुअरीको सुरुमा नौ वर्षीय दक्षिण अफ्रिकी बालक अल्टी विलार्डको मृत्यु यो देशमा निरन्तर खाद्य असुरक्षा संकटको दुखद प्रतिबिम्ब हो । उनको मृत्यु आफ्नो बुबासँग फोहोरको कन्टेनरमा खाना खोज्ने क्रममा विषाक्त चिज पिउँदा भएको थियो । देशको आर्थिक र प्राकृतिक स्रोतलाई ध्यानमा राख्दै भोकमरीबाट बच्न खोज्दा बच्चाको मृत्यु हुनु निकै गम्भीर विषय हो । दक्षिण अफ्रिकीसँग सम्पूर्ण राष्ट्रलाई खुवाउने क्षमता छ । तर, यो देश कुपोषणको तीन गुणा बोझसँग जुधिरहेको छ, जसमा न्युन पोषण र भोकमरी, सूक्ष्म पोषक तत्त्वको कमी र अस्वस्थ आहार पर्छन् । मानव विज्ञान अनुसन्धान परिषद् (एचएसआरसी)ले गरेको पछिल्लो खाद्य तथा पोषण सुरक्षा सर्वेक्षणअनुसार खाद्य असुरक्षाले देशका ६३.५ प्रतिशत घरपरिवारलाई असर गरेको छ । जसमध्ये १७.५ प्रतिशत गम्भीर समस्यामा छन् । खाद्य असुरक्षा केवल खानामा अपर्याप्त पहुँचको कुरा होइन । यो बाल कुपोषणसँग गहिरो रूपमा जोडिएको छ, जसको अर्थ खाद्य सुरक्षा भनेको पर्याप्त खानाको भण्डार हुनु मात्र होइन; यो बालबालिकाका लागि पौष्टिक खानाको उपलब्धता पनि हो ।

घरायसी खाद्य असुरक्षा र बाल कुपोषणबिचको सम्बन्ध स्पष्ट छ । पाँच वर्षमुनिका कम्तीमा एक बच्चा पुड्कोपनबाट पीडित घरपरिवारमा खाद्य असुरक्षा दर ८३.३ प्रतिशत छ । थप चिन्ताजनक रूपमा, रोकथाम गर्न सकिने तीव्र कुपोषणका कारण प्रत्येक वर्ष एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ । ६ वर्षमुनिका २७ लाख बालबालिका उनीहरूको आधारभूत पोषण आवश्यकता पूरा गर्नबाट वञ्चित घरपरिवारमा बस्छन् । कोभिड- १९ महामारीपछि खाद्य अभाव दर झन् खराब स्थितिमा छ । खाद्य मुद्रास्फीतिले संकटलाई झनै बढाएको छ । सर्वेक्षणले पाँच वर्षमुनिका २८.८ प्रतिशत बालबालिका पुड्कोपनबाट पीडित रहेको देखाएको छ, जुन दीर्घकालीन कुपोषणको सूचक हो । यसको अर्थ बालबालिका आफ्नो उमेरका लागि अपेक्षित उचाइभन्दा कम छन् । दक्षिण अफ्रिकी प्रारम्भिक बाल्यकाल समीक्षा २०२४ ले पनि यो निष्कर्षलाई पुष्टि गरेको छ । यो केप टाउन विश्वविद्यालयको बाल विकास संस्थान र प्रारम्भिक बाल्यकाल विकास गैरसरकारी संस्था इलिफा लाबन्तवानाले तयार पारेको बाल विकासको वार्षिक समीक्षा हो । यसले बढ्दो बाल कुपोषण र विशेष गरी गम्भीर तीव्र कुपोषणलाई प्रकाश पार्छ । सन् २०२० र २०२३ को बिचमा यस्ता केस ३३ प्रतिशतले बढे । २०२२/२३ मा मात्र १५ हजार बालबालिकालाई अस्पताल भर्ना गर्नुपरेको थियो ।

> तीव्र कुपोषणका कारण प्रत्येक वर्ष एक हजार बालबालिकाको मृत्यु हुने गरेको छ । ६ वर्षमुनिका २७ लाख बालबालिका उनीहरूको आधारभूत पोषण आवश्यकता पूरा गर्नबाट वञ्चित घरपरिवारमा बस्छन् । कोभिड- १९ महामारीपछि खाद्य अभाव दर झन् खराब स्थितिमा छ ।



व्यापक अनुसन्धान अनुभव, नीतिगत सल्लाह र खाद्य सुरक्षामा सक्रियताका आधारमा हामी तर्क गर्छौं कि खाद्य असुरक्षा केवल खाद्य आपूर्ति मुद्दाभन्दा माथि छ । यो प्रणालीगत असमानता, खाद्य प्रणाली गतिशीलता, गरिबी र नीतिमा असफलतासँग गहिरो रूपमा जोडिएको छ । यी संकटलाई सम्बोधन गर्न खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणमा गहिरो परिवर्तन आवश्यक पर्नेछ । यसका लागि सामाजिक संकट राहत अनुदानजस्ता अस्थायी राहत उपायबाट स्वस्थ फुड बास्केटको लागत कम गर्ने दिगो, संरचनात्मक समाधानमा परिवर्तन आवश्यक छ । यसको अर्थ कुनै पनि बच्चाले फोहोर फाल्ने कन्टेनरमा खाना खोज्नु पर्दैन ।

> कुपोषण रोक्न समुदाय र गैरसरकारी संस्थाले पनि पहल गरेका छन् । घर, विद्यालय, समुदाय र गैरसरकारी संस्थाद्वारा सञ्चालित खाद्य राहत कार्यक्रमले सहयोग प्रदान गरे पनि तिनीहरूमा दिगोपन र पहुँचको अभाव छ ।

कुपोषण संकट हटाउन केही समाधानका उपाय अवलम्बन गरिएका छन् । दक्षिण अफ्रिकामा सामाजिक अनुदानमा भर पर्ने मानिसहरूको संख्या सबैभन्दा बढी छ । कतिपय स्थानमा सुरक्षा स्थितिका बाबजुद खाद्य असुरक्षा कायमै छ, जसले गर्दा उनीहरूसँग अपर्याप्त स्रोतसाधन छ वा उनीहरूलाई प्रभावशाली ढंगले लक्षित गरिएको छैन ।

सामाजिक अनुदान

१४ वर्ष र सोभन्दा कम उमेरका लगभग ५८ प्रतिशत बालबालिकाले सामाजिक अनुदान प्राप्त गर्छन् । मुख्यतया, बाल सहयोग अनुदानमार्फत यस्तो अनुदान प्राप्त गर्छन् । यद्यपि, जन्मपछि शिशु दर्तामा ढिलाइका कारण सबैभन्दा साना बालबालिका विशेष गरी शिशुहरू अनुदानबाट वञ्चित हुने सम्भावना बढी हुन्छ । जन्मदेखि नै योग्य शिशुहरूको नामांकन गर्न सरकारी विभागबिच राम्रो समन्वय आवश्यक पर्दछ । यद्यपि, बालपोषण सुनिश्चित गर्ने लागतको सापेक्ष अनुदानको आकार, आवास र कपडाजस्ताअन्य घरायसी आवश्यकताको मागका कारणले गर्दा प्राप्त अनुदान खाद्य असुरक्षालाई न्यून गर्न पर्याप्त छैनन् ।

विद्यालय तथा प्रारम्भिक बाल्यकाल विकास कार्यक्रम वार्षिक ९० लाखभन्दा बढी बालबालिकासम्म पुग्छ । यी कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गरेका बालबालिकामा अन्यको तुलनामा राम्रो नतिजा आउने गरेको छ । त्यस्तै, कुपोषण रोक्नका लागि समुदाय र गैरसरकारी संस्थाले पनि पहल गरेका छन् । घर, विद्यालय, समुदाय र गैरसरकारी संस्थाद्वारा सञ्चालित खाद्य राहत कार्यक्रमले सहयोग प्रदान गरे पनि तिनीहरूमा दिगोपन र पहुँचको अभाव छ ।

सुधारका लागि सुझाव

मानव विज्ञान अनुसन्धान परिषद् (एचएसआरसी) र दक्षिण अफ्रिका प्रारम्भिक बाल्यकाल समीक्षा-२०२४ ले व्यापक, बहुक्षेत्रीय समाधानहरूको तत्काल आवश्यकतालाई प्रकाश पार्छ । त्यहाँ विभिन्न सुझाव पनि दिइएको छ । 'बाल सहयोग अनुदानको मूल्य बढाउनुहोस् । स्वास्थ्य, गृह मामिला र सामाजिक विकास विभागहरूबिचको राम्रो सहकार्यमार्फत शिशुहरू र साना बच्चाहरूलाई जन्मदेखि नै बाल सहयोग अनुदानमा भर्ना गरिएको सुनिश्चित गर्नुहोस्,' समीक्षामा भनिएको छ । विभिन्न सरकारी विभागमा नीतिलाई सुव्यवस्थित गर्न राष्ट्रिय खाद्य तथा पोषण सुरक्षा योजनामा प्रस्तावित राष्ट्रिय बहुक्षेत्रीय खाद्य सुरक्षा समन्वय निकाय स्थापना गर्न पनि सुझाव दिइएको छ । ब्राजिलले सफलतापूर्वक यस्तो दृष्टिकोण अपनायो ।

सरकारले प्रारम्भिक बाल्यकाल विकास पोषण कार्यक्रमहरू विस्तार गर्न आवश्यक छ । त्यस्तै, अनौपचारिक प्रारम्भिक बाल्यकाल विकास केन्द्र दर्ता गरेर ती केन्द्रमा खाद्य प्रावधानसुधार गर्न अनुदान बढाउनुपर्छ । सडक व्यापारसहित खाद्य व्यापारमा संलग्न महिलाहरू (जो घरको प्रमुख हुने सम्भावना बढी हुन्छ) का लागि राम्रो आर्थिक अवसरहरू सुनिश्चित गरेर खाद्य सुरक्षामा लैंगिक असमानतालाई सम्बोधन गर्नुपर्छ । घरपरिवारमा बालबालिकाको वृद्धि र पोषणको अनुगमन गर्न सामुदायिक स्वास्थ्यकर्मी प्रयोग गरेर समुदायमा आधारित स्वास्थ्य सेवा विस्तार गरिनुपर्छ ।

हेरचाहकर्ताको मानसिक स्वास्थ्यलाई ख्याल गरौं

गरिबीले हेरचाहकर्ताको मानसिक स्वास्थ्यलाई नकारात्मक रूपमा असर गर्छ, जसले गर्दा बाल पोषणमा असर पर्छ । खाद्य असुरक्षाको अनुभव गरिरहेका हेरचाहकर्तामा डिप्रेसन र निराशाको स्तर उच्च हुन्छ । यसले बालबालिकालाई आवश्यक पर्ने हेरचाह र ध्यान प्रदान गर्ने उनीहरूको क्षमतालाई सम्भावित रूपमा असर गर्छ । हेरचाहकर्तालाई आय सहयोग र सामुदायिक स्वास्थ्य सेवा विस्तार गर्नाले यो चक्रलाई कम गर्न सकिन्छ ।

अपांगता भएका बालबालिका र हेरचाहकर्ताहरू अर्को उदाहरण हुन् । उनीहरूले थप चुनौतीहरूको सामना गर्छन् । अन्तमा, मौसमी खेतीपाती गर्नेहरूका बच्चाहरू त्यतिबेला अत्यधिक जोखिममा हुन्छन् जतिबेला उनीहरूका हेरचाहकर्ता बेरोजगार हुन्छन् र बेरोजगारी बिमा कोष भुक्तानी प्राप्त गर्दैनन् । तत्काल खाद्य राहतले उनीहरूको आहारको गुणस्तर र मात्रामा उतारचढावलाई रोक्न सक्छ ।

- *द कन्भर्सेसनबाट*

नदोहोरियोस् अर्को इथियोपिया-इरिट्रिया युद्ध

इथियोपियाली सरकारले सन् २०२२ नोभेम्बरमा टिग्रे क्षेत्रको प्रतिद्वन्द्वी क्षेत्रीय सरकारसँग एक युद्धविराम सम्झौतामा हस्ताक्षर गऱ्यो । प्रिटोरिया सम्झौता भनिने त्यस सहमतिले २१औं शताब्दीको सबैभन्दा घातकमध्ये एक द्वन्द्व अन्त्य गऱ्यो । लाखौंको संख्यामा सेना, दर्शौं हजार यान्त्रिक एकाइ र वायुशक्ति प्रयोग भएको यो युद्धलाई आधुनिक सोम्मेको युद्ध मान्न सकिन्छ । सोम्मेको युद्ध पहिलो विश्वयुद्धका क्रममा लडिएकामध्ये सबैभन्दा ठुलो संघर्ष थियो, जुन सन् १९१६ मा फ्रान्सको सोमे नदीको किनारमा लडिएको थियो । विश्वसनीय अनुमानका अनुसार इथियोपियाको केन्द्र सरकार र टिग्रेको क्षेत्रीय सरकारबिचका युद्धमा मर्नेको संख्या ६ लाख नाघेको देखाउँछन् । यो संख्या वास्तविक मृत्यु संख्याभन्दा कम हुन सक्छ, धेरै होइन ।

प्रिटोरिया सम्झौताले इरिट्रिया र सुडानसँग जोडिएको इथियोपियाको उत्तरी प्रान्त टिग्रेमा अन्तरिम शासन स्थापना गर्ने व्यवस्था गरेको थियो । मार्चको मध्यमा त्यस प्रशासनले दोस्रो वर्ष टेक्दै गर्दा अहिले यो गम्भीर अवस्थामा छ । अबीले 'टिग्रे पिपुल्स लिबरेसन फ्रन्ट (टिपिएलएफ)'लाई कमजोर बनाउने प्रयास गर्दा इथोपियाली गृहयुद्ध चर्किएको थियो । सन् २०१८ मा प्रधानमन्त्री अबी अहमद सत्तामा आउनुअघिसम्म टिपिएलएफ देशभित्र मात्र त्यस भेगमै प्रभुत्व जमाएर बसिरहेको थियो । उसले सो शक्ति सन् १९९० को दशकमा इथियोपियाको कम्युनिस्ट तानाशाही शासन 'डर्ग'लाई ढाल्ने आन्दोलनको नेतृत्व गरेपछि हासिल गरेको थियो ।


> युद्ध रोक्न नसकेमा अहिले कंगो, सुडान र युक्रेनमा चलिरहेको संकटभन्दा ठुलो स्तरको द्वन्द्व उत्पन्न हुनेछ । त्यसको प्रभाव मुख्य युद्ध क्षेत्रमा मात्र सीमित नभएर सम्पूर्ण लालसागर क्षेत्रमा हुनेछ ।

अबीको आक्रमणपछि टिपिएलएफ कमजोर बन्यो । अहिले यो पार्टीभित्रका प्रतिद्वन्द्वी समूहबिचको संघर्षमा फसेको छ । एउटा गुटको नेतृत्व फ्रन्ट अध्यक्ष डेब्रेट्सन गेब्रेमाइकलले गरिरहेका छन् भने अर्कोको अन्तरिम प्रशासनका अध्यक्ष गेटाचेउ रेडाले गरिरहेका छन् । राजनीतिक प्रतिद्वन्द्विताको असर 'टिग्रेयन डिफेन्स फोर्सेस (टिडिएफ)'मा पनि पर्न थालेको छ । पछिल्लो युद्धमा देशको केन्द्रीय सैनिक र छिमेकी इरिट्रियाको सेनासँग लडेको समूह अहिले आफूआफूमै विभाजित भएको छ । मार्च १० मा गेटाचेउले तीन वरिष्ठ सेना कमान्डरहरूलाई हटाउन आदेश दिए । तिनले डेब्रेट्सनको गुटसँग मिलेर अन्तरिम प्रशासनविरुद्ध षड्यन्त्र रचेको उनको आरोप थियो । मार्च ११ मा, असन्तुष्ट टिडिएफ एकाइहरूले पूर्वी टिग्रे क्षेत्रका कैयौं सरकारी एकाइ कब्जामा लिएको रिपोर्टहरू बाहिरियो । तनावका बिच टिग्रेको प्रशासनविरुद्ध विद्रोह वा त्यहाँ केही नेताहरूको हत्याको जोखिमलाई अब बेवास्ता गर्न सकिँदैन ।

बढ्दो क्षेत्रीय र अन्तर्राष्ट्रिय अव्यवस्थाको बिचमा, टिग्रेमा राजनीतिक र सुरक्षा अवस्था बिग्रँदै गएको छ । यस अवस्थाले कुनै पनि समय इथियोपिया र इरिट्रियाबिच युद्ध भड्काउन सक्छ । इथोपिया-टिग्रेबिचको युद्धले नजिकैको सुडानमा चलिरहेको गृहयुद्धलाई थप बढाउन सक्छ । अन्ततः समग्र हर्न अफ अफ्रिकामै थप अस्थिरता उत्पन्न हुन्छ । 'हर्न अफ अफ्रिका'का घटनाक्रमलाई लालसागरको नियन्त्रणका लागि खाडी देशहरूबिचको प्रतिद्वन्द्विताको सन्दर्भमा हेर्नुपर्छ । उदाहरणका लागि, इथियोपिया संयुक्त अरब इमिरेट्स(युएई)सँग नजिक देखिएसम्म साउदी अरेबियाले लालसागरको तटमा इथियोपियाको सैन्य उपस्थितिलाई स्वागत नगर्न सक्छ ।

सन् १९९३ मा इथोपियाबाट स्वतन्त्र भएदेखि इरिट्रियामा इरिट्रियाको सरकार इरिट्रिया पिपुल्स लिबरेसन फ्रन्ट (इपिएलएफ)ले चलाइरहेको छ । इथोपियामा रहँदा डर्गविरुद्धको संघर्षमा इपिएलएफ र टिपिएलएफ संयुक्त रूपमा लडेका थिए । तर, १९९० को दशकको मध्यदेखि यी दुई पार्टीबिचको सम्बन्ध तिक्तापूर्ण बन्दै गयो । तिक्तता बढ्दै गएपछि सीमा विवादलाई कारण देखाउँदै सन् १९९८ मा इथियोपिया र इरिट्रियाबिच युद्ध नै भयो । सन् २०१८ मा अबी अहमद इथियोपियाको प्रधानमन्त्री बनेपछि उनले टिपिएलएफको शक्तिलाई कमजोर पार्नका लागि उसको प्रतिद्वन्द्वी इरिट्रियाका राष्ट्रपति इसियास अफवेर्कीसँग मेलमिलापको नीति लिए । यही घनिष्टताका कारण टिग्रेली सेनाविरुद्धको पछिल्लो द्वन्द्वमा इथियोपियालाई इरिट्रिया सरकारले सैन्य सहयोग गऱ्यो ।





● अलेक्ज्यान्डर रोन्डोस
युरोपेली आयोगका लागि 'हर्न अफ अफ्रिका'का विशेष प्रतिनिधि रहिसकेका रोन्डोस हाल युएस इन्स्टिच्युट अफ पिसमा लालसागर अध्ययन समूहका सहअध्यक्ष छन् ।



● पेटन नोफ
बाइडेन प्रशासनमा 'हर्न अफ अफ्रिका' क्षेत्रका लागि अमेरिकी उपविशेष दूत नोफ मध्य-पूर्व शान्तिका लागि अमेरिकी विशेष दूत जर्ज मिचेलका सल्लाहकारसमेत थिए ।

इथियोपियाको केन्द्र सरकार र इरिट्रियाबिचको सैन्य गठबन्धन प्रिटोरिया सम्झौताद्वारा तोडिएको थियो । सम्झौतामा इरिट्रियाले इथोपियाभित्र रहेका उसका सेना फिर्ता लिनुपर्ने बुँदा समेटिएको छ । तर, इरिट्रियाली नेता इसियास सो सम्झौतामा हस्ताक्षरकर्ताको रूपमा समावेश गरिएका थिएनन् ।

पछिल्लो समय इथोपिया-इरिट्रियाको सम्बन्धमा अविश्वास हाबी देखिन्छ । दुई देशले पारस्परिक दोषारोपण लगाइरहेका छन् । अदिस अबाबाले इसियासको सरकारमाथि प्रिटोरिया सम्झौतालाई कमजोर बनाएको र टिग्रे क्षेत्रलाई अस्थिर बनाएको आरोप लगाइरहेको छ । त्यस्तै, इथियोपियामा सक्रिय अन्य विद्रोही समूहहरूलाई पनि उसले समर्थन गरेको आरोप लगाइएको छ । आस्मारालेभने भूपरिवेष्टित इथियोपियाको लालसागरमा पहुँच पाउन यस्तो विवाद निकालेको मान्दै आएको छ । इथियोपिया फेरि इरिट्रियालाई कब्जामा लिने र उसका असाब र मसावास्थित बन्दरगाहमाथि पकड बनाउने दाउमा रहेको उसको विश्वास छ ।

अहिले इथियोपियाली संघीय सेना, इरिट्रियाको रक्षा बल र टिग्रे डिफेन्स फोर्सेस सबै तीव्र रूपमा परिचालन भइरहेका छन् । तिनको तैनाथीको गति र परिणामले द्वन्द्व कुनै पनि वेला भड्किने संकेत दिन्छ । टिग्रेको अन्तरिम प्रशासनका उपराष्ट्रपति तथा अफ्रिकाका अग्रणी जनरलमध्ये एक सदुखान गेब्रेटेन्साईले मार्च १० मा यस विषयमा सार्वजनिक चेतावनी नै दिए । एकपटक फौज परिचालित भरिएपछि तिनलाई पुनः ब्यारेकमा फर्काउन गाह्रो हुन सक्छ । त्यसैले संयमता तथा नियन्त्रणका कदम चाल्न ढिलो गर्नुहुँदैन ।

युद्ध भड्किएमा द्वन्द्व महिनौ र वर्षौं लम्बिने सम्भावना छ । लालसागरको दुवैछेउका ठुलो भूभाग यस युद्धबाट प्रभावित हुनेछ । मध्यपूर्व र अझ टाढाका बाह्य शक्तिको यस युद्धमा चाख हुनेछ । सरल भाषामा भन्दा, टिग्रेमा अब हुने युद्ध टिग्रे मात्र सीमित रहने छैन । हर्न अफ अफ्रिका पहिलेदेखि सुडानको गृहयुद्धको बाछिटाबाट पीडित छ । गृहयुद्धले अहिले विश्वकै सबैभन्दा ठुलो मानवीय संकट उत्पन्न गरेको छ । युद्धमा छिमेकी इथियोपिया, टिग्रे र इरिट्रिया मात्र होइन मध्यपूर्वी शक्तिहरू कुनै न कुनै रूपमा संलग्न भएका छन् ।

सुडानी सेनाले टिग्रे युद्धको समयमा टिग्रे डिफेन्स फोर्स (टिडिएफ)लाई शरण र आपूर्ति प्रदान गरेको थियो । अहिले टिडिएफका एकाइ र इरिट्रियाली रक्षा बलले सुडानी सेनालाई सघाइरहेको छ । सुडानको छिमेकी दक्षिण सुडान ठुलो हिंसाको सँघारमा छ । सोमालियामा सोमाली सरकार र इस्लामी लडाकुहरूबिचको द्वन्द्व अझै रोकिएको छैन । इरिट्रियाको तटबाट १८० माइल मात्रै टाढा रहेको यमनका हुथीहरूले लालसागरका ढुवानीमाथको आक्रमण जारी राखेका छन् ।

इथियोपिया र इरिट्रियाबिचको युद्ध भड्कियो भने त्यसले उत्तर-पूर्वी अफ्रिका र भूराजनीतिक रूपमा महत्त्वपूर्ण लालसागरलाई पनि आफूसँगै लपेट्नेछ । यसले सुडानको हिंसामा आगोमा घ्युको काम गर्नेछ । अर्को अफ्रिकी देश चाडलाई थप अस्थिर बनाउनेछ । पहिलेदेखि आतंकसँग लडिरहेको साहेल उठ्ने नसक्ने द्वन्द्वमा तानिनेछ । इथियोपिया-इरिट्रियाको तनाव यस बिन्दुमा पुगिसक्यो कि अब द्वन्द्व रोक्न बहुपक्षीय समिति गठन गरेर कूटनीतिक प्रयास सुरु गर्ने समय पनि बाँकी छैन । सबैभन्दा छिटो प्रभावका लागि ती देशमाथि निर्णायक प्रभाव भएका साउदी अरेबिया र युएईजस्ता देशहरूले सम्भावित द्वन्द्वलाई रोक्न तत्काल आह्वान गरिहाल्नुपर्छ । अन्यथा त्यहाँको द्वन्द्व लालसागर हुँदै फैलिएर तिनै दैलोमा आइपुग्नेछ ।

प्रिटोरिया सम्झौतालाई सुदृढ पार्न पश्चिमी र मध्य-पूर्वी राज्यहरूको गठबन्धनको उच्च दबाब दिएमा द्वन्द्वतर्फ उन्मुख खेलाडी र तिन समर्थकहरूलाई केही समय रोक्न सक्छ । यसले गम्भीर र व्यावहारिक कूटनीतिका लागि समय बचाउनेछ । त्यसो गर्न नसकेमा अहिले कंगो, सुडान र युक्रेनमा चलिरहेको संकटभन्दा ठुलो स्तरको समस्या उत्पन्न हुनेछ । त्यसले सम्पूर्ण लालसागर क्षेत्रमा अराजकता सिर्जना गर्ने पक्का छ ।

फरेन पोलिसीबाट

इतिहासमा आज

मार्च १७



सन् १९९२ : दक्षिण अफ्रिकामा रंगभेदको अन्त्य । जनमतसंग्रहमा ६८.७ प्रतिशत श्वेत दक्षिण अफ्रिकीले मुलुकमा जातीय विभेद उन्मूलनको पक्षमा मतदान गरेका थिए ।

सन् १९४१ : वासिङटन डिसीमा नेसनल ग्यालरी अफ आर्ट खुल्यो । यो ग्यालरी अहिले विश्वका सबैभन्दा उत्कृष्ट कलासंग्रहका लागि चिनिन्छ ।

सन् १९५९ : दलाई लामा तिब्बतबाट भारत भागे । ल्हासामा चिनियाँविरुद्ध विद्रोह उठेपछि १४औं दलाई लामा रहेका तेन्जिन ग्यात्सोका अनुयायी र सल्लाहकार उनको जीवन खतरामा पर्न सक्ने डरमा थिए ।

सन् १९६९ : गोल्डा मेर इजरायलको पहिलो महिला प्रधानमन्त्री बनिन् । बेलायती प्रधानमन्त्री मार्गरेट थ्याचर शक्तिमा आउनुभन्दा धेरै पहिले नै इजरायलमा मेर 'आइरन लेडी'का रूपमा चिनिन्थिन् ।

सन् १९९३ : कलकत्तामा भएको बम आक्रमणमा ८६ को मृत्यु । बाउबजारमा जुवा खेलाउने मोहम्मद रसिद खानले थुपारिराखेका बम रातको समयमा एकाएक विस्फोट हुँदा यो हताहती भएको थियो ।

बंगलादेशमा २० विद्यार्थीको मृत्युदण्ड सदर

ढाका/ बंगलादेशको एक अदालतले आइतबार सन् २०१९ मा सरकारको आलोचना गर्ने एक सहपाठी विद्यार्थीको हत्या गरेको आरोपमा विश्वविद्यालयका २० जना विद्यार्थीको मृत्युदण्डको सजायलाई सदर गरेको छ । तत्कालीन सेख हसिनाको सरकारले भारतसँग पानी बाँडफाँड सन्धिमा हस्ताक्षर गरेकोमा फेसबुक पोस्टमा आलोचना गरेको केही घण्टापछि बंगलादेश युनिभर्सिटी अफ इन्जिनियरिङ एन्ड टेक्नोलोजी (बुइट) का २१ वर्षीय विद्यार्थी अबरार फहादको हत्या भएको थियो ।

फहादलाई २५ विद्यार्थीको समूहले क्रिकेट ब्याटले करिब ६ घण्टासम्म कुटेर हत्या गरेको थियो । उनीहरू सबै बंगलादेश छात्र लिगका सदस्य थिए । बंगलादेश छात्र लिग पूर्वप्रधानमन्त्री हसिनाको राजनीतिक दल अवामी लिगको विद्यार्थी शाखा हो । गत वर्ष विद्यार्थी नेतृत्वको विद्रोहपछि हसिना अपदस्थ हुनुअघि विश्वविद्यालय परिसरमा आतंक शासन सिर्जना गरेको आरोप उक्त विद्यार्थी शाखामाथि लगाइएको थियो ।

'म सन्तुष्ट छु । कानुनी प्रक्रिया चाँडै पूरा हुनेछ,' फहादका बुबा बरकत उल्लाले आइतबार अदालतले फैसला सुनाएपछि पत्रकारहरूलाई भने, 'म आफ्ना छोराहरूलाई शीर्ष विश्वविद्यालयमा पठाउने अभिभावकहरूलाई दोष दिन चाहन्नँ, तर तिनीहरू खराब राजनीतिमा संलग्न भए । म अरूलाई हानिकारक गतिविधिहरूबाट टाढा रहन आग्रह गर्दछु ।'

फहादको हत्याले देशव्यापी विरोध प्रदर्शन निम्त्यायो । प्रदर्शनले हसिना सरकारलाई दोषीलाई उच्चतम सजाय दिने वाचा गर्न बाध्य तुल्याएको थियो ।

अर्थ पत्रिका

नयाँ पत्रिका
सोमबार ४ चैत ०८१

संक्षेप

नेप्सेको सिइओका लागि सर्टलिस्टमा पाँचजना

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से)को प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदका लागि सर्टलिस्ट (संक्षिप्त सूची)मा पाँचजना छनोट भएका छन् । नेप्से सिइओ पदका लागि गठित सिफारिस समितिले आइतबार पाँचजनाको सर्टलिस्ट सार्वजनिक गर्दै अन्तर्वार्ताका लागि बोलाएको हो ।

नेप्सेको सिइओ बन्न १० जनाको आवेदन परेको थियो । संक्षिप्त सूचीमा झापाका चूडामणि चापागाईं, सर्लाहीका नारदकुमार लुईंटेल, इलामका पूर्णप्रसाद आचार्य, नुवाकोटका बद्रीप्रसाद प्याकुरेल र पाल्पाकै हेमन्त वश्याल रहेका छन् । सर्टलिस्टमा परेका पाँचैजनालाई व्यावसायिक कार्ययोजनाको प्रस्तुति र अन्तर्वार्ताका लागि ६ चैतमा बोलाइएको छ ।

गत २५ माघमा कृष्णबहादुर कार्की सेवानिवृत्त भएसँगै रिक्त बनेको नेप्सेको सिइओको पदपूर्तिका लागि समितिले १२ फागुनमा आवेदन माग गरेको थियो । 'नेप्सेको सिइओ पदमा खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्न १२ र १८ फागुनमा सूचना प्रकाशन गरिएकोमा रीतपूर्वक आवेदन दिनुभएका आवेदकको शैक्षिक योग्यता र व्यावसायिक कार्ययोजनाको मूल्यांकन गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवार छनोट हुनुभएको छ', समितिको सूचनामा उल्लेख छ ।

सिबिफिन र काठमाडौं फिनटेकबिच रणनीतिक साझेदारी सम्झौता

काठमाडौं/ बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (सिबिफिन) र काठमाडौं फिनटेक प्रालि (केएफ)बिच नेपाली बैंकिङ क्षेत्रमा डिजिटल परिवर्तन, नेतृत्व विकास तथा सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले रणनीतिक साझेदारी गर्ने सम्झौता भएको छ । सोमबार भएको सम्झौतामा सिबिफिनका महानिर्देशक रोशन कोइराला र काठमाडौं फिनटेकका संस्थापक सञ्जीव सुब्बाले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार दुई संस्थाले बैंक तथा वित्तीय संस्थाका सञ्चालक समिति सदस्यका लागि नवीनतम प्रविधि, नीति, अभ्यास, नियमन, सुशासन, अनुपालना, रणनीतिक वित्तीय व्यवस्थापन, बैंकिङ क्षेत्रमा डिजिटल प्रविधि एवं फिनटेक अपनाउने प्रक्रिया र साइबर सुरक्षासम्बन्धी अभिमुखीकरण तालिम तथा प्रशिक्षण कार्यक्रम र उच्चस्तरीय सम्मेलन आयोजना गर्न सहकार्य गर्नेछन् ।

त्यस्तै, रणनीतिक नेतृत्व विकास तथा निर्णय क्षमता अभिवृद्धिको विशेष तालिम सञ्चालन गर्ने, बैंकिङ पहुँच एवं समावेशी वित्तीय साक्षरता प्रवर्द्धन, नैतिक बैंकिङ अभ्यास तथा सुशासन अभिवृद्धि गर्ने परियोजना सञ्चालन गर्ने कार्यमा सहकार्य गरिने सम्झौतामा उल्लेख गरिएको छ । काठमाडौं फिनटेकले कार्यक्रम आयोजना, स्रोत व्यवस्थापन तथा प्राविधिक विशेषज्ञता प्रदान गर्नेछ भने सिबिफिनले परियोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहयोग गर्ने उल्लेख गरिएको छ ।

■ उद्योगी-प्राधिकरण विद्युत् महसुल बक्यौता विवाद

ऊर्जामन्त्रीले बनाएको समितिबाट काम नगराउन सर्वोच्चको अन्तरिम आदेश



प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ भन्छन्-

अहिले सर्वोच्च अदालतले बक्यौता जाँचबुझ समितिबाट काम-कारबाही नगराउन अन्तरिम आदेश दिएको छ, अब बक्यौता असुलीको विषयमा कसरी अघि बढ्ने भन्ने विषयमा छलफल गरेर निर्णय गर्नेछौं ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले उद्योगीलाई पठाएको बिलमा टिओडी मिटरको विवरण सच्याउने अधिकारसहित ऊर्जामन्त्री दीपक खड्काले गठन गरेको बक्यौता जाँचबुझ समितिलाई काम नगराउन सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ । लोडसेडिङमा डेडिकेटेड फिडर र ट्रंकलाइनबापत विद्युत् प्रयोग गरेका उद्योगले अर्बौं बक्यौता तिर्न अटेर गरिरहेका वेला उनीहरूलाई नै लाभ पुग्ने गरी निर्णय गराउन मन्त्री खड्काले गत २ मंसिरमा प्रा.डा. अरविन्दकुमार मिश्रको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेका थिए । आइतबार सर्वोच्चका न्यायाधीशद्वय सारंगा सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले उक्त समितिबाट कुनै पनि काम-कारबाही नगर्न-नगराउन अन्तरिम आदेश दिएको हो ।

सर्वोच्चमा रिट दर्ता गर्ने अधिवक्ता खडानन्द कँडेलले अन्तरिम आदेश जारी भएको र लिखित भने सोमबार आउने जानकारी दिए । 'उद्योगीको बक्यौता जाँच गर्न भन्दै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले २ मंसिरमा समिति बनाएको थियो । त्यो समिति गैरकानुनी भएको भन्दै खारेज गर्न माग गरेर १३ मंसिरमा सर्वोच्चमा रिट दर्ता गरेका थियौं,' उनले भने, 'त्यसमा सर्वोच्चले अन्तरिम आदेश जारी गरेको छ । अब मन्त्रालयले बनाएको समितिले कुनै पनि काम गर्न पाउनेछैन ।'

योसँगै नेपाल विद्युत् प्राधिकरणलाई उद्योगीबाट बक्यौता उठाउने बाटो खुला हुने पनि देखिएको छ । उद्योगहरूलाई लोडसेडिङका वेला ६५ प्रतिशत प्रिमियम शुल्क लिने सर्तमा २४ घण्टासम्म विद्युत् दिइएको थियो । त्यसमा केही उद्योगीले नियमित महसुल तिरे पनि प्रिमियम महसुल तिर्न आनाकानी गर्दै आएका छन् । प्राधिकरणका अनुसार ३५ उद्योगी सात अर्बभन्दा बढी बक्यौता तिर्ने प्रक्रियामा आएका छैनन् ।

■ ऊर्जामन्त्री खड्काले गरे सञ्चालक समितिको बैठक स्थगित



ऊर्जामन्त्री दीपक खड्काले आइतबार बिहान आह्वान गरेको प्राधिकरण सञ्चालक समितिको बैठक स्थगित गरेका छन् । प्राधिकरणको अध्यक्षसमेत रहेका उनी आफैंले आइतबार बिहान नौ बजे बैठक बोलाएका थिए ।

स्रोतका अनुसार प्राधिकरणको व्यवस्थापनले बैठकको एजेन्डामा ३० माघमा नयाँदिल्लीमा सम्पन्न नेपाल-भारत पावर एक्सचेन्ज कमिटी (पिइसी)को १६औं बैठकमा भएको समझदारीलाई पनि राखेको थियो । बैठकमा नेपालले बिहार र उत्तरप्रदेशबाट खरिद गर्ने विद्युत्को शुल्क ७.९८ भारुबाट १.५० प्रतिशतले बढाएर प्रतियुनिट ८.१ भारु पुऱ्याउने समझदारी भएको थियो । त्यसमा हस्ताक्षर गरेको भन्दै कार्यकारी निर्देशक घिसिङलाई मन्त्रालय मात्रै होइन, मन्त्रिपरिषद्ले नै स्पष्टीकरण सोधिसकेको छ । तर, सोही विषयमा एजेन्डामा आउने देखिएपछि मन्त्री खड्काले सञ्चालक समितिको बैठक स्थगित गरेको स्रोतको भनाइ छ । त्यो एजेन्डामा स्वीकृत वा अस्वीकृत जे भए तापनि मन्त्री खड्कालाई अप्ठ्यारो पर्ने थियो । त्यसैले उनले बैठक स्थगित गरेको स्रोतको भनाइ छ ।

पिइसी बैठकमा भएको समझदारी कार्यान्वयन गर्न प्राधिकरणको सञ्चालक समितिबाट पारित गरी विद्युत् नियमन आयोगबाट अनुमोदन गर्नुपर्छ । अन्यथा त्यो कार्यान्वयन हुँदैन । तर, त्यो प्रक्रिया पूरा नहुँदै कार्यकारी निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोधिएको थियो । त्यही विषय एजेन्डामा पर्दा आफूलाई अप्ठ्यारो पर्ने देखिएपछि मन्त्री खड्काले बैठक स्थगित गरेको बताइएको छ । मन्त्री खड्काले २६ पुसयता प्राधिकरण सञ्चालक समितिको बैठक राखेका छैनन् ।



प्राधिकरणले पछिल्लोपटक उद्योगीलाई बक्यौता तिर्न १२ मंसिरसम्मको अल्टिमेटम दिएको थियो । सोही समयमा ऊर्जामन्त्री खड्काले उद्योगीको बक्यौता घटाउने उद्देश्यसहित बक्यौता जाँचबुझ समिति गठन गरेका थिए । त्यही समितिलाई देखाएर ११ मंसिर र ९ फागुनमा विद्युत् नियमन आयोगले प्राधिकरणलाई अर्को निर्देशन नआएसम्म बक्यौता असुलीको काम-कारबाही यथास्थितिमा राख्न भनेको थियो । त्यसपछि प्राधिकरणले थप कारबाही गरेको छैन । सर्वोच्चको अन्तरिम आदेशसँगै आयोगले दिएको निर्देशन पनि कार्यान्वयन नहुने देखिएको छ । योसँगै अब प्राधिकरणलाई उद्योगीबाट बक्यौता असुल गर्न बाटो खुला हुने देखिएको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अब आवश्यक छलफल गरेर बक्यौता असुलीबारे निर्णय गर्ने बताए । 'अहिले सर्वोच्च अदालतले उक्त जाँचबुझ समितिबाट काम-कारबाही नगराउन अन्तरिम आदेश दिएको छ,' उनले भने, 'अब बक्यौता असुलीको विषयमा कसरी अघि बढ्ने भन्ने विषयमा छलफल गरेर निर्णय गर्नेछौं ।'

विद्युत् नियमन आयोग ऐन, २०७४ ले जाँचबुझ तथा निरीक्षण गर्ने अधिकार स्पष्ट रूपमा आयोगलाई दिएको देखिन्छ । सोअनुसार पछिल्लो बक्यौता विवादमा पनि आयोगले आवश्यक जाँचबुझ गर्न वा गराउन सक्नेछ । तर, मन्त्रालयले ऊर्जासम्बन्धी सरकारी निकायहरूको संयन्त्रबाहिरबाटै जाँचबुझ समिति बनाएको थियो । मन्त्री खड्काले ४ पुसको प्राधिकरण सञ्चालक समितिको बैठकबाट उक्त समितिको आर्थिक दायित्वसमेत प्राधिकरणबाट व्यहोर्नुपर्ने निर्णय गराएका थिए । त्यसमा कार्यकारी निर्देशक घिसिङले उक्त समितिको कानुनी आधार नभएको र सर्वोच्चमा समेत मुद्दा विचाराधीन भएको भन्दै प्राधिकरणले आर्थिक दायित्व लिन नहुने भन्दै 'नोट अफ डिसेन्ट' बुझाएका थिए । त्यसरी दिइएको नोट अफ डिसेन्टलाई समेत आधार बनाएर २२ पुसमा मन्त्री खड्काले पदबाट हटाउने धम्कीसहित कार्यकारी निर्देशक घिसिङलाई पहिलोपटक स्पष्टीकरण सोधेका थिए । तर, अहिले सोही समितिबाट कुनै पनि काम-कारबाही नगर्न अन्तरिम आदेश आएसँगै प्राधिकरणको सञ्चालक समितिबाट गराइएको उक्त निर्णय पनि कार्यान्वयन नहुने भएको छ ।

■ लोडसेडिङ हुने जोखिम

पिइसी बैठकमा भएको समझदारी कार्यान्वयन नभएमा नेपालमा रातको समयमा ऊर्जा संकट आउने जोखिम छ । भारतले दिएको पूर्वस्वीकृतिअनुसार प्राधिकरणले आइतबारदेखि नै रातिको समयमा भारतको इनर्जी एक्सचेन्ज मार्केटबाट विद्युत् खरिद गर्न पाएको छैन । त्यसबाट ६ सय ५४ मेगावाटसम्म विद्युत् आयात गर्न पाइन्थ्यो । तर, रातिको समयमा विद्युत् आयात गर्न नपाउँदा माग व्यवस्थापन गाह्रो भएको छ ।

त्यहाँबाट विद्युत् नपाएको अवस्थामा पावर एक्सचेन्ज कमिटीमार्फत आयात गरिने विद्युत् उपयुक्त विकल्प हुने गर्छ । यसमार्फत २५०-३०० मेगावाट हाराहारीमा विद्युत् २४ घण्टा नै आयात गर्न पाइन्छ । पुरानो सम्झौताअनुसार अझै चैत १८ (मार्च ३१ तारिख)सम्म यसअनुसार विद्युत् आयात गर्न पाइन्छ । तर, चैत १९ गतेदेखि यसअनुसार विद्युत् आयात गर्न ३० माघमा पावर एक्सचेन्ज कमिटीको बैठकमा भएको समझदारी लागू हुनुपर्छ । त्यो समझदारी कार्यान्वयन नभएमा वा अन्य विकल्प पनि देखिएमा रातिको समयमा औद्योगिक क्षेत्रमा विद्युत् कटौतीको जोखिम आउने प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

स्रोतका अनुसार कुलमानलाई खराब देखाउन मन्त्री खड्का कुनै पनि हालतमा लोडसेडिङ गराउने योजनामा छन् । त्यसैले उनले भारतबाट विद्युत् आयात गर्ने मामिलामा सहजीकरण नगरेको स्रोतको भनाइ छ ।

'उद्यम र रोजगारीमा महिलालाई अघि बढाउनुपर्छ'

नयाँ पत्रिका

प्रधानमन्त्री केपी ओलीले शिक्षा, उद्यम र रोजगारी आदि क्षेत्रमा महिलालाई अगाडि बढाउनुपर्ने बताएका छन् । नेपाल उद्योग परिसंघले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयसँगको सहकार्यमा आयोजना गरेको वुमेन लिडरसिप समिट २०२५ कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

प्रधानमन्त्री ओलीले नेपाली परम्परा र संस्कृतिले महिलालाई देवीसरह मान्दै परिवर्तनशील र गतिशील शक्तिका रूपमा चित्रण गरेकाले महिलाको समान सहभागिता आवश्यक भएकोमा जोड दिए । 'महिला र पुरुषसहितको समान सहभागिताबाट सिंगो समाजलाई अगाडि बढाउनुपर्छ,' प्रधानमन्त्रीले भने, 'राष्ट्रपति, प्रधानन्यायाधीशलगायत विशिष्ट पदमा हामीले महिलालाई पाइसकेका छौं । राजनीतिमा महिलाको सहभागिता बढ्दो छ । यो खुसीको विषय हो, तर हामी यसमा



मात्रै सन्तुष्ट मानेर बस्नुहुँदैन । हामीले शिक्षा, उद्यम र रोजगारी आदि क्षेत्रमा महिलालाई अगाडि बढाउनुपर्छ ।'

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले वर्तमान सरकारले निजी क्षेत्रको सहकार्यमा औद्योगिकीकरणको प्रवर्द्धनलाई प्राथमिकता दिएको बताए । कार्यक्रममा प्रधानमन्त्री ओलीले राष्ट्रिय फुटबल खेलाडी प्रीति राई र अभियन्ता रुक्साना कपालीलाई सम्मान गरेका थिए ।

परिसंघका अध्यक्ष राजेश कुमार अग्रवालले 'महिला नेतृत्व सम्मेलन' केवल सम्मेलन मात्रै नभएर महिलाहरूलाई आर्थिक, सामाजिक, राजनीतिक एवं समावेशिताका साथ अगाडि बढाउने तथा प्रोत्साहन गर्ने एउटा अभियान पनि भएको बताए ।

भरतपुर र रत्ननगरका दुई सय ५३ सुकुमवासी घरधुरीलाई लालपुर्जा वितरण

नयाँ पत्रिका

चितवनको भरतपुर महानगर र रत्ननगर नगरपालिकाका दुई सय ५३ भूमिहीन दलित तथा सुकुमवासी घरपरिवारलाई जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) वितरण गरिएको छ । भरतपुर महानगरपालिका वडा न ११ का एक सय १६, वडा नम्बर १५ का नौ र वडा नम्बर २६ का चार गरी एक सय २९ र रत्ननगरका एक सय २४ घरधुरीलाई आइतबार एक कार्यक्रमबिच लालपुर्जा वितरण गरिएको हो ।



लालपुर्जा वितरण गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले अबको असारसम्म एक लाख भूमिहीन, सुकुमवासीलाई लालपुर्जा वितरण गर्ने बताए । भूमि समस्या समाधान आयोगमा नयाँ नेतृत्व आएपछि पहिलोपटक चितवनबाट जग्गाधनी प्रमाण पुर्जा वितरण सुरु भएको हो । उनले भूमिसम्बन्धी समस्या समाधानका लागि सरकारले नयाँ कानुनको व्यवस्था गर्ने बताए । अहिले गौचरन, चिहानडाँडा, मध्यवर्ती क्षेत्र, वन क्षेत्र, नुन खर्कलगायतका क्षेत्रका बस्तीमा समस्या देखिएको बताउँदै उनले यस्ता समस्या समाधानका लागि सरकारले काम गरिरहेको बताए ।

सो अवसरमा भूमि समस्या समाधान आयोगका अध्यक्ष हरिप्रसाद रिजालले जनता राज्यका शक्ति भएकाले उनीहरूलाई जग्गाधनी प्रमाण पुर्जा दिनु सरकारको मुख्य दायित्व रहेको बताए । तीन वर्षभित्र १० लाख ९७ हजार ६ सय ७० जनाको समस्या समाधान गर्ने गरी काम अघि बढाइएको बताए । आयोगका उपाध्यक्ष सनतकुमार कार्कीले सुकुमवासी समस्या समाधानका लागि आयोगले तीव्र गतिमा काम गर्ने बताए ।

यस्तै, कार्यक्रमलाई सम्बोधन गर्दै भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले सुकुमवासीलाई जग्गा दिने विषयलाई राजनीतीकरण गर्न नहुने तर्क गरिन् । 'सुकुमवासीलाई लालपुर्जा दिने विषयमा भरतपुरमा कुनै पनि राजनीतिक गन्ध देखिनेछैन, उनले भनिन्, 'हामी नागरिकप्रति जिम्मेवार छौं । स्थानीय सरकार भरतपुर महानगर जिम्मेवार छ ।'

Gandaki Province Government
Ministry of Health

Provincial Public Health Laboratory

Gandaki Province, Pokhara, Nepal

Notice of Intention to Award

Date of Notice: 17th March, 2025 (04th Chaitra, 2081)

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PPHL, Gandaki intends to award the contracts to the same.

S. N.	IFB no	Name of Successful Bidder	Total Amount NPR (Inclusive of VAT)
1	PPHL/G/NCB-1/2081-82 (Procurement of Histopathology Equipment's) 1.1 Microtome	SRJ Trading Concern Pvt. Ltd.	NPR. 983100.00
2	PPHL/G/NCB-1/2081-82 (Procurement of Histopathology Equipment's) 1.2 Tissue Processor	Asian Global Trading Pvt. Ltd.	NPR. 604550.00
3	PPHL/G/NCB-1/2081-82 (Procurement of Histopathology Equipment's) 1.3 Hot Air Oven	Sudeep International Pvt. Ltd.	NPR. 33335.00
4	PPHL/G/NCB-1/2081-82 (Procurement of Histopathology Equipment's) 1.4 Floating Bath	JHS Analytic Traders Pvt. Ltd.	NPR. 27120.00
5	PPHL/G/NCB-2/2081-82 (Procurement of Laboratory Equipment's) 2.1 Fully Automated ELISA	Life Sciences Solutions	NPR. 3559500.00
6	PPHL/G/NCB-2/2081-82 (Procurement of Laboratory Equipment's) 2.2 Biochemistry Analyzer	No Bidder Participated.	
7	PPHL/G/NCB-2/2081-82 (Procurement of Laboratory Equipment's) 2.3 Blood Culture System	Everest Trade Link	NPR. 2034000.00

Director General

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali, Kathmandu
Bagmati Province, Nepal

Re-Invitation for Bids

(Date of Second Publication: 2081/12/04 (17th March, 2025))

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the procurement of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract no./ID	*Description of Works*	*Total Estimated Amt (With VAT) Nrs.*	*Bid Security Amt (Nrs.)*	*Bid validity / bid security/period*	*Bid Document Fee (Nrs.)*
TARA/6/ NCB/081-082	Construction works of Tarakeswor na pa 7 suryodaya tol thapa gaau sadak staronnati	38,87,306.08	98,000	90/120 days	3,000

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.

Information of bank account

i. Name of the Bank: NIC Asia Bank Manamaiju, Kathmandu
ii. Name of Office: Tarakeshwor Nagarpalika Office
iii. Rajaswa Khata No : 0172050029446002
iv. Dharauti Khata no: 17CA501509524006

3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before ***2081/12/19 (1st April, 2025)*** 12:00 hours.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2081/12/19 (1st April, 2025)*** 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

७९ जनालाई सिटिजन्स बैंकको 'दीर्घ सेवा सम्मान'

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनलले बैंकमा लामो समय काम गरेका कर्मचारीलाई 'दीर्घ सेवा सम्मान' गरेको छ। केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रमबिच बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) गणेशराज पोखरेलले १० वर्ष सेवा गरेका ६१ जना र १५ वर्ष सेवा प्रवाह गरेका १८ जना गरी जम्मा ७९ जना कर्मचारीलाई प्रमाणपत्रसहित 'दीर्घ सेवा सम्मान' प्रदान गरेका हुन्। साथै, बैंकले १९औँ वर्ष प्रवेशका अवसरमा एकमहिने वार्षिक उत्सवसम्बन्धी कार्यक्रम



गरिरहेको छ। ७ चैतदेखि बैंक स्थापनाको १९औँ वर्षमा प्रवेश गर्दै छ।

कार्यक्रममा बोल्दै सिइओ पोखरेलले बैंक अहिलेको अवस्थासम्म आइपुग्नुमा कर्मचारीको मिहिनेत, लगनशीलता, प्रतिबद्धता र जिम्मेवारी रहेको उल्लेख गरे। सोही समारोहमा बैंकले नयाँ वर्ष ०८२ को क्यालेन्डर पनि सार्वजनिक गरेको छ।

'भ्वाइस युनिभर्स' र 'डान्स युनिभर्स'को पूर्वी अडिसन सुरु

काठमाडौं/ सर्वाधिक पुरस्कार राशि रहेका दुई रियालिटी सो 'मेरो भ्वाइस युनिभर्स' र 'मेरो डान्स युनिभर्स'को पूर्वी अडिसन शनिबारदेखि सुरु भएको छ। अडिसन कार्यक्रममा आयोजक संस्था इन्ट्रा नेसनल वेलफेयर एन्ड सपोर्ट फाउन्डेसन अफ अमेरिकाका अध्यक्ष डिल्ली अधिकारीले वरिष्ठ गीतकार शिवशंकर थापा र वरिष्ठ गायक कुबेर राईलाई नगदसहित सम्मानसमेत गरेका थिए।



आयोजकका अनुसार पूर्वी क्षेत्र अडिसनमा दुवै सोका लागि ११ सय ४३ प्रतिभाले नाम दर्ता गराएका छन्। संसारभरका नेपाली प्रतिभाबिच प्रतिस्पर्धा गराउने यी दुई रियालिटी सोहरूको लन्डन, पोर्चुगल,अस्ट्रेलिया, जापान, थाइल्यान्ड, हङकङ, दुबई, कतार, मुम्बई र सिलिगुडीका अडिसन सम्पन्न भइसकेका छन्। पोखरा र नेपालगन्जपछि १६ र १७ चैतमा काठमाडौंमा अडिसन हुने बताइएको छ। प्रथम हुनेले एक करोड, उपविजेताले २५ लाख र तृतीय हुनेले १० लाख रुपैयाँ प्राप्त गर्नेछन्।

नेपाल लाइफको सञ्चालकमा तीनजना निर्वाचित

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सको सञ्चालकमा तीनजना निर्वाचित भएका छन्। इन्स्योरेन्सको २५औँ वार्षिक साधारणसभाको निर्णयअनुसार सर्वसाधारण सेयरधनी (समूह ख)को सञ्चालकमा विमलप्रसाद ढकाल, कृष्णराज लामिछाने र शर्मिला श्रेष्ठ महर्जन निर्वाचित भएका हुन्। साथै, निर्वाचनपछि २ चैतमा बसेको कम्पनी सञ्चालक समिति बैठकमा नवनिर्वाचित सञ्चालक सदस्यले अध्यक्ष गोविन्दलाल संघईबाट पद तथा गोपनीयताको शपथग्रहणसमेत गरेका छन्।



दुगड ग्रुपका प्रबन्ध निर्देशक कुमुद भारतमा सम्मानित

काठमाडौं/ केएल दुगड ग्रुपका प्रबन्ध निर्देशक तथा नेपाल फ्लोर मिल्स एसोसिएसनका अध्यक्ष कुमुद दुगड भारतमा सम्मानित भएका छन्। रोलर मिल एसोसिएसन अफ इन्डियाले गोवा, भारतमा आयोजना गरेको 'द फ्युचर अफ मिलिङ भिजन-२०३० एन्ड बियोन्ड' सम्मेलनमा दुगडलाई सम्मान गरेको हो। भारतीय लोकसभाका सांसद प्रवीण खण्डेलवालसहित फेडेरेसन अफ रोलर्स फ्लोर मिल इन्डियाका केन्द्रीय अध्यक्षलगायतको उपस्थितिमा दुगडलाई सम्मान गरिएको हो।



प्रत्येक पाँच वर्षमा एकपटक आयोजन हुने कार्यक्रममा भारतका ६ सयभन्दा धेरै मैदा-आटा मिल कम्पनीको सहभागिता थियो। भारतले फ्लोर मिलमा कार्यरत प्राविधिकलाई तालिमको अवसर प्रदान गर्ने घोषणा पनि सम्मेलनमा भएको थियो।

हिमालयन ब्रोकरेज र आइटिसीबिच सम्झौता

काठमाडौं/ हिमालयन ब्रोकरेज कम्पनी र आइटिसी ब्युटिपार्लर ट्रेनिङ सेन्टरबिच छुट सम्झौता भएको छ। ब्रोकरसम्बन्धी कार्यलाई गाउँ-गाउँसम्म विस्तार गर्ने लक्ष्यसहित सम्झौता भएको हो। सम्झौतापत्रमा ब्रोकरका सहायक महाप्रबन्धक रामचन्द्र रिमाल र ब्युटी सेन्टरकी संस्थापक शोभा अर्यालले हस्ताक्षर गरेका छन्।

ब्युटिपार्लरबाट सेवा लिँदै आएका ग्राहकलाई हिमालयन ब्रोकरेजमा डिम्याट खाता खोल्दा ५० प्रतिशतसम्म छुट दिने सम्झौतापत्रमा उल्लेख छ।

त्यस्तै, हिमालयन ब्रोकरेजमा डिम्याट खाता खोलेका ग्राहकलाई ब्युटिसियनसम्बन्धी कोर्स तथा पार्लरसँग सम्बन्धित सेवामा ३० प्रतिशतसम्म छुट दिइने संस्थापक अर्यालले जानकारी दिइन्। हिमालयन ब्रोकरेजले सेयरसम्बन्धी सेवा गाउँ-गाउँमा विस्तार गर्ने लक्ष्य राखेको छ। साथै, यसैसँग सम्बन्धित विभिन्न कार्यक्रम गरी सेवा विस्तार गर्ने लक्ष्यअनुसार नै दुई संस्थाबिच सम्झौता भएको बताइएको छ।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने

LIC

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड

Life Insurance Corporation (Nepal) Ltd.

(A Joint Venture of Life Insurance Corporation of India)

रजिष्टर्ड कार्यालयः का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं।

टेलिफोन नं.: ०१-४०१२६१३, ४०१२६१४ फ्याक्सः ४०१२६१५

इमेलः liccorporate@licnepal.com.np | **वेभसाइटः** https://www.licnepal.com.np

हकप्रद शेयर सूचीकरण भएको सम्बन्धी सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको साविक शेयरधनीहरुका लागि १ शेयर बराबर ०.८८४५१६८ शेयरको अनुपातमा प्रति शेयर रु.१००/- अङ्कित दरको २,३४,६८,००० कित्ता हकप्रद शेयरहरु शेयरधनीहरुको हितग्राही खातामा जम्मा भई सकेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शेयर रजिष्ट्रारः

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड

Nepal SBI Merchant Banking Ltd.

लेखनाथमार्ग, ठमेल, काठमाडौं, फोन नं. ०१-४५१२७४३, ४५४१७८० वेवसाइटः https://nsmbl.com.np

---

बिमालेख हरायो

मिति २०८१/१०/०२ गते भक्तपुर गठ्ठाघरबाट काठमाडौं न्यूरोडसम्म जाँदा लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.बाट जारी भएको मेरो निम्न ब्यहोराको बीमाअभिलेख हराएको हुँदा पाउनुहने महानुभावले निम्न ठेगाना, सम्पर्क नम्बर अथवा नजिकैको प्रहरी चौकीमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

नाम : हरि प्रसाद कोइराला

बीमालेख नं. : 110022389

सम्पर्क नं. : 9841875992

एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०

हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

प्रकाशित मितिः २०८१/१२/०४

यस बैंकको निक्षेपकर्ता श्री शिव लाल रंजितको नातिनी, श्री मोति लाल रंजितको छोरी, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० बस्ने वर्ष ७२ को श्री चन्द्रा थापा (ना.प्र.प.नं. ६५०३ जारी मिति २०४५/०२/१४) मिति २०८१/१०/१४ गते निधन भएकोले मृतक चन्द्रा थापाको नाममा यस बैंकमा खोलिएको बचत खाताहरुमा रहेको रकम निजका एकाघरको छोरा विमोचन थापा मगरले मेरो बचत खातामा जम्मा गराई दिनुहोस् भनी मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम विमोचन थापा मगरको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

काठमाडौं महानगरपालिका

१४ नं. वडा कार्यालय

काठमाडौं, बागमती प्रदेश, नेपाल

कोठा खाली गर्ने सम्बन्धमा जारी भएको १०(दश) दिने सूचना

का.म.न.पा.-१४ वडा स्थित कुलेश्वर, गौरीशंकर मार्गमा बस्ने बाबा देवी श्रेष्ठको (ना.प्र.नं. : १२०२), घर नं. ३९६ (कित्ता नं. २८६ मा बनेको निजको घरको कोठा भाडामा बस्ने अर्जुन पाण्डेले (मोबाईल नं. ९८५१० ९७२८०) मिति २०८० साल चैत्रदेखि बहालमा बस्दै आएको तर विगत साउन महिनादेखि भाडा नदिइ पटक-पटक जानकारी गर्दासमेत बेवास्ता गर्नु भएकोले उक्तघर कोठा खाली गराईपाउँ भनी यस कार्यालयमा निवेदन दिएको हुँदा तपाईले उक्त कोठा खाली गर्नु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र लिखित जवाफ सहित उपस्थित हुनुहोला। अन्यथा, काठमाडौं महानगरपालिका घर बहाल निर्देशिका २०६९ को दफा २७(३) बमोजिम यसै कार्यालयबाट खालि गराईने व्यहोरा जानकारीको लागि प्रकाशित गरिएको छ।

मुद्दा नं.०८१-C१-०३६९, मुद्दा फाँट-८

श्री धनुषा जिल्ला अदालतबाट जारी भएको जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा. वार्ड नं.५ मा बस्ने किशुन साहको नाती सरजुग साहको छोरा अं.वर्ष ३३ को संतोष कुमार साहको नाउँमा २१(एकाईस) दिने म्याद सूचना

उप्रान्त जिल्ला धनुषा जनकपुरधाम वार्ड नं. ६ मा बस्ने महबुल कवारीको नाती उसमान कवारीको छोरा वर्ष ३८को एहसान कवारी समेत र प्रतिवादी जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा.वार्ड नं.५ बस्ने किशुन साहको नाती सरजुग साहको छोरा वर्ष ३३ वर्षको संतोष कुमार साह भएको लेनदेन मुद्दामा यस अदालतबाट जारी भएको म्याद वेपत्ते तामेल भई आएको हुदाँ भएको आदेशनुसार तपाईको नाउँमा यो सुचना प्रकासित गरिएको छ। तसर्थ बाटोको म्याद बाहेक यो सुचना प्रकासित भएको मितिले २१(एकाईस) दिन भित्र धनुषा जिल्ला अदालतमा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला। नआएमा कानुन बमोजिम हुनेछ। पछि तपाईको उजुर वजुर लाग्ने छैन। इति सम्बत २०८१ साल चैत महिना ३ गते रोज १ मा शुभम्...............।

अल्फा प्लस भेन्चर्स लिमिटेड

केन्द्रिय कार्यालयः का.म.न.पा.-१ नक्साल काठमाडौं

फोन नं.०१-५९१७५३८ Email:info@alphaplus.com.np

विशेष साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/११/२१

दोस्रो पटक प्रकाशित मितिः २०८१/१२/०४

आदरणीय शेयरधनी महानुभावहरु,

अल्फा प्लस भेन्चर्स लिमिटेडको मितिः२०८१/१०/२५ गते बसेको सञ्चालक समितिको ४१ औं बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन २०६३ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारण सभा हुने स्थान र मितिः

मितिः २०८१ चैत्र ०८ गते, शुक्रबार

समयः दिउँसोको १:०० बजे

स्थानः कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-०१, नक्साल, काठमाण्डौ।

छलफलका बिषयहरु तथा प्रस्तावहरु (एजेण्डा):

१. **साधारण प्रस्तावः**

क) कम्पनीको अधिकृत पूँजी तथा जारी पूँजी वृद्धी गर्ने सम्बन्धमा।

ख) कम्पनीको चुक्ता पूँजी वृद्धी गर्न १:१ को अनुपातमा हकप्रद्ध शेयर निष्काशन गर्ने सम्बन्धमा।

ग) विविध।

२. **विशेष प्रस्तावः**

क) कर्मचारी शेयर योजना पारित गर्ने र सो सम्बन्धी प्रावधान कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीमा उल्लेख गरी आवश्यक संसोधन गर्ने सम्बन्धमा।

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

नबिल बैंक लिमिटेड, मित्रपार्क शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/१२/०४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/१२/२१ को आर्थिक अभियान पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **मित्रपार्क शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

ऐन २०७४ बमोजिम काठमाडौं महानगरपालिका , नगर कार्यपालिकाको कार्यालय प्रदेश नं. ३, काठमाडौंमा, मिति २०७७/९/१३ प्रमान.पत्र नं. ३२१ अन्तर्गत दर्ता भएको **श्रीजना खाजा घर।**

ठेगाना : काठमाडौं जिल्ला काठमाडौं म.पा वडा नं ३१।

ऋणी फर्मका प्रोप्राइटरः

खड्ग बहादुर राईकी छोरी, जवरमान राईकी बुहारी, देव कुमार राईकी श्रीमती, खोटाङ जिल्ला लफ्याङ गा.वि.सं. वडा नं ०३, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, ना.प्र.नं. १२३०३७/१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. खोटाङ (जारी मितिः २०६३/१०/२१) भएकी **धन श्री राई।**

व्यक्तिगत जमानतकर्ताको विवरण

१. दिल बहादुर राईको नाती, जवर मान राईको छोरा, खोटाङ जिल्ला लफ्याङ गा.वि.सं. वडा नं ०२, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, नागरिकता नं. ४३२/३०३१, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: खोटाङ, मिति : बि.सं. २०४४/०७/१२ भएको **देव कुमार राई।**

२. जवर मान राईको नाती, देव कुमार राइको छोरा, खोटाङ जिल्ला दिक्तेल न.पा. वडा नं ११, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, नागरिकता नं. १२-०१-७३-०३८२६, नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.: खोटाङ, मिति : बि.सं. २०७३/०७/२५ भएको **निशचल राई।**

३. जवर मान राईकी नातिनी, देव कुमार राईकी छोरी, खोटाङ जिल्ला दिक्तेल न.पा. वडा नं ११, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, ना.प्र.नं. १२-०१-७६-०२८०७ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. खोटाङ (जारी मितिः २०६७/०७/१७) भएकी **सनिस्का राई।**

धितोको विवरण

खोटाङ जिल्ला लफ्याङ गा.वि.सं. वडा नं ०३, स्थायी घर भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा वडा नं ३१ बस्ने, **धन श्री राई** की नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ जिल्ला दुलारी न.पा वडा नं. ३ सिट नं ३ख मा अवस्थित कि.नं. २४७८ क्षेत्रफल ०-०-७-० बिघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **मित्रपार्क शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१२/१८ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **मित्रपार्क शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/१९ गते ३:०० बजे बैंकको **मित्रपार्क शाखा, काठमाडौं**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **मित्रपार्क शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ

NABIL BANK

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

नबिल बैंक लिमिटेड, भैरहवा शाखा, रुपन्देहीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति : २०८१/१२/०४)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०३/०६ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकका **भैरहवा शाखा, रुपन्देही**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

तपसिल

ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थनगर मिति २०७१/०७/१६ मा प्रा.फ.न.घ.उ.का. १०८७७/०७१/७२ अन्तर्गत दर्ता भएको **यादव कृषि फर्म।**

ठेगाना : रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५।

ऋणी फर्मका प्रोप्राइटरः

चौधरी अहिरको नाती, भगौती अहिरको छोरा, रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने ना.प्र.नं. ३७३०२१/३४ (जारी मितिः २०६३/११/१७, स्थान रुपन्देही) भएको **वलिराज यादव।**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. दशरथ अहिरकी छोरी, चौधरी अहिरकी बुहारी, भगौती अहिरकी श्रीमती, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने ना.प्र.नं. ३७१०२१/९७०० (जारी मितिः २०६६/१२/२४, स्थान रुपन्देही) भएकी **ज्ञानमती अहिर।**

२. चौधरी अहिरको नाती, भगौती अहिरको छोरा, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने ना.प्र.नं. ३७३०२१/४३ (जारी मितिः २०६३/११/१७, स्थान रुपन्देही) भएको **इन्द्रजीत यादव।**

३. चौधरी अहिरको नाती, भगौती अहिरको छोरा, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने ना.प्र.नं. ३७३०२१/३३ (जारी मितिः २०६३/११/१७, स्थान रुपन्देही) भएको **इन्द्रकमल यादव।**

४. चौधरी अहिरको नाती, भगौती अहिरको छोरा, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने ना.प्र.नं. ३७३०२१/३२ (जारी मितिः २०६३/११/१७, स्थान रुपन्देही) भएको **दिपक यादव।**

५. चौधरी अहिरको नाती, भगौती अहिरको छोरा, रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने ना.प्र.नं. ३७३०२१/३८ (जारी मितिः २०६३/११/१७, स्थान रुपन्देही भएको **बुद्धि सागर यादव।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरणः

रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ स्थायी घर भई हाल रुपन्देही जिल्ला ओमसतिया गा.पा. वडा नं ०४ बस्ने, **ज्ञानमती अहिर** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला बसन्तपुर गा.वि.स. वडा नं ०५ नक्सा सिट नं ५क मा अवस्थित कि.नं. क्रमश ५५९, ५२२, २५२ र ८३६ क्षेत्रफल क्रमश ०-२-१९-०, ०-१-१२-०, ०-३-८-० र ०-१-१३.५-० बिघा जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८१/१२/१८ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/१२/१९ गते ३:०० बजे बैंकको **भैरहवा शाखा, रुपन्देही**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं** वा **भैरहवा शाखा, रुपन्देही**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK

प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

‘द हन्ड्रेड बल’मा बिकेनन् ड्राफ्टमा परेका कुनै पनि पाकिस्तानी क्रिकेटर



बेलायतमा हुने ‘द हन्ड्रेड बल’को अक्सनमा ४५ पुरुष र पाँच महिला पाकिस्तानी खेलाडी ड्राफ्टमा थिए, तर सहभागी कुनै पनि टोलीले उनीहरूमाथि बोली लगाएनन्

एजेन्सी

बेलायतमा आयोजना हुने ‘द हन्ड्रेड बल’ क्रिकेट प्रतियोगिताको आइतबार भएको अक्सनमा पाकिस्तानी खेलाडी बिकेनन् । सय बलको प्रतियोगितामा ५० पाकिस्तानी खेलाडी ड्राफ्टमा समावेश थिए । ‘द हन्ड्रेड बल’मा सहभागी फ्रेन्चाइज टोली पाकिस्तानी खेलाडीलाई किन्न इच्छुक देखिएनन् । यस विषयले अन्तर्राष्ट्रिय जगत्मा सनसनी मच्चाएको छ । पछिल्लो समयमा एकदिवसीय र टी-२० फर्म्याटमा उत्कृष्ट प्रदर्शन गरिरहेका फास्टबलर नसिम साह, साहिन साह अफ्रिदी, सैम अयुब तथा सदाब खानजस्ता क्रिकेटरमाथि पनि कसैले बोली लगाएनन् ।

नसिम र सदाबले धेरै मूल्य पर्ने समूहको ड्राफ्टमा नाम राखेका थिए । उनीहरू एक लाख २० हजार पाउन्डको ड्राफ्टमा समावेश थिए । आयुब ७८ हजार पाउन्डको समूहमा थिए । पुरुष मात्र नभएर महिला पाकिस्तानी खेलाडी पनि ‘द हन्ड्रेड बल’मा विकेनन् । महिला खेलाडीमा अलिया रिआज, फातिमा साना, युरा अमिर, इमरान जाभेन तथा जवेरिया रौफजस्ता नाम चलेका खेलाडी थिए ।

पाकिस्तानी क्रिकेट बोर्ड (पिसिबी)ले आफ्ना खेलाडी प्रतियोगितामा बिक्री नहुनुलाई छिमेकी राष्ट्रको प्रभाव भएको जनाएको छ । भारतका कारण नै ‘द हन्ड्रेड बल’मा आफ्ना खेलाडीमाथि कसैले बोली नलगाएको आरोप पिसिबीले लगाएको छ । ‘ड्राफ्टमा पुरुष ४५ र महिलामा पाँच खेलाडी थिए, तर कसैले पनि उनीहरूलाई अनुबन्ध गर्ने चाहना देखाएनन्,’ पिसिबीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘पाकिस्तानी खेलाडीविरुद्ध नियतवश बोली नलगाएको देखिएको छ ।’

‘द हन्ड्रेड बल’का केही फ्रेन्चाइजमा भारतीय लगानी रहेको छ । इन्डियन प्रिमियर लिग (आइपिएल)मा समेत आबद्ध व्यक्तिले बेलायतमा हुने प्रतियोगितामा पनि लगानी गरेका छन् । मुम्बई इन्डियन्स, लखनउ सुपर जायन्ट, सनराइजर्स हैदराबाद तथा दिल्ली क्यापिटल्सका मालिकले ‘द हन्ड्रेड बल’मा लगानी गरेको एजेन्सीले जनाएको छ । मुम्बईले ओभल, लखनउले म्यानचेस्टर, हैदराबादले नर्थ सुपरचार्जस तथा दिल्लीले वेस्ट ब्रोभमा लगानी गरेका छन् ।

आइपिएल मालिकका ४९ देखि ७० प्रतिशत लगानी

अन्तर्राष्ट्रिय मिडियाहरूले पाकिस्तान खेलाडी अक्सनमा बिक्री नहुनुको पछाडि आइपिएलको प्रभाव भएको जनाएका छन् । ‘द हन्ड्रेड बल’मा आठमध्ये चार टोलीमा भारतीय व्यापारीको लगानी छ । उनीहरूले ४९ देखि ७० प्रतिशत सेयर किनेका छन् । त्यसैले उनीहरूले पाकिस्तानी खेलाडी टोलीमा भित्र्याउन चाहेनन् । मुम्बईले द ओभलको ४९ प्रतिशत सेयर किनेको छ । लखनउले म्यानचेस्टरमा ७० प्रतिशत लगानी गरेको छ ।

आइपिएल टोली हैदराबादका मालिकले नर्थ सुपरचार्जसमा शतप्रतिशत लगानी गरेका छन् । दिल्ली क्यापिटल्सले वेस्ट ब्रोभको ४९ प्रतिशत सेयर किनेको छ । भारतीय उद्योगपति सञ्जय गोविलले वेल्समा ५० प्रतिशत हिस्सा साझेदारी गरेका छन् । गत वर्षसम्म ‘द हन्ड्रेड बल’को सबै व्यवस्थापन इंग्ल्यान्ड तथा वेल्स क्रिकेट बोर्ड (इसिबी)को हातमा थियो । अहिले व्यवस्थापनको जिम्मेवारी आठ फ्रेन्चाइज टोलीले लिएका छन् ।

च्याम्पियन्स ट्रफीको प्रभाव

गत साता सम्पन्न आइसिसी च्याम्पियन्स ट्रफीमा आयोजक पाकिस्तान समूह चरणबाटै बाहिरिएको थियो । समूह ‘ए’मा खराब प्रदर्शन गरेपछि पाकिस्तानले दोस्रो चरणमा स्थान बनाउन सकेन । ब्याटिङ र बलिङमा खासै गतिलो प्रदर्शन भएन । यसको प्रभाव ‘द हन्ड्रेड बल’मा परेको एजेन्सीले जनाए । ‘सम्भवतः च्याम्पियन्स ट्रफीको नतिजाले पनि बेलायतमा भएको अक्सनमा असर देखियो,’ बेलायती एजेन्सीहरूले लेखेका छन्, ‘गत वर्ष पाकिस्तानी खेलाडीहरू नसिम साह र साहिन साह अफ्रिदी पनि बिकेका थिएनन् ।’ पाकिस्तानी खेलाडीले पिसिबीबाट अनुमतिपत्र समयमै नपाउँदा पनि ‘द हन्ड्रेड बल’मा उनीहरूको इन्ट्री ढिला भएको एजेन्सीको भनाइ छ । पिसिबीले २० खेलाडीलाई मात्र एनओसी पत्र दिएको थियो ।

आगामी अगस्ट र सेप्टेम्बरमा पाकिस्तानी क्रिकेटर अन्तर्राष्ट्रिय खेलमा व्यस्त हुनेछन् । अगस्टमा वेस्ट इन्डिजसँग तीन एकदिवसीय र तीन टी-२० खेलमा पाकिस्तान सहभागी हुनेछ । सेप्टेम्बरमा पाकिस्तानले अफगानिस्तानसँग एकदिवसीय खेल खेल्नेछ । यसपछि टी-२० एसिया कप सुरु हुनेछ । यसै तीन महत्त्वपूर्ण प्रतियोगितालाई मध्यनजर गरी पिसिबीले प्रमुख खेलाडीलाई एनओसी पत्र दिएको छैन ।

अक्सन सबैका लागि खुला

इसिबीका कार्यकारी प्रमुख रिचार्ड गाउडले ‘द हन्ड्रेड बल’को अक्सनमा खेलाडी अनुबन्ध गर्ने सबै अधिकार सहभागी फ्रेन्चाइज टोलीसँग रहेको बताएका छन् । नियतवश खेलाडी भित्र्याउने वा नभित्र्याउने अक्सनमा नभएको उनले बताए । ‘अक्सनमा कुन खेलाडी किन्ने वा कसलाई छाड्ने सबै अधिकार फ्रेन्चाइज टोलीसँग रहनेछ, उनीहरूले आवश्यकताअनुसार खेलाडी भित्र्याएका छन्,’ रिचार्डले भने, ‘एकजना पनि पाकिस्तानी खेलाडी बिक्री नभएको सन्दर्भमा प्रतिक्रिया दिन मिल्दैन ।’ उनले आइपिएलको उदाहरण प्रस्तुत गरेका छन् ।

‘आइपिएलमा २००९ देखि कुनै पनि पाकिस्तानी खेलाडी खेलेका छैनन्, जब सहभागी फ्रेन्चाइज टोलीले पाकिस्तानका खेलाडी भित्र्याउन चाहँदैन भने यसमा प्रतिक्रिया दिन मिल्दैन,’ उनले भने । रिचार्डले अर्को सिजनमा पाकिस्तानी खेलाडी बिक्री हुन सक्ने बताए ।

■ प्रधानमन्त्री कप

गण्डकी ३१ रनमै अलआउट

नयाँ पत्रिका



प्रधानमन्त्री कपमा गण्डकी अहिलेसम्मकै कम योगफलमा समेटिँदा कोशीका विपिन महतोले १७ रन दिएर ६ विकेट लिए

प्रधानमन्त्री (पिएम) कप क्रिकेट प्रतियोगितामा गण्डकी प्रदेश सबैभन्दा कम योगफलमा समेटिएको छ । सिद्धार्थनगरमा आइतबार भएको १९औँ खेलमा गण्डकी ३१ रनमै अलआउट भएको हो । प्रत्युत्तरमा कोशीले ८.२ ओभरमा एक विकेट गुमाएर प्रतियोगितामा पहिलो जित निकाल्यो । गण्डकीलाई सस्तैमा समेट्न कोशीका विपिन महतोले १७ रन दिएर ६ विकेट लिए । पाँच खेलमा चार हार र एक जित निकालेको कोशी सातौँ स्थानमा उक्लेको छ । हारसँगै गण्डकी २ अंकका साथ छैटौँ स्थानमा छ ।

गण्डकीको फितलो ब्याटिङ

प्रतिस्पर्धामा गण्डकीका कुनै पनि खेलाडीले उत्कृष्ट ब्याटिङ प्रदर्शन गर्न सकेनन् । टोलीका कुनै पनि खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । चार खेलाडी डकआउट भएका थिए । इनिङ्सको २.४, ओभर, २.६ ओभर, ३.२ ओभर र ३.३ ओभरमा गण्डकीले चार विकेट गुमाएको हो । गण्डकीले यी चारै विकेट १४ रनको योगफलमा गुमाएको हो ।

गण्डकीको कमजोर ब्याटिङ प्रदर्शनमा सुजन गौतमले सर्वाधिक ४७ बल सामना गरी ६ रन बटुलेका थिए । ओपनर अर्जुन कुमालले ८ बलमा दुई चौका प्रहार गरी ९ रन जोडे । कप्तान विपिन खत्रीले १४ बलमा १ रन बनाए । गण्डकीले सबै विकेट २०.४ ओभरमा गुमायो । बलिङमा विपिनले आठ ओभरमा तीन मेडन राखेका थिए । यसैगरी दीपेश कँडेलले २.४ ओभरमा एक मेडन र एक रन दिएर एक विकेट लिए ।

२५० बलअगाडि कोशीको जित

३२ रनको लक्ष्य पछ्याएको कोशीले आवश्यक रन ८.२ ओभरमा एक विकेट गुमाएर पूरा गऱ्यो । कोशीले २५० बलअगाडि नै जित निकालेको हो । कोशीका लागि चिराग साहले २२ बलमा १० रन बनाउन एक चौका प्रहार गरे । सकिब हकले २२ बलमा १६ रन बनाउन एक चौका लगाए । सोनु अन्सारीले ६ बलमा ४ रन बनाए । गण्डकीका लागि एक मात्र विकेट सुवास भण्डारीले लिए । उनले १.२ ओभरमा ५ रन खर्चेका थिए । उनले आफ्नो स्पेलमा एक मेडन फ्याँकेका थिए ।

एपिएफ तेस्रो स्थानमा उक्लियो

सिद्धार्थनगरमै भएको दिनको पहिलो खेलमा एपिएफले कर्णालीलाई पाँच विकेटले हराएको छ । पहिलो ब्याटिङ गरेको कर्णालीले ४७ ओभरमा सबै विकेट गुमाएर १८९ रन जोडेको थियो । प्रत्युत्तरमा एपिएफले ३९.२ ओभरमा पाँच विकेटको क्षतिमा १९३ रन जोड्यो । जितसँगै एपिएफ ६ अंकका साथ तेस्रो स्थानमा उक्लेको छ । एपिएफको जितमा दीपक बोहरालेे ६७ बलमा आठ चौका र चार छक्काको सहयोगमा सर्वाधिक ७० रनको योगदान दिए । सुमित महर्जनले ५३ बलमा ३४ रन बनाउन चार चौका र एक छक्का प्रहार गरे । दीपक र सुमितबिच छैटौँ विकेटका लागि १०९ बलमा १०७ रनको साझेदारी भएको थियो ।

पिएम कपको पाँच कम योगफल

कर्णाली	९१/१०	(२७.२ ओभर)
गण्डकी	९५/६	(२९.२ ओभर)
कर्णाली	१५५/१०	(४०.४ ओभर)
सुदूरपश्चिम	७६/१०	(२१ ओभर)
एपिएफ	१७४/१०	(४४ ओभर)
बागमती	७४/१०	(२८.२ ओभर)
लुम्बिनी	११५/१०	३२.४ ओभर)
बागमती	६७/१०	(२२.५ ओभर)
गण्डकी	३१/१०	(२०.४ ओभर)
कोशी	३२/१	(८.२ ओभर)

खेल संक्षेप

अपराजित गण्डकी सेमिफाइनलमा

कास्की/ प्रथम पोखरा कप राष्ट्रिय पुरुष ह्यान्डबल प्रतियोगितामा आयोजक गण्डकी सेमिफाइनलमा प्रवेश गरेको छ । पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्डहलमा आइतबार गण्डकीले लगातार दुई खेलमा जित निकाली अन्तिम चारको स्थान सुरक्षित गरेको हो । पहिलो खेलमा गण्डकीले सुदूरपश्चिमलाई ३५-१७ ले पराजित गरेको थियो । दोस्रो खेलमा एपिएफले लुम्बिनीलाई ३०-९ ले हरायो । तेस्रो खेलमा गण्डकीले कर्णालीलाई ४२-१६ को फराकिलो अन्तरले पाखा लगायो । गण्डकीका लागि प्रलेश गुरुङले १२ गोल गरेका थिए । चौथो खेलमा कोशीले सुदूरपश्चिमलाई २२-१९ ले हरायो । प्रतियोगिताको विजेताले एक लाख, उपविजेताले ५० हजार र तेस्रोले ३० हजार रुपैयाँ पाउनेछन्

विवेक र क्षितिज फाइनलमा

काठमाडौं/ नेपाल आर्मीका विवेक चौधरी र एपिएफका क्षितिज खनाल तेस्रो यलम्बर राष्ट्रव्यापी खुला ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकलको फाइनलमा प्रवेश गरेका छन् । आइतबार भएको स्पर्धामा विवेकले धादिङका सुजन थापालाई २-१ को सेटमा हराए । क्षितिजले एपिएफका भोजबहादुर गुरुङलाई २-० ले पाखा लगाए । महिला एकलमा नेपाल प्रहरीकी निता लम्साल र आर्मीकी अनुमाया राई फाइनलमा पुगेका छन् । नितालेे आर्मीकी सेस्ना सिर्पालीलाई २-० को सहज सेटमा हराइन् । अनुले स्पोर्टस् हबकी सीताकुमारी राईलाई २-१ को सेटमा निराश बनाइन् । यू-१७ पुरुष एकलमा आर्मीका सुविन श्रेष्ठले फिटनेस पार्कका अमन डंगोललाई २-० ले हराए ।

एपिएफलाई कबड्डी उपाधि

काठमाडौं/ एपिएफले २०औँ राष्ट्रिय महिला कबड्डी प्रतियोगिताको उपाधि जितेको छ । आइतबार भएको फाइनलमा एपिएफले नेपाल आर्मीलाई २८-२२ ले पराजित गऱ्यो । अखिल नेपाल कबड्डी संघको आयोजनामा भएको प्रतियोगितामा सुदूरपश्चिम प्रदेश र नेपाल प्रहरी संयुक्त रूपमा तेस्रो भएका छन् । एपिएफले दुई लाख, आर्मीले एक लाख र तेस्रो भएकाले जनही ५० हजार रुपैयाँ पाएका छन् । प्रतियोगितामा प्रहरीकी मानमती विष्ट उत्कृष्ट रेडर र एपिएफकी जयन्ती बडू उत्कृष्ट डिफेन्डर घोषित भए । तीन दिनसम्म चलेको प्रतियोगितामा सात प्रदेश र तीन विभागीयले भाग लिएका थिए ।

त्रिशूली अल्ट्रा २३ चैतमा

काठमाडौं/ नेपाल एडभेन्चर रनिङ महासंघको आयोजनामा त्रिशूली अल्ट्रा रेस २३ चैतमा हुने भएको छ । नुवाकोटको बेलकोटगढीबाट अल्ट्रा रेस हुने आयोजकले जनाएको छ । राष्ट्रिय खेलकुद परिषद् कार्यकारी समितिका पूर्वसदस्यसमेत रहेका एकेन्द्रबहादुर कुँवरले प्रतियोगितामा राष्ट्रिय, अन्तर्राष्ट्रिय र स्थानीय गरी तीन सय खेलाडीको सहभागिता रहने जानकारी दिए । पुरुष र महिलातर्फका विजेताले एक लाख र उपविजेताले ७५ हजार रुपैयाँ पाउनेछन् । यसैगरी तेस्रो हुनेले ५० हजार रुपैयाँ हात पार्नेछन् । रेस नुवकोटको बेलकोटगढीस्थित निरञ्जना भगवती मन्दिरबाट सुरु भएर देवीघाट बजारमा समाप्त हुनेछ ।

■ नेपाल चौथो स्थानमा



फाइल तस्बिर

युगान्डामा भएको चारदेशीय टी-२० आई क्रिकेट प्रतियोगितामा नेपाली राष्ट्रिय महिला टोली चौथो भएको छ । प्रतियोगिताअन्तर्गत आइबार नेपाल र हङकङबिच तेस्रो स्थानका लागि खेल भएको थियो । तर, वर्षाका कारण खेल रद्द भयो । डबल राउन्ड रोबिन लिगअनुसार चलेको टी-२० आईमा नेपाल ४ अंकसहित चौथो स्थानमा रह्यो । हङकङले ६ खेलबाट ६ अंक जोडेको छ । युगान्डा ८ अंकका साथ शीर्ष र नामिबिया दोस्रो भएको छ । सिरिजमा नेपालले युगान्डा र हङकङलाई हराएको थियो ।

एनओसीका गतिविधि गैरकानुनी : खेलकुदमन्त्री चौधरी

नयाँ पत्रिका

खेलकुद मन्त्रालयले नेपाल ओलम्पिक कमिटी (एनओसी)को नयाँ कार्यसमितिका सबै गतिविधि गैरकानुनी रहेको जनाएको छ । खेलकुदमन्त्री तेजुलाल चौधरीले आइतबार एनओसीको कार्यसमिति अवैधानिक रहेको र उनीहरूका गतिविधि गैरकानुनी रहेको बताएका हुन् । नयाँ कार्यसमिति चयनका लागि चुनाव नभएसम्म एनओसीले गर्ने सबै काम कानुनविपरीत हुने उनको भनाइ छ ।

‘अदालत र राज्यको निर्देशनविपरीत निर्वाचन गरेको एनओसीका सबै गतिविधि गैरकानुनी हो,’ मन्त्री चौधरीले भने, ‘जबसम्म अदालत र राज्यको निर्देशनअनुसार नयाँ निर्वाचन हुँदैन, त्यसवेलासम्म वर्तमान एनओसीले मान्यता पाउनेछैन ।’ खेलाडीलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्न जान राष्ट्रिय खेलकुद परिषद् र मन्त्रालयले सहजीकरण गर्ने उनले बताए ।

‘एनओसी अवैधानिक भए पनि खेलाडीको अन्तर्राष्ट्रिय खेलमा सहभागिता हुनेछ, यसमा मन्त्रालय र राखेपले सहजीकरणको भूमिका गर्नेछ,’ मन्त्री चौधरीले भने, ‘खेलाडीहरू निर्धक्क भएर बस्नुहोस् ।’ ओलम्पिकमा आबद्ध वैध संघका प्रतिनिधिमार्फत निर्वाचनको नयाँ प्रक्रिया अघि नबढाएसम्म कुनै गतिविधिले मान्यता नपाउने उनले बताए । दक्षिण एसियाली खेलकुद र एसियाली खेलकुदमा सहभागी हुन एनओसीविना नै नेपाली खेलाडी सहभागी हुने चौधरीले दाबी गरेका छन् ।

हालान्डले राखे प्रिमियर लिगमा रेकर्ड



इर्लिन हालान्डले इंग्लिस प्रिमियर लिगमा ९४ खेलमा सय गोलको बनाए कीर्तिमान

एजेन्सी

म्यानचेस्टर सिटीका स्ट्राइकर इर्लिङ हालान्डले इंग्लिस प्रिमियर लिगमा कम खेलमा सय गोल गर्ने कीर्तिमान बनाएका छन् । प्रिमियर लिगअन्तर्गत शनिबार राति म्यानचेस्टर सिटीले ब्राइटनलाई २-२ को बराबरीमा रोकेको थियो । प्रतिस्पर्धामा सिटीका हालान्डले पेनाल्टी गोल गरेका थिए । यही गोल नै उनको नाममा रेकर्ड बन्यो । उनले सय गोल संख्या कम खेलमा पूरा गरेको कीर्तिमान लेखाउन सफल भए । उनले केवल ९४ खेलमा कीर्तिमान बनाएका हुन् । यसअघि एलान सेरेररको नाममा सय खेलमा सय गोलको रेकर्ड थियो ।

सन् २०२२ मा हालान्ड जर्मन क्लब बोरुसिया डटमन्डबाट ५१.२ मिलियन पाउन्डमा सिटीसँग आबद्ध भएका थिए । उनको यो प्रिमियर लिगमा तेस्रो सिजन हो । प्रिमियर लिग इतिहासमा सर्जियो अगुएरो, थियरी हेनरी र जिमी फोर्डले चार सिजनमा सय गोल संख्या पुऱ्याएका थिए । यसैगरी ह्यारी केनले छैटौँ सिजनमा प्रिमियर लिगमा सय गोल संख्या पूरा गरेका थिए ।

इंग्लिस टोलीकै उत्कृष्ट स्ट्राइकरका रूपमा रहेका सेरेररले प्रिमियर लिगमा ब्ल्याकबनबाट सय गोल संख्या पुऱ्याएका थिए । सेरेररभन्दा हालान्डले ६ खेलअगाडि नै कीर्तिमान बनाए । सिटीका लागि समग्रमा हालान्डले ११९ खेलमा १३७ गोल संख्या पुऱ्याएका छन् । हालान्डकै उत्कृष्ट प्रदर्शनमा सिटीले युरोपियन फुटबलमा ट्रेबल उपाधि जितेको थियो ।

प्रिमियर लिगमा सय गोल गर्ने खेलाडी

खेलाडी	खेल
इर्लिन हालान्ड	९४
एलान सेरेरर	१००
एरिक कान्टोना	११६
मोहमद सलाह	११६
सर्जियो अगुएरो	११८
थिएरी हेनरी	१२१
जिमी फोर्ड	१२२
लेस फर्डिनान्ड	१२६
एन्ड्रयु कोल	१२७
म्याथ्यु ले	१२८
ह्यारी केन	१२८

उत्कृष्ट तीन सिजन

नर्वेका युवा स्ट्राइकर प्रिमियर लिगमा आबद्धयता उत्कृष्ट फर्ममा छन् । अघिल्लो दुई सिजनमा सिटीले प्रिमियर लिग उपाधि रक्षा गर्ने क्रममा उनकै योगदान सर्वाधिक रह्यो । पहिलो सिजनमा हालान्डले ३६ खेलमा ४४ गोल गरेका थिए । उनले त्यसवेला प्रिमियर लिगमा दुई हजार ७७६ मिनेट बिताएका थिए । यसैगरी, सन् २०२३/२४ को सिजनमा हालान्डले २७ खेलमा ३२ गोल विपक्षी पोस्टमा गरे ।

चालू सिजनमा उनले २१ खेलमा २४ गोल गरेका छन् । उनले दुई सिजनमै समग्रमा सिटीबाट ८० गोल संख्या पुऱ्याएका थिए । हालान्डले वेस्टह्यामविरुद्ध सर्वाधिक नौ गोल एकल प्रयासमै गरेका छन् । यसैगरी म्यानचेस्टर युनाइटेडविरुद्ध उनले ६ एकल प्रयास तथा तीन गोल असिस्टबाट गरेका थिए । उल्भ्स, क्रिस्टिल प्यालेस, चेल्सी, ब्राइटन, आर्सनल, टोटनह्याम तथा नटिंघम फरेस्टविरुद्ध उनले समान ६ गोल गरेका छन् ।

धेरै असिस्ट गोल

प्रिमियर लिगमा सय गोल संख्या पुऱ्याउँदा एरिक कान्टोनाले धेरै असिस्ट पाएका थिए । उनले ५८ गोल एकल प्रयास गरेका थिए । ४२ गोल साथीहरूको पासमा गरेका थिए । कान्टोनापछि म्याथ्युसले दोस्रो अस्टिस पाए । उनले ६२ गोल एकल गर्दा ३८ गोल असिस्टबाट निकालेका थिए । अगुएरो, लेस फर्डिनान्डले समान ७७ एकल गोल गर्दा २३ असिस्ट गोल गरेका थिए ।

जापानका स्ट्राइकर हारा लुम्बिनीबाट खेल्ने



नयाँ पत्रिका

बुटवल लुम्बिनीले १६ चैतदेखि हुने तेस्रो नेपाल सुपर लिग (एनएसएल) का लागि जापानिज स्ट्राइकर केन्ता हारालाई अनुबन्ध गरेको छ । बुटवल लुम्बिनीले आइतबार एनएसएलका लागि जापानिज खेलाडी अनुबन्ध गरेको जनाएको हो । बुटवल लुम्बिनीले चौथो विदेशी खेलाडीका रूपमा हारालाई भित्र्याएको हो । लुम्बिनीले नाइजेरियन मिडफिल्डर इजेकेल ओजिदिभ्का तमारा, इंग्लिस डिफेन्डर नाथन माभिला र स्कटल्यान्डका मिडफिल्डर फ्रयांक रोसलाई अनुबन्ध गरेको थियो ।

२८ वर्षीय हाराले जापानबाहेक हङकङ, इन्डोनेसिया, मलेसिया र जर्मनीको लिगमा खेलिसकेका छन् । उनले पछिल्लोपटक इन्डोनेसियाको लिग टु क्लब पिएसकेसी सिमाही र पर्सिपा पाटीबाट खेलेका थिए । हङकङको साउथ चाइना ‘ए’बाट उनले २२ खेलमा १५ गोल गरेका थिए । उनले क्लब फुटबलमा ६५ खेलमा २० गोल गरेको बुटवल लुम्बिनीले जनाएको छ । क्लबका म्यानेजर नवीन चित्रकारले हाराको आगमनले टिम बलियो हुने बताए । ‘हामीले अनुभवी र आक्रामक खेलाडी भित्र्याएका छौं, यसले टोली थप बलियो हुने आशा छ,’ चित्रकारले भने । बुटवल लुम्बिनीले यसपटक मार्की र प्रशिक्षक परिवर्तन गर्दै नयाँ टोली बनाएको छ । राष्ट्रिय टोलीका मिडफिल्डर मनीष डाँगीलाई नयाँ मार्की नियुक्त गरेको छ । बुटवल लुम्बिनीले भुटानी प्रशिक्षक पुष्पलाल शर्मालाई मुख्य प्रशिक्षक नियुक्त गरेको छ । गत सिजन मार्की र कप्तान मिडफिल्डर एरिक विष्ट थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com